# खोटाङ जिल्लाका उपन्यासकार र तिनका औपन्यासिक कृतिको अध्ययन

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र**

**सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको**

**स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको**

**प्रयोजनका लागि**

**प्रस्तुत**

## शोधपत्र


**शोधार्थी**

**यादेवी ढकाल**

**नेपाली केन्द्रीय विभाग**

**त्रिभुवन विश्वविद्यालय**

**कीर्तिपुर, काठमाडौँ**


**२०६५**


खोटाङ जिल्लाका उपन्यासकार र तिनका औपन्यासिक कृतिको अध्ययन यादेवी ढकाल २०६५

# सङ्क्षेपीकृतसूची

| | |
|---|---|
| अनेरास्ववियू | - अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन |
| ई. | - ईस्वी सम्बत् |
| एम्.ए. | -मास्टर अफ आर्टस् |
| क्र.सं. | - क्रम सङ्ख्या |
| गा.वि.स. | - गाउँ विकास समिति |
| जि.वि.स. | - जिल्ला विकास समिति |
| ते.सं. | - तेस्रो संस्करण |
| त्रि.वि. | - त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | - दोस्रो संस्करण |
| ने.क.पा.(एमाले) | -नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) |
| ने.क.पा.(माले) | - नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी लेनिनवादी) |
| ने.रा.शि.सं. | - नेपाल राष्ट्रिय शिक्षक सङ्गठन |
| पृ. | - पृष्ठ |
| बी.एल्. | - ब्याचरल अफ ल |
| वि.सं. | - विक्रम सम्वत् |
| मा.वि. | - माध्यमिक विद्यालय |
| सं. | -संस्करण |

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु उपप्रा.श्री नेत्रमणि सुवेदीका कुशल निर्देशनमा तयार पारेकी हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र अड्चनहरूसँग जुध्ने प्रेरणा दिँदै सही पथप्रदर्शन गराएर अघि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यावहारिक कार्यहरूलाई पन्छाएर कुशल र समुचित दिग्दर्शन गराउनु भएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता एवम् श्रद्धा व्यक्त गर्दछु ।

शोधपत्र तयार गर्ने कार्यमा आफ्नो अमूल्य समय दिएर उचित सुझाउ तथा सल्लाह दिई उत्प्रेरित गर्नुहुने विभागीय प्रमुख प्रा. राजेन्द्र सुवेदी, आदरणीय गुरु सुकुम शर्मा एवम् सम्पूर्ण गुरुवर्ग र प्रशासनिक कार्यमा सहयोग गर्ने नेपाली केन्द्रीय विभागका कर्मचारीहरूमा हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यसका साथै आवश्यक सल्लाह र सहयोग गर्ने खोटाङ जिल्लाका उपन्यासकारहरूप्रति कृतज्ञ छु ।

प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक सामग्री उपलब्ध गराइदिने त्रि.वि.केन्द्रीय पुस्तकालय, काठमाडौँ, दिक्तेल क्याम्पस पुस्तकालय, नेपाल प्रज्ञाप्रतिष्ठान पुस्तकालयप्रति हार्दिक आभार प्रकट गर्दछु । यसरी नै आर्थिक र व्यावहारिक समस्यासँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थामा ल्याइपुऱ्याउने पिता गङ्गाप्रसाद ढकाल र माता ज्ञानकुमारी ढकालप्रति म आजीवन ऋणी छु । मेरो अध्ययन र यस शोधकार्यमा बौद्धिक, आर्थिक तथा प्राविधिक सबैप्रकारले सहयोग गर्ने मेरा श्रीमान् धनप्रसाद सुवेदीप्रति म हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यसैगरी मेरो अध्ययनलाई सदैव प्रेरणा दिने बुबा देवीप्रसाद सुवेदी र आमा नन्दकुमारी सुवेदी, दिदीहरू सुशीला र सवीता, बहिनीहरू पवित्रा र जानुका, भाइहरू हरि, नारायण, महेश, चित्र, तुलसी र बाबुराम तथा छोराहरू पुजन, सुजन र युजनलगायत परिवारजनप्रति कृतज्ञ छु । प्रस्तुत शोधकार्यमा प्रत्यक्ष तथा परोक्षरूपमा सहयोग गर्नुहुने हेमन्तराज सुमन (लक्ष्मीदाश राजभण्डारी), मामा नगेन्द्रराज रेग्मी, दिक्तेल क्याम्पसका उपप्राध्यापक सुकराज राई र सहायक प्राध्यापक वेदीकुमार राई एवम् साथीहरू रेखा पवन र योगेन्द दाहाललगायत सबैमा हार्दिक आभार व्यक्त गर्दछु र शुद्धसँग टङ्कन गरिदिने नेचर कम्प्युटर सेन्टर, कीर्तिपुरका रमेश के.सी., नैना जी.सी. र एकेडेमिक कम्प्युटरप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा म यस शोधपत्रको मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष पेस गर्दछु ।

मितिः २०६५/१०/०९

....................

**(यादेवी ढकाल)**

नेपाली केन्द्रीय विभाग

२०६५

**त्रिभुवन विश्वविद्यालय**
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर

**मितिः २०६५/१०/१२**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागकी छात्रा श्रीमती यादेवी ढकालले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **खोटाङ जिल्लाका उपन्यासकार र तिनका औपन्यासिक कृतिको अध्ययन** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन-समिति**

| **क्र.सं.** | **नाम** | **हस्ताक्षर** |
|---|---|---|
| १. | **प्रा. राजेन्द्र सुवेदी**(विभागीय प्रमुख) | ............................ |
| २. | **सहप्रा.डा. पारशमणि भण्डारी** (बाह्य परीक्षक) | ............. |
| ३. | **उपप्रा. नेत्रमणि सुवेदी** (शोधनिर्देशक) | ............................ |

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, कीर्तिपुरको स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा यादेवी ढकालले **खोटाङ जिल्लाका उपन्यासकार र तिनका औपन्यासिक कृतिको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा परिश्रमपूर्वक तयार गर्नुभएको हो । म उहाँको यस शोधकार्यसँग सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०६५/ १०/ ०९

...........................

(**उपप्रा. नेत्रमणि सुवेदी**)

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

काठमाडौं ।

# परिच्छेद- एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **खोटाङ जिल्लाका उपन्यासकार र तिनका औपन्यासिक कृतिको अध्ययन** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहको नेपाली विषयको दसौँपत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषयपरिचय

खोटाङ जिल्लाको भौगोलिक सीमाभित्रका उपन्यासविधाका सर्जकहरू र तिनका औपन्यासिक कृतिको अध्ययन यस शोधको मूल विषय हो । खोटाङ जिल्लाका साहित्य सर्जकहरूले कविता, गीत, गजल, हाइकु, कथा, निबन्ध, उपन्यास आदि विधामा उल्लेख्य कृति प्रकाशित गरेका छन् । यस शोधकार्यमा उपन्यास विधाविशेषको अध्ययन गरिएको छ ।

नेपाली यथार्थवादी उपन्यास परम्पराका सशक्त प्रतिभा लैनसिंह बाङ्देलको पुर्ख्यौलीथलो समेत रहेको खोटाङ जिल्ला चन्द्र नेपाली जस्ता पुराना उपन्यासकारको पितृभूमि पनि हो । तेजप्रसाद उपाध्याय, विश्वगोपाल लम्साल, मोहन विरही, खेमराज खनाल 'खखेरा', रामकृष्ण राई, रामप्रसाद रेग्मी, रामकृष्ण बान्तवा, विष्णु आभूषण, शिवकुमार राई, धनप्रसाद सुवेदी 'श्रमिक', रत्न सुन्चेउरी, शालिक शातासक, प्रेम पाख्रिनलगायतका यस जिल्लाका उपन्यासकारका उपन्यासकृति प्रकाशित छन् । बालउपन्यासका स्रष्टा कल्पना प्रधानको जन्मथलो पनि खोटाङ नै हो । यसकारण खोटाङ

जिल्लाका उपन्यासकारहरूको अध्ययन हुन आवश्यक ठानेर यस विषयमा शोधकार्य गरिएको हो ।

यस शोधकार्यमा खोटाङ जिल्लाको ऐतिहासिक, भौगोलिक, सामाजिक, सांस्कृतिक तथा साहित्यिक स्थितिको सामान्य परिचय प्रस्तुत गर्दै खोटाङ जिल्लाका उपन्यासकारका प्रतिनिधि उपन्यासकृतिको अध्ययन गरिएको छ । यस कार्यले खोटाङ जिल्लाका उपन्यासकार र तिनका औपन्यासिक कृतिको सर्वेक्षण गर्दै ती कृतिको मूल प्रवृत्तिको निरूपण गरेको छ । यही नै यस शोधको सार हो ।

## १.४ समस्याकथन

नेपाली साहित्यमा खोटाङ जिल्लाले पुऱ्याएको योगदानका विषयमा यसअघि शोधकार्य भए पनि यस जिल्लाका उपन्यासकार र तिनका औपन्यासिक कृति विशेषमा भने यसअघि कुनै शोधकार्य हुन सकेको थिएन । यसर्थ खोटाङ जिल्लामा जन्मे, हुर्केका र यस जिल्लालाई कर्मथलो बनाएका उपन्यासकारहरू र तिनका उपन्यासहरूको अध्ययन गर्नु यस कार्यको मुख्य समस्या हो । यस शोधकार्यले निम्नलिखित समस्याहरूको निरूपण गरेको छ ।

(क) खोटाङ जिल्लाको साहित्यिक पृष्ठभूमि र परम्परा के कस्तो छ ?

(ख) खोटाङ जिल्लाका उपन्यासकार र तिनका औपन्यासिक कृति के-कति छन् ?

(ग) खोटाङ जिल्लाका उपन्यासकारका प्रतिनिधि औपन्यासिक कृति के कस्ता रहेका छन् ?

## १.५ शोधको उद्देश्य

यस शोधकार्यको सामान्य उद्देश्य खोटाङ जिल्लाको उपन्यास विधाको परम्परामा देखापरेका उपन्यासकार र तिनका औपन्यासिक कृतिको अध्ययन गर्नु हो । यस शोधकार्यका विशिष्ट उद्देश्य यसप्रकार छन्-

(क) खोटाङ जिल्लाको साहित्यिक पृष्ठभूमि र परम्परा पत्ता लगाउनु ।

(ख) खोटाङ जिल्लाका उपन्यासकार र तिनका औपन्यासिक कृतिको सर्वेक्षण गर्नु ।

(ग) खोटाङ जिल्लाका उपन्यासकारका प्रतिनिधि उपन्यासको अध्ययन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

खोटाङ जिल्लाका उपन्यासकार र तिनका औपन्यासिक कृतिका बारेमा यसअघि शोधपरक अध्ययन हुन सकेको छैन । केही पुस्तक तथा पत्रपत्रिकामा सामान्य चर्चा भएका कार्य नै यस विषयका पूर्वकार्य हुन् । यस्ता पूर्वकार्यलाई ऐतिहासिक रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

माधवप्रसाद भट्टराई र नगेन्द्रराज रेग्मी (२०५१ वैशाख) ले 'उपसना' पत्रिकाको तेस्रो अङ्कमा "खोटाङ जिल्लाको साहित्य : केही विवरण" शीर्षक लेखमार्फत् खोटाङ जिल्लाका साहित्यिक प्रतिभाहरूको चर्चा  गरेका छन् । यस क्रममा केही उपन्यासकारको नामसूची दिइएको छ ।

चक्रपाणि खनालले "नेपाली उपन्यासको क्षेत्रमा उठ्दो विरुवा 'अनायास'" शीर्षक लेख ( **झङ्कार,** २०५१) मा खोटाङे उपन्यासकार विष्णु 'आभूषण' को 'अनायास' उपन्यासका बारेमा चर्चा  गरेका छन् ।

रामविक्रम थापाले 'प्रतिभा' (अङ्क २, २०५३) मा "साहित्यिक सेरोफेरोमा खोटाङ" शीर्षक लेखमार्फत् खोटाङ जिल्लाका कवि, कथाकार, नाटककार, निबन्धकारहरूसमेतको सूची प्रस्तुत गर्ने क्रममा खोटाङ जिल्लाका उपन्यासकारहरूको सूची पनि दिएका छन् । यसमा खेमराज खनाल, विष्णु आभूषण, धनप्रसाद सुवेदी 'श्रमिक' र शिवकुमार राई र यिनका उपन्यास कृतिको नामसूची दिइएको छ ।

उनै रामविक्रम थापाले "सानो स्वार्थ भयङ्कर अपराधमाथि एक दृष्टि" शीर्षक समालोचना (**मिर्मिरे**, २०५४) मा धनप्रसाद सुवेदी 'श्रमिक'द्वारा लिखित "सानो स्वार्थ भयङ्कर अपराध" उपन्यासका बारेमा चर्चा गरेका छन् ।

नगेन्द्रराज रेग्मीले 'खोटाङ जिल्लाको साहित्यिक रूपरेखा' (२०५३) कृतिमा खोटाङको साहित्यिक सर्वेक्षण प्रस्तुत गर्ने क्रममा विश्वगोपाल लम्साल, खेमराज खनाल, मननराज पोखेल, विष्णु आभूषण, रामकृष्ण राई, शिवकुमार राई, धनप्रसाद सुवेदी 'श्रमिक' जस्ता उपन्यासकारको सामान्य परिचय र यिनीहरूका उपन्यासकृतिको नाम उल्लेख गरेका छन् ।

रेग्मीकै “खोटाङे साहित्य : विगत र वर्तमान” शीर्षक लेख (**खोटाङ** अङ्क ४, २०६३) मा खोटाङ जिल्लाका साहित्यकारहरू र तिनका कृतिको विवरण प्रस्तुत गर्ने क्रममा केही उपन्यासकार र तिनका कृतिको नाम उल्लेख गरिएको छ ।

धनप्रसाद सुवेदी ‘श्रमिक’ले ‘नेपाली उपन्यासमा आञ्चलिकता’ (२०५६) कृतिमा खोटाङका चन्द्र नेपालीको ‘बिहीबारे हाट’, शिवकुमार राईको ‘क्षितिज पारिमा’ र धनप्रसाद सुवेदी ‘श्रमिक’ को ‘सानो स्वार्थ भयङ्कर अपराध’ उपन्यासको सामान्य चर्चा गरेका छन् ।

सुवेदीकै अर्को लेख “खोटाङे साहित्यः सङ्क्षिप्त आकलन” (**समय,** वर्ष १, अङ्क १, २०५९) मा खोटाङ जिल्लाका विभिन्न विधाका स्रष्टाहरूको चर्चा गर्ने क्रममा उपन्यासविधाका स्रष्टाहरूको पनि चर्चा गरिएको छ । यसमा चन्द्र नेपाली, विश्वगोपाल लम्साल, खेमराज खनाल, विष्णु आभूषण, रामकृष्ण राई, शिवकुमार राई, धनप्रसाद सुवेदी ‘श्रमिक’ लगायतका उपन्यासकारहरूको नाम उल्लेख गरिएको छ ।

वेदीकुमार राईले ‘नेपाली साहित्यमा खोटाङ जिल्लाको योगदान’ (२०६०) शीर्षक स्नातकोत्तर शोधपत्रमा खोटाङ जिल्लाको साहित्यिक सर्वेक्षणका क्रममा खोटाङ जिल्लाका केही उपन्यासकार र तिनका कृतिको नाम उल्लेख छ । यस शोधकार्यमा विष्णु आभूषणको ‘अनायास’, धनप्रसाद सुवेदी ‘श्रमिक’ को ‘सानो स्वार्थ भयङ्कर अपराध’, शिवकुमार राईको ‘क्षितिज पारिमा’, कल्पना प्रधानको ‘पराक्रमी फर्सी’ र तेजप्रसाद उपाध्यायको ‘आकासिइदै गयो आकाश’ उपन्यासको सामान्य चर्चा गरिएको छ तर समग्र रूपमा खोटाङ जिल्लाका उपन्यासकार र तिनका उपन्यासकृतिको सर्वेक्षण र तिनका प्रतिनिधि उपन्यासकृतिको अध्ययन गरी मूल्य निरूपण गर्ने काम भने यस शोधकार्यमा पनि हुन सकेको छैन ।

यसरी हेर्दा खोटाङ जिल्लाका उपन्यासकार र तिनका औपन्यासिक कृतिका बारेमा सामान्य चर्चा मात्र भएको र यस बारेमा विस्तृत र शोधमूलक अध्ययन हुन नसकेको हुँदा यसको शोधमूलक अध्ययन गर्न आवश्यक ठानी यो शोधकार्य गरिएको हो ।

### १.७ शोधकार्यको औचित्य, उपयोगिता र महत्व

खोटाङ जिल्लाका उपन्यासकार र तिनका औपन्यासिक कृतिका बारेमा यसअघि शोधमूलक अध्ययन हुन नसकेकामा यस कार्यले त्यो अभावको पूर्ति गरेकाले यसको

औचित्य रहेको छ । यस कार्यले ओझेलमा परेका खोटाङ जिल्लाका एक दर्जन भन्दा बढी उपन्यासकार र तिनका कृतिको तथ्यपूर्ण जानकारी गराएको छ । खोटाङको क्षेत्रीयताभित्र लुकेर रहेका प्रतिभा र तिनका कृतिलाई नेपाली साहित्यिक जगत्मा उजागर गरेर यस कार्यले उपयोगी र महत्वपूर्ण काम गरेको छ । यसर्थ यस कार्यको औचित्य, उपयोगिता र महत्व रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

यस शोधकार्यमा नेपालको पूर्वाञ्चल विकास क्षेत्रअन्तर्गत रहेको सगरमाथा अञ्चलका छ वटा जिल्लामध्येको एउटा जिल्ला खोटाङमा जन्मिएका, हुर्किएका वा खोटाङ जिल्लालाई कर्मथलो बनाएका र मातापिता तथा पतिका नामबाट खोटाङे भनी चिनाउन सकिने उपन्यासकार र तिनका नेपाली भाषाका प्रकाशित उपन्यास कृतिको सर्वेक्षण गर्ने र यस्ता उपन्यासमध्ये प्रमुख उपन्यासको विश्लेषण गर्ने काम भएको छ । यसमा उपन्यास कृतिको नामसूची प्राप्त भएर पनि शोधकर्ताले निरन्तर प्रयास गर्दा पनि प्राप्त गर्न नसकेका केही कृति छुटेका छन् । यही नै यस कार्यको सीमा हो ।

## १.९ शोधविधि

यस शोधकार्यमा पुस्तकालयबाट सामग्री सङ्कलन गरिएको छ । स्थलगतअध्ययन, टेलिफोन वार्ता र छलफलबाट पनि कतिपय सामग्रीको सङ्कलन गरिएको छ । प्राप्त सामग्रीलाई मूलतः  विश्लेषणात्मक पद्धतिबाट खोटाङ जिल्लाका उपन्यासकार र तिनका औपन्यासिक कृतिको अध्ययन गरिएको छ । यसमा सर्वेक्षण कार्य ऐतिहासिक पद्धतिमा र उपन्यासहरूको अध्ययन आवश्यकताअनुसार तुलनात्मक, वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको अवलम्बनबाट  गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नानुसार ढाँचामा प्रस्तुत गरिएको छ ।

पहिलो परिच्छेद - शोधपरिचय

दोस्रो परिच्छेद - खोटाङ जिल्लाको साहित्यिक पृष्ठभूमि र परम्परा

तेस्रो परिच्छेद - खोटाङ जिल्लाका उपन्यासकारहरूको सङक्षिप्त परिचय

चौथो परिच्छेद - खोटाङ जिल्लाका प्रतिनिधि उपन्यास कृतिको अध्ययन

पाँचौ परिच्छेद - उपसंहार र निष्कर्ष

यी परिच्छेदहरूलाई विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ ।

# परिच्छेद- दुई

# खोटाङ जिल्लाको साहित्यिक पृष्ठभूमि र परम्परा

## २.१ खोटाङ जिल्लाको सङ्क्षिप्त परिचय

### २.१.१ परिचय

खोटाङ जिल्ला नेपालको पूर्वाञ्चल विकास क्षेत्रअन्तर्गत सगरमाथा अञ्चलका ६ वटा जिल्लामध्येको एउटा जिल्ला हो । माझकिरातका रूपमा परिचित यो जिल्ला यातायातको दृष्टिले ज्यादै दुर्गम पहाडी जिल्ला हो । पूर्वाधार  विकासको दृष्टिले पनि खोटाङ पछाडि परेको छ (आचार्य,२०६३ :१) । खोटाङ जिल्ला प्राकृतिक सौन्दर्यका दृष्टिले भने धनी छ । यस जिल्लामा रूपाकोट, ट्याक्के, नुनथला, साप्सुढाप, हलेसी, वराहपोखरी, धिप्लुङझरना, ढाँडेछाँगोजस्ता ठाउँहरू प्राकृतिक सौन्दर्यका लागि प्रसिद्ध छन् (राई, २०६०: ६)। विश्वमानचित्रमा हेर्दा यो जिल्ला २६$^{०}$५०' उत्तरी अक्षांशदेखि २७$^{०}$२८' उत्तरसम्म र ८६$^{०}$२६' पूर्वी देशान्तरदेखि ८६$^{०}$५९' पूर्वसम्म फैलिएको छ । समुद्र सतहबाट करिब १५२ मिटरदेखि ३६२० मिटरसम्मको उचाइमा अवस्थित यस जिल्लाको क्षेत्रफल १५९१ वर्ग किलोमिटर या १,५४,०२०२० हेक्टर रहेको छ  (आचार्य,२०६३ : २-३) । यस जिल्लाको पूर्वमा भोजपुर, दक्षिणमा  उदयपुर, पश्चिममा ओखलढुङ्गा र उत्तरमा सोलुखुम्बु जिल्ला पर्दछन् । जिल्लाको सदरमुकाम दिक्तेल हो  (आचार्य,२०६३ : २-३)  ।

### २.१.२  नामकरण

खोटाङ जिल्लाको नामकरण बारेमा विभिन्न मत छन् । पहिले यो भूभाग 'खोटे' नामका किराती राजाद्वारा शासित भएकाले उनैको नामबाट अपभ्रंश भई 'खोटाङकोट' का नाममा यो जिल्लाको नामकरण भएको हो भन्ने एउटा भनाइ प्रचलित छ (आचार्य,२०६३ : २-३) । अर्को भनाइअनुसार चाम्लिङ राईहरूको भाषामा 'खात' को अर्थ गयो र 'हाङ्ग' को अर्थ 'राजा' भन्ने हुन्छ । पृथ्वीनारायण शाहको राज्यविस्तार अभियानसँगै यहाँका 'हाङ्ग' अर्थात् राजा पराजित भएर गएका हुँदा यहाँका चाम्लिङ राईले 'राजा गए' भन्ने अर्थमा 'खाताहाङ्ग' भन्न थाले र यसैको अपभ्रंश भई 'खोटाङ' भएको हो (राई,२०५४: २) । नामकरण सम्बन्धमा रहेका यस्ता भनाइहरूमध्ये 'खोटे' नामका राजा (चाम्लिङ भाषामा

'हाङ्ग') ले शासित भूभाग भएकाले 'खोटेहाङ्ग'बाट अपभ्रंश भई 'खोटाङ' नाम रहन गएको भन्ने भनाइ बढी सान्दर्भिक छ ।

### २.१.३ ऐतिहासिक पृष्ठभूमि

अहिलेको खोटाङ जिल्लाको सीमाङ्कन २०१९ सालको संविधानको घोषणापछि बनेको हो (आचार्य,२०६३ : १) । यो क्षेत्र परापूर्वकालदेखि किरातीवंशका राजाहरूद्वारा शासित थियो । किरातीहरूको बाहुल्य भएकाले दुधकोशीपूर्व अरुणसम्मको भूभागलाई माझकिरात भनिन्थ्यो, आज पनि भनिन्छ (राई, २०६३: १) । काठमाडौंबाट लिच्छविहरूद्वारा पराजित भएपछि पूर्वतर्फ लागेका किरातीहरूले तामाकोशी र अरुण नदीको बीचमा स-साना राज्य स्थापना गरी राज्य सञ्चालन गरेका थिए । तर उनीहरू लिच्छवि प्रशासनकै मातहतमा राज्य चलाउँथे (राई, सर्वधन, २०६३: १११) । पछि यस क्षेत्रमा सेनवंशका राजाहरूले शासन गरे । पृथ्वीनारायण शाहको राज्यविस्तार अभियानसँगै तामाकोशी क्षेत्रमा बलिङहाङ र उलिहाङ तथा भोजपुर क्षेत्रका कर्णसेन र मन्त्री अगमसिं राई युद्धमा पराजय भएपछि वि.सं. १८२९ सालमा यो क्षेत्र अहिलेको नेपालमा गाभिएको हो (राई, सर्वधन, २०६३:१११) ।

राणाकालमा मझुवाथुम, आमचोकथुम, खोटाङथुम, छुलुवारथुम, सावाथुम, दिप्लुङथुम, चुइचुम्बाथुमको मुद्दामामिला खोटाङबजारमा स्थापना भएको इलाका अदालतले हेर्दथ्यो (आचार्य, २०६३ : १) । यसबेला प्रशासकीय र विकासप्रशासन भने साप्सुखोलापूर्वको पूर्व ४ नं. गोश्वारा भोजपुर र साप्सुपश्चिम मझुवालगायतको पूर्व ३ नं. ओखलढुङ्गाबाट चल्दथ्यो । पछि मझुवा, खाम्तेल, हलेसी र रावाथुमको न्यायप्रशासन ऐँसेलुखर्क इलाका अदालतले हेर्न थाल्यो (आचार्य, २०६३ : १) । पञ्चायती संविधान लागू भएपछि खोटाङले हेर्ने आम्चोक र सिक्तेलथुम भोजपुरले र रावापारिको क्षेत्र सोलुले हेर्ने गरी बाँकी क्षेत्रलाई खोटाङ जिल्ला बनाइयो । खोटाङ बजारमा रहेको जिल्ला पञ्चायतलगायतका कार्यालय २०२० सालमा दिक्तेलमा सारियो । पछि वि.सं.२०३२ सालमा भोजपुर जिल्लाका बोपुङ्ग, भन्ज्याङखर्क, काहुले तथा सोलुका बाकाचोल, पारा, जलेश्वरी, महेश्वरी, धारापानी, डुमे, दुबे, माक्पा, बाङदेल, राखाबादेल, ऐँसेलुखर्क, दिप्सुङ लगायतका पन्ध्रवटा पञ्चायत खोटाङमा गाभिन गई हालको क्षेत्र र सिमाना कायम हुन गयो ( (आचार्य, २०६३ : १) ।

## २.१.४ भौगोलिक तथा प्राकृतिक परिचय

नेपालको पूर्वीभेगको 'माझकिरात' वा 'खुम्बुवान'का नामले प्रचलित खोटाङ जिल्ला पहाडी जिल्ला हो (रेग्मी, २०५३ :१) । यस जिल्लाको बनोट एकनास छैन । यस जिल्लाको भौगोलिक स्वरूप पहाड, भिर, खोंच, बेँसी, टार, पहाडी शृङ्खला आदि पर्दछन । यस जिल्लाका मेरुङ्ग, ट्याम्केजस्ता पहाडी शृङ्खलाहरू रहेका छन् भने साप्सु, रावा, सावा, सुनकोशी, दुधकोशी र अन्य नदीनालाले बनाएका सानाठूला बेसीहरू पनि छन् । मैदानी इलाका कम भए पनि कृषि तथा पशुपालनका लागि यो जिल्ला उपयुक्त छ (आचार्य, २०६३ : २) ।

खोटाङ जिल्लाको कुल क्षेत्रफल १५९१ वर्ग किलोमिटरमध्ये ६४,८४२.४० हेक्टर जमिन कृषियोग्य छ । यसमध्ये करिब १०,०४०.५० हेक्टर जमिनमात्र सिंचित रहेको आँकडा पाइन्छ (आचार्य, २०६३ : २) । यस जिल्लाको औसत तापक्रम न्यूनतम ५$^{0}$से. देखि अधिकता ३०$^{0}$ से. सम्म रहेको पाइन्छ (आचार्य, २०६३: ६) । यस जिल्लाको पश्चिम-उत्तर सिमानामा दुधकोशी, दक्षिणी सिमानामा सुनकोशी र अन्य प्रमुख नदीहरूमा रावाखोला, सावाखोला, साप्सुखोला, मेवाखोला, टुवाखोला, तापखोला, बुवाखोला, छेपेखोला, दिखुमखोला, बेलियाखोला, मखुवाखोला, लप्सेखोला, दिखुवाखोला, लैकुखोला, काभ्रेखोला आदि नदीनालाहरू छन् (आचार्य, २०६३ : ७) ।

खोटाङ जिल्ला वनसम्पदाका दृष्टिले पनि धनी छ । यस जिल्लामा जम्मा ८०,९२९ हेक्टर राष्ट्रिय वनक्षेत्र रहेको छ ((आचार्य, २०६३ : ८१) । यस जिल्लामा उष्ण, समशीतोष्ण देखि शीतोष्ण प्रकारको हावापानी पाइने हुनाले यस जिल्लामा साल, अस्ना, सिसौ, खयल, सिमल, खोटेसल्लादेखि लिएर चिलाउने, कटुस, उत्तिस र उच्च पहाडी भेगमा गुराँस, गोब्रेसल्ला, धुपीसल्ला, लोडसल्ला आदिको वन पाइन्छ । यस जिल्लामा बाघ, भालु, चितुवा, घोरल, बनेल, मृग, दुम्सी, बाँदर, स्याल आदि वन्यजन्तु र डाँफे, मुनाल, तित्रा, कालिज, कोइली, आदि थुप्रै जातका चराहरू पाइन्छन् । खोटाङ जिल्लामा तामा, फलाम, अभ्रख आदि खनिज पदार्थको सम्भाव्यता बताइन्छ । यस जिल्लाको हलेसी क्षेत्रमा प्रशस्त मात्रामा चुनढुङ्गा पाइन्छ । धारापानी र लडगुरखोला क्षेत्रमा तामाखानी फेला परेको छ ( आचार्य, २०६३ : ३५) ।

### २.१.५ जनसङ्ख्या, भाषा, धर्म, संस्कृति

राष्ट्रिय जनगणना २०५८ अनुसार (पपुलेसन सेन्सस् २००१, २०६३:२८) खोटाङ जिल्लाको जनसंख्या २,३१,२८५ रहेको छ । जसमध्ये पुरुष १,१२,८२१(४८.७६प्रतिशत), र महिला १,१८,५६४(५१.२४प्रतिशत) रहेका छन । यस जिल्लामा नेपाली- १२९८४२ (५६.१२प्रतिशत), चाम्लिङ-२९३२३ (१२.६७ प्रतिशत), बान्तवा-१७७२९ (७.७१ प्रतिशत), तामाङ-७८३३ (३.३९ प्रतिशत), मगर- ७८२८ (३.३८ प्रतिशत), साम्पाङ-७४५० (३.२२ प्रतिशत), दुमी-४९६४(२.१५ प्रतिशत),पुमा-३७६२(१.६२ प्रतिशत), थुलुङ- ३४९७ (१.५१प्रतिशत), नेवार-३९७४(१.७२ प्रतिशत), उँबुले-३१४२ (१.३५ प्रतिशत), कोई- २४०९ (१.०४ प्रतिशत), नाछिरिङ-१८२८), सेर्पा -१५१३, खालिङ -७१०, गुरुङ-५७१, सुनुवार-६९२, माझी-४७२, बाहिङ-३४३, तिलुङ-२३६), हायु- २३१ र यसबाहेक लिम्बु, भुजेल, र रोजगारीका सिलसिलामा तराईका भोजपुरी, हिन्दी, उर्दू, अवधी आदि भाषा बोल्ने मानिसहरू बसोबास गर्दछन् ( पपुलेसन सेन्सस् २००१, २०६३:१६८) । खोटाङ जिल्लामा हिन्दू- १४००९० (६०.५४ प्रतिशत), बौद्ध- १३१९४(५.७० प्रतिशत), किरात-७५४४९ (३२.६१ प्रतिशत), क्रिश्चियन- २०८३ (०.९० प्रतिशत) र यसबाहेक इस्लाम, जैन, सिखलगायतका धर्मावलम्बी मानिसहरू बस्दछन् (पपुलेसन सेन्सस् २००१, २०६३ : २४२ ) । यस जिल्लामा क्षेत्रीबाहुनहरू हिन्दू संस्कृतिअनुसारका संस्कारहरू, दसैं, तिहार, देवालीजस्ता चाडपर्व मनाउँछन् । किरातीहरू किराती संस्कृतिअनुसारका संस्कार चाडपर्वहरू मनाउँछन् । किरातीको मुख्य चाड साकेला हो (सुवेदी,२०६५:४) । यसका अतिरिक्त सेर्पा, तामाङहरू बौद्धसंस्कृतिअनुसार आफ्ना संस्कारहरू गर्छन भने नेवार, मगर, भुजेल, लिम्बू, गुरुङ, सुनुवार आदिको आफ्ना संस्कृति छन ( राई, २०६० : ९) ।

खोटाङ जिल्लामा साकेला, भोटेसेलो, मारुनी, लाखे, देवालीजस्ता पर्व र यी पर्वअनुसार नाचगान पनि हुनेगर्दछ । यस जिल्लामा हलेसी, वराहपोखरी, रबुवाधाम, साप्सुढाप, कालिका भगवती दिक्तेलगायतका ठाउँमा माघेसङ्क्रान्ति, साउनेसङ्क्रान्ति, ऋषिपञ्चमी, बालाचर्तुदशी, रामनवमी, कात्तिके पूर्णिमा, तीज, दशैंतिहार आदिमा मेलाजात्रा हुनेगर्दछ (राई, २०६० : १२) ।

## २.१.६ शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार

खोटाङ खार्पाका पोखरेलहरू पृथ्वीनारायण शाहकै पालादेखि राजदरबारका कर्मचारीहरू भएको देखिन्छ । खोटाङ जिल्लाको छुट्टै अस्तित्व नरहँदै वि.सं. १९९१ मा खार्पामा भाषा पाठशाला खोलियो । यसताका भोजपुर दिङ्लामा बालागुरु षडानन्दले खोलको स्कुल र भारतका विभिन्न ठाउँमा गएर शिक्षा लिने चलन केहीमात्रामा थियो । राणाशासनको अन्त्यपछि जिल्लाका विभिन्न ठाउँमा विद्यालयहरू खुले । खोटाङ जिल्लाको पहिलो हाइस्कुल बुइपाको चम्पावती मा.वि. बुइपा हो । यो स्कुलले २०१९ साल बैशाखमा मा.वि. को स्वीकृति लियो (राई, २०६०:१३) । खोटाङ जिल्लामा त्रिभुवन विश्वविद्यालयअर्न्तगत दिक्तेल बहुमुखी क्याम्पस, सिम्पानी क्याम्पस र रावा क्याम्पस खार्पा गरी ३ वटा स्नातकसम्म अध्ययन हुने क्याम्पस छन् । यस जिल्लामा हाल १५ वटा उच्च मा.वि., ५८ वटा मा.वि., ५७ निमावि, ३४४ वटा प्रा.वि. र ११४ वटा बालविकास केन्द्र छन । खोटाङ जिल्लामा एकवटा जिल्ला अस्पताल, दुईवटा प्राथमिक स्वास्थ्य केन्द्र, आठवटा स्वास्थ्य चौकी र पैसट्ठीवटा गा.वि.स.स्तरीय उपस्वास्थ्य चौकी छन् ( आचार्य,२०६३ :६१) ।

यस जिल्लामा हालसम्म नियमित सडक यातायात छैन । गाईघाट- दिक्तेल सडक आयोजना निर्माणाधीन छ । सदरमुकाम दिक्तेलदेखि लामिडाँडासम्मको कच्ची बाटोमा हेलिकोप्टरबाट बोकेर लगेका गाडीहरू चलाउन लागिएको छ । हाल धनकुटा-हिले-लेगुवा-भोजपुर हुँदै दिक्तेलसम्म कच्चीबाटो तयार भएको छ भने कटारी-घुर्मी-दिक्तेलको बाटो पनि निर्माणाधीन छ । खोटाङ जिल्लाको सदरमुकाम दिक्तेलबाट आठ कोष पश्चिममा अवस्थित लामीडाँडा विमानस्थलमा काठमाडौं र विराटनगरबाट उडानसेवा सञ्चालनमा छन् । जिल्लाको पुरानो सदरमुकाम खोटाङबजार नजिकै बडकादियाले गाविसमा रहेको थामखर्क विमानस्थलमा कहिलेकाहीँ उडान हुने गरेको छ, सदरमुकाम दिक्तेल नजिकै खाल्ले गाविसमा रहेको खानीडाँडा विमानस्थलमा परीक्षण उडान भइसकेको छ ।

खोटाङ जिल्ला सदमुकाममा ‘रूपाकोट सामुदायिक रेडियो’ सञ्चालनमा छ भने ‘हलेसी रेडियो’ प्रशारणको तयारीमा छ । यस जिल्लाबाट केही साप्ताहिक, पाक्षिक तथा मासिक पत्रिकाहरू प्रकाशित हुने गरेका छन् । यस जिल्लामा हुलाक सेवा, प्राइभेट कुरियर सेवा, टेलिफोन सेवा, फ्याक्स सेवा, इमेल तथा इन्टरनेट सेवा सञ्चालनमा छन् । यस्तो सुविधा जिल्ला सदरमुकाममा केन्द्रित छ । हुलाक र टेलिफोन सेवा बाहेकका अन्य सेवा

गाउँगाउँसम्म विस्तार हुन सकेका छैनन् । खोटाङ जिल्लामा **मध्यान्तर** (पाक्षिक), **नवसंवाद** (पाक्षिक), **नौलोविचार** (साप्ताहिक), **हाम्रोभावना** (साप्ताहिक), **दिक्तेलबजार**(पाक्षिक), **होस्टेमा हैंसे** (पाक्षिक), **खोटाङ पोस्ट** (पाक्षिक), **रूपाकोट** (मासिक), **नौलो नवज्योति**(मासिक) जस्ता पत्रिका दर्ता भई प्रकाशनमा रहेका छन् । यी पत्रिका नियमित हुन भने सकेका छैनन् ।

### २.१.७ राजनीतिक अवस्था

खोटाङ जिल्ला दुई निर्वाचन क्षेत्र, १२ इलाका र ७६ वटा गा.वि.स.मा विभाजित छ । यस जिल्लामा हाल नेकपा (माओवादी), नेपाली कांग्रेस, नेकपा (एमाले), जनमोर्चा नेपाल, नेकपा(माले), नेकपा (एकीकृत), राप्रपा, राप्रपा नेपाल, जनशक्ति पार्टी, जनमुक्ति पार्टीजस्ता पार्टीहरू अस्तित्वमा छन । संविधानसभा निर्वाचन २०६४ मा जिल्लाका दुवै निर्वाचन क्षेत्रबाट नेकपा (माओवादी)का प्रत्यासीहरू क्रमशः क्षेत्र नं. १ बाट रामकुमार राई र क्षेत्र नं. २ बाट समीता कार्की निर्वाचित छन् । यस निर्वाचनमा समानुपातिकतर्फ नेकपा (माओवादी)बाट हरि रोका, नेपाली कांग्रेसबाट हीरा गुरुङ, नेकपा (एमाले)बाट उषाकला राई, जनमोर्चा नेपालबाट दुर्गाजयन्ती राई र जनशक्ति पार्टीबाट अजुर्न राई मनोनीत छन् ।

## २.२ खोटाङ जिल्लाको साहित्यिक पृष्ठभूमि र वातावरण

### २.२.१ लोकसाहित्य

खोटाङ जिल्लाको साहित्यिक सर्वेक्षण गर्दै जाँदा यहाँको लोकसाहित्यसम्म पुग्नुपर्ने हुन्छ । यो जिल्ला किराती जातिको प्राचीन थलो भएको  र यहाँ किराती जातिको धर्मशास्त्र 'मुन्धुम' मौखिक रूपमा विभिन्न धार्मिक अनुष्ठानमा वाचन गरिने भएकाले यस जिल्लाको मौखिक वाङ्मयको  प्राचीन रूप मुन्धुमलाई मान्न सकिन्छ (सुवेदी, २०६५:४ ) । यस जिल्लामा जुहारी, झ्याउरे, तीज गीत, देउसीभैलो, हाकपारेगीत, साकेलागीतजस्ता लोकगीतहरू गाइँदै आएका छन् । यस जिल्लामा राम, कृष्ण, महादेव आदिका गाथाहरू, लौरेठोकारे, जयपति साप्सु, तयामाखियामा, पारुहाङसुम्निमा आदिका लोककथाहरू र किरात संस्कृतिका विभिन्न किंवदन्तीहरू प्रचलनमा छन् (राई, २०६० :१६-१७) । यस जिल्लामा साकेलानाच, लाखेजात्रा, मारुनीनाच, भजन, बालुन, धामीनाचजस्ता लोकनाटकहरू, विभिन्न उखानटुक्का, गाउँखाने कथाहरूजस्ता लोकसाहित्य प्रचलनमा छन् (राई, २०६० :१६-१७) । यस्ता लोकसाहित्य यस जिल्लाको लेख्य साहित्यका पृष्ठभूमि हुन् ।

### २.२.२ अभिलेख

खोटाङ जिल्लामा किरातकालीन अभिलेखहरू हुनसक्ने प्रशस्त सम्भावना छ । तर यस्ता प्राचीन अभिलेखको खोजी हुन सकेको छैन । पृथ्वीनारायण शाहले यस क्षेत्रलाई आफ्नो राज्यमा मिलाएपछि यस क्षेत्रका किरातीलाई दिएका किपटलगायतका लेख्य सामग्री र  हलेसीलगायतका मठ, मन्दिरहरूका विषयमा भएका पुराना लालमोहर आदि हालसम्म प्राप्त पुराना लेख्य सामग्री हुन् । यस जिल्लाको विभिन्न ठाउँमा बसोबास गर्ने विभिन्न जाति, समुदायका मानिसले राज्यबाट पाएका बकस, विर्ताका लेख्यसामग्री यस लिल्लाका पुराना लेख्य सामग्री हुन् । यस्ता सामग्रीको खोजी हुन आवश्यक देखिन्छ । अहिलेसम्मको खोजमा राजा गीर्वाणविक्रम शाहबाट वि.सं. १८७२/१०/१५मा, राजेन्द्र शाहबाट वि.सं.१८९५ मा खोटाङको मझुवा कालिका देवी मन्दिरका नाममा जारी भएका र अन्य मन्दिरहरूका सम्बन्धमा जारी लालमोहरहरू फेला परेका छन् । खोजी गर्ने हो भने यस्ता सामग्रीहरू प्रशस्त फेला पर्न सक्ने देखिन्छ ।

### २.२.३ साहित्य सिर्जनाको परिवेश

साहित्यसिर्जनको लागि सर्जक रहिबसेको परिवेशले महत्वपूर्ण भूमिका खेल्दछ । कुनै पनि लेखकले शून्यबाट कुनै पनि कलाकृतिको सिर्जना गर्दैन ।  समाजको आर्थिक, सामाजिक संरचना कुनै पनि सर्जकका लागि सिर्जनाको आधार हो (बराल, २०६४:२४५) । यसर्थ खोटाङ जिल्लाको भौगोलिक-सामाजिक- सांस्कृतिक अवस्थाले यहाँका  सर्जकको सिर्जनामा प्रभाव पारेको  हुन्छ ।  खोटाङ जिल्ला पहाडी भूभाग हो । यहाँ विभिन्न जातजातिका मानिसहरू बसोबास गर्छन् । प्राकृतिक सौन्दर्यका लागि खोटाङ जिल्ला नामी छ । यहाँका खोला, नाला, झरना, धार्मिक स्थलहरू, यहाँको सांस्कृतिक विविधताले  साहित्य सिर्जनाका लागि सहयोग गर्दछ  ।  भौगोलिक विकटता र यातायातको अभावले गर्दा हप्तौँ दिनसम्म भारी बोकेर नुनतेल भित्र्याउनु पर्ने विवशतामा बाँचेका खोटाङेहरू साहित्य सिर्जनाबाट आत्मसन्तुष्टि लिन सक्छन् । खोटाङ जिल्ला भौगोलिक विविधता भएको, उच्च पहाडी भूभाग, वनजङ्गल, खोला, झरना आदिले प्राकृतिक रूपमा सुन्दर भएकाले सर्जकहरूलाई यहाँको भौगोलिक वातावरण राम्रो छ । अर्कातिर यहाँ विभिन्न संस्कृति छन् । यहाँ गरिबी, अभाव र भौगोलिक विकटता छ, यसले यहाँका सर्जकहरूलाई सिर्जनाका लागि प्रेरणा प्रदान गर्दछ ।

प्राकृतिक तथा सामाजिक परिस्थितिले सिर्जनाको ढोका खोले पनि पत्रपत्रिकाको प्रकाशन, प्रचारप्रसार र आर्थिक कारणले गर्दा सिर्जित रचनाको प्रकाशन, विज्ञापन, चर्चापरिचर्चा र प्रोत्साहनको कमी भएकाले लेखनमा हुटहुटी जाग्ने र लेखनमा लाग्ने अवस्था भने खोटाङ जिल्लामा छैन् । यस जिल्लामा एउटा राम्रो अफसेट प्रेस छैन । यातायातका अभावमा दुई दिन हिँडेर मात्र राजमार्ग पुग्न सकिन्छ । यसर्थ यहाँ कागज, कलम, किन्न समेत महँगो पर्दछ । अर्कोतिर शारीरिक श्रममा बढी लाग्नुपर्ने भएकाले लेख्नका लागि फुर्सद निकाल्न पनि गाह्रो छ ।

यसरी हेर्दा खोटाङको भौगोलिक तथा सामाजिक-सांस्कृतिक परिवेशले एकातिर सिर्जनाका लागि प्रेरणा दिन्छ भने अर्कोतिर लेखेपछि प्रकाशन गर्न र प्रकाशनपछि उचित चर्चा पाउने र प्रोत्साहन जाग्ने कुराको अभावले सिर्जनाका लागि प्रतिकूलता पनि छ । यही अनुकूलता र प्रतिकूलतामा खोटाङ जिल्लाका सर्जकहरू सिर्जन कार्यमा लागेका छन् ।

## २.३ खोटाङ जिल्लाको साहित्यिक परम्परा

### २.३.१ प्रारम्भ

अहिलेको खोटाङ जिल्लाको भूभागमा जन्मिने सर्जकहरूले यस भूगोलमा बसेर अथवा अन्यत्र गएर सहित्य सिर्जना गर्नेहरूको सर्वेक्षण यस परिच्छेदको उद्देश्य हो । यस क्रममा खोटाङ जिल्लामा कहिलेदेखि साहित्य सिर्जनाको सुरु भयो र त्यसका पहिला स्रष्टा को थिए भन्ने कुराको खोजी गर्ने काम यसअघि पनि भएको छ । खोटाङ जिल्लामा नजन्मिएका भए पनि वीरकालीन कवि उदयानन्द अर्यालले खोटाङको खुटामा बसेर 'बेताल पचीसी' नामक ग्रन्थ लेखेको सूचना पाइन्छ (रेग्मी, २०५३ः ३ ) भने खोटाङमै जन्मिएका पहिला सर्जक (आजसम्मको खोजमा) खोटाङको रावा लामिडाँडाका रङ्गनाथ भट्टराई (१८५०-१९२८) हुन् (पौडेल,२०५१ :४४०) । उनको एकश्लोक कविता जनश्रुतिमा बाँचेको छ र त्यसलाई विभिन्न खोजकर्ताले आफ्ना कृतिमा उल्लेख गरेका छन् ।

रङ्गनाथ भट्टराई जङ्गबहादुरका समयका कवि थिए । उनी त्यतिबेला खर्दार पदमा कार्यरत भएकाले उनका सन्तानहरूको गाउँलाई अहिले पनि 'खर्दार टोल' भनिन्छ ( पौडेल,२०५१:४४१ ) । रङ्गनाथपछि छविलाल अधिकारी (१८९९-१९६०), जीवनाथ पोखेल, नन्दिकेशर अधिकारी, बद्रीनाथ आचार्य (१९६०-२०००), गञ्जलाल खनाल (१९४५-२०००), मोहनप्रसाद रेग्मी (१९७४-२०४४), मेघबहादुर थापा (?), राजवीर थुलुङ (१९४४ तिर-?)

डम्बरबहादुर सुवेदी (?) आदि खोटाङका पुराना साहित्यकार हुन् (सुवेदी, २०६२: १)। यी स्रष्टाहरू मूलतः कवि थिए र यिनीहरूले लेखेका कविताका केही अंश हाल उपलब्ध छन् ।

खोटाङको साहित्यिक फाँटका यी पुराना साहित्यकारका कविता जनश्रुतिमा र केही मात्रामा पुराना कागजपत्र र वंशावलीहरूमा छापिएका छन् । रङ्गनाथ भट्टराई भानुभक्तका समकालीन कवि भएका र त्यतिबेला प्रकाशनको व्यवस्था नभएकाले उनका रचना कतै छापिएनन् । उनीपछि अन्य कविका कविताहरू पनि गाउँघरतिरका बुढापाकाहरूले श्रुतिपरम्परामा सुनाउँदै आएका छन् । यी साहित्यकारहरूका बारेमा अध्ययन गर्न आवश्यक देखिन्छ ।

### २.३.२ खोटाङ जिल्लाका कवि, गीतकारहरू र गजलकारहरू

अहिलेसम्मको खोजमा खोटाङ जिल्लामा सबैभन्दा बढी कविताका सर्जक फेला परेका छन् । खोटाङका पुराना कवि रङ्गनाथ भट्टराईले थुप्रै फुटकर कविता लेखेको चर्चा छ तर हाल उनको एउटा कवितांश मात्र फेला परेको छ (पौडेल,२०५१ : ४४१) ।

वैशाखको दिन पनि अति हुन्छ मजा
चौथो प्रहर त दिनको पनि हुन्छ राजा
वन्मा गई पवन खाई बजाई बाजा
काफल जिराहरू बनाएर खानु खाजा ।

खोटाङ पुराना गाउँका छविलाल अधिकारी (१८९९-१९६०) हास्यव्यङ्ग्य तथा आध्यत्मिक कवि हुन् । उनको 'गोपीगीत' प्रकाशित कृति हो भने 'सज्जन-दुर्जन चेष्टा' लगायतका उनका फुटकर कृति भेटिएका छन् । खार्पाका जीवनाथ पोखे्रलका कविता पोखे्रल वंशावलीमा छापिएका छन्, यी कविता पद्यमा छन् (रेग्मी, २०५३ : ६) । खोटाङको रिब्दुङका राजबीर थुलुङ (जन्म वि.सं. १९४४ तिर, मृत्यु थाहा हुन सकेको छैन ) को २०० जति पङ्क्तिहरू जनश्रुतिमा बाँचेका छन् । उनका कवितालाई जसराज किरातीले सङ्कलन गरेर 'गोरेटो' पत्रिकामा छपाएका छन् (राई, जसराज, २०५८ : ११०-११७) ।

खोटाङका अन्य पुराना कविहरूमा खोटाङ खुटाका बद्रीनाथ आचार्य ( १९३० - २०००), मार्सेका मोहनप्रसाद रेग्मी (१९७४- २००५), खार्पाका गुणराज शास्त्री, (?),

बाम्राङका मेघबहादुर थापा(?), दोर्पाका गञ्जलाल खनाल (१९२५-२०००) हुन् । यीमध्ये मोहनप्रसाद रेग्मीका 'मोहनगीता' को पाण्डुलिपि उनका सन्तानसँग भएको बताइन्छ । यस्तै खोटाङ पुराना गाउँमा जन्मिएका जयदेव अधिकारी (१९६३-२०४४) को 'दार्शनिक तरङ्ग' (२०२९) कृति प्रकाशित छ । दार्शनिक विषयवस्तुलाई पद्यमा प्रस्तुत गर्ने अधिकारीको 'पञ्चदशी' (अनुदित) को पाण्डुलिपि अप्रकाशित रहेका बताइन्छ (रेग्मी, २०६३:५८) । खार्पाका जयप्रसाद पोखेल (१९१९-१९७६) को कविता पोखेल वंशावलीमा उल्लेख छ । त्यस्तै नेर्पाका डम्बरबहादुर सुवेदी पनि तुरुन्त कविता बनाउन सक्ने कवि थिए । बिहेबटुलामा तत्काल श्लोक बनाएर सबैलाई चकित पार्ने कवि सुवेदीका कविताहरू अझै पनि जनश्रुतिमा बाँचेका छन् । उनी आफ्नो परिचय यसरी दिन्थे (सुवेदी, २०६२:१ ) । :–

"असोज मैन्हामा छरिकन तहाँ वैशाखमा पाक्ने गहुँ

पिता मेरा बाहुन् माता गुरुङ्गिनी जातको छेत्री महुँ ।"

राणाशासनको अन्त्यपछि शिक्षाको विकासका साथै विभिन्न जागरणसहित खोटाङमा पनि कविहरू देखापर्न थाले । यसक्रममा देवीप्रसाद भट्टराई(लामिडाँडा, १९७६-२०४२), लक्ष्मीप्रसाद रेग्मी (१९७६,बतासे), बालकृष्ण आचार्य (फाक्टाङ), गुणराज शास्त्री (खार्पा), तुलसीप्रसाद रेग्मी (मार्सेबतासे, १९८२), कृष्णचन्द्र पोखेल (खार्पा, हाल विराटनगर), भीमबहादुर थापा (१९८३, लामिडाँडा), केदारप्रसाद रेग्मी (१९८७ बतासे), ताराकृष्ण पोखेल( खार्पा), कृष्णप्रसाद सिग्देल(डाँडागाउँ, १९९०), काशी राई (१९९८, सिम्पानी), पशुपति भट्टराई (१९९९, लामिडाँडा), शरदकुमार भट्टराई (१९९९, लामिडाँडा), हिराबहादुर गुरुङ ( १९९९, च्यानडाँडा), बलराम पोखेल ( २००६, खार्पा), कविराज पोखेल (सिम्पानी), कृष्णप्रसाद भण्डारी (चुइचुम्मा), ज्योतिखर आचार्य (दोपा), चन्द्रकाली अधिकारी (चुइचुम्मा), पुण्पप्रसाद पोखेल (१९९७, सिम्पानी), बाबुराम रोका (डाँडागाउँ), गौरी रेग्मी (कुभिन्डे)आदि कविहरू देखापरे ।

खोटाङ रतन्छाबाट तराई झरेका चन्द्रप्रसाद नेपाली (राई), भवप्रसाद बास्तोला( लफ्याङ), मदन राई 'लामखुले' (२००१, निर्मलीडाँडा), जसराज किराती (२००२,बुइपा), खेमरञ्जन भट्टराई (ई१९४५,लामिडाँडा), खोटाङ बाक्सिला पितृथलो भएकी तोया गुरुङ, भक्त श्रेष्ठ (२००५, बुइपा), मोहन घिमिरे (बुइपा), राधेश्याम भट्टराई (२००६, लामिडाँडा),

हिराधन राई (२००८, बुइपा), माधव भट्टराई (२००९, लामिडाँडा), , मन्दत्त राई (नेर्पा), दाहाल यज्ञनिधि (खाल्ले), नरेन्द्र श्रेष्ठ (बुइपा) , एकनाथ ढकाल(बुइपा), शुभशेर राई ( २००५,बुइपा), टंकबहादुर राई (२००८,विजयखर्क), बम थुलुङ (२०१०-०६३,बुइपा), जयवर्ण राई (२०११-२०५७, बुइपा), हरिभक्त श्रेष्ठ (बुइपा), दीपक श्रेष्ठ (२००२-०४२,बुइपा), विश्व श्रेष्ठ (बुइपा) खेमराज खनाल खखेरा (दोर्पा), मेघराज आचार्य (२००८,खाम्तेल), चक्र मोक्तान (नुनथला), आदि कविहरू देखापरे । यसपछि वि.सं. २०३० को दशक र त्यसयता आउनुपर्ने हुन्छ । यस कालखण्डमा चिप्रिङका विष्णु राई, कुभिन्डेका प्रह्लाद पोखेल, डुम्रेका चक्रपाणि खनाल(२०१५), छोरम्बुका विष्णु आभूषण, सिम्पानीका नवराज पोखेल, लामिडाँडाका ध्रुव भट्टराई, बतासेका दिलिप अनहेप्पी, बुइपाका धनराज राई, रक्ष राई, जीवराज घिमिरे, ठुले राई, मनोज बाबु आशय, खगेन्द्र प्यासी, देवविक्रम राई, सुकराज राई 'चमा थुलुङ' (२०२६), उत्तरकुमार राई (२०२५) मेम्बरकाजी राई, नीरवचन राई, , रेखा राई 'क्षितिज', सुरेशचन्द्र राई, रमेशचन्द्र राई, देवान किराती, विष्णु श्रापित, पुरण राई, सुदन राई, सन्तवीर राई, राजकुमार रम्तेल, सागर हरपाली, अकेला राई, सुमन राई आदि, बाम्राङका रामविक्रम थापा (२०२६), किन्दर राई, श्यामविक्रम थापा, हिमालक्ष्मी थापा, केजिन राई, विश्वचन्द्र राई (२०३४) आदि, नेर्पाका धनप्रसाद सुवेदी'श्रमिक' (२०२६), वेदीकुमार राई, भोगेन एक्ले (२०२९), ध्रुवराज राई, चित्रकुमार सुवेदी, सन्त राई, रुद्र सुवेदी, प्रमिला भुजेल, प्रमिला सुवेदी, ओमनाथ आचार्य, तारा सुवेदी, मिलन थापा, बाबुराम सुवेदी, लोकेन्द्र राई 'सर्वहारा', राजन सुवेदी, पुरुषोत्तम सुवेदी आदि, जालपाका राम क्षितिज, डम्बरसिं राई, राजमनि राई आदि, नुनथलाका नारायण साम्पाङ, चन्द्र चाम्लिङ, नवीनकिशोर राई, हेम राई, जीवन राई 'ज्वाला', नवीन सङ्घर्ष राई आदि, रतन्छाका मदन राई, पेशलकुमार राई, मनकाजी राई, प्रकाश राई, यादेवी ढकाल, नारायण ढकाल, शालिक शातासक, शशि राई आदि, दिक्तेलका कृष्ण आचार्य(पत्रकार), गोविन्दप्रसाद आचार्य 'विसाचा', ध्रुव वजिमय (२०२०), तेजना सैजु, मनकुमार राई, मनविक्रम राई, नुरकाजी सैंजु, सुन्दर राई, शान्तिराम राई, जेपि फिरन्ते आचार्य, वद्री भिखारी आचार्य, टीका थापा आदि, पाथेकाका धनप्रसाद गिरी, धनप्रसाद राई, बम बानियाँ आदि, लफ्याङका भगत राई, भल कुरूप राई हेम बाँस्तोला 'भावुक', यम बाँस्तोला, केशव फुयल'भुवँरी', जगत नवोदित आदि, दोर्पाका ठूलकुमार श्रेष्ठ, बसन्तराज अज्ञात, कृष्णबहादुर बुढाथोकी, श्रीराम राई, टीकाराम चौहान, मौसम प्रतिबिम्ब आदि, खार्पाका निर्माणकुमार पोखेल, रुद्र चाम्लिङ,

शर्मिला पोखरेल आदि, याम्खाका वीरेन्द्र राई (२०२५) आदि, दुर्छिमका बाल आवारा, चक्रबहादुर राई, दीपेन्द्र दीन दु:खी, तिलक चाम्लिङ, विक्रम चेतनशील राई, मनिषा केयरलेस आदि, खाल्लेका गुणराज दाहाल (२०१२), दाहाल मणि, टङ्क भट्टराई (२०२७), नवीन राई 'अभिशेष' आदि, चिसापानीका रेवतीरमण कोइराला, हर्क राई, ज्ञानेन्द्र विवश(२०२७) आदि, खोटाङबजारका विद्याप्रसाद लम्साल, गोकुल परियार, पर्वत शृङ्खला (२०२१), के. एस पीडित(२०२२), ध्रुवकुमार परियार (२०३३) आदि, डाडँगाउँका अशोक अविरल राई, रमेश रोका, कल्याण रोका आदि, कुभिन्डेका गिरीराज राई (२०२८), सुरेश हाँचेकाली (२०३३) आदि, छितापोखरीका प्रकाश केसी, नरेन्द्र राई 'निर्विकार'(२०१८), केशव कार्की, उत्तम कार्की, कैलाश राई आदि, स. छितापोखरीका रमेश थापा आदि कवि, गीतकार तथा गजलकारहरू देखिन्छन् । त्यस्तै वाक्सिलाका चन्द्र दुमी राई, खगेन्द्र अधिकारी, युवराज राई 'छिद्र', पाँचकुमार राई, दिप्लुङका चण्डिका प्रवासी, टेम्माका यजुमान राई, बडहरेका बोधराज पौडेल(२०३५), छोरम्बुका तीर्थराज राई(२०२२), विमला केयरलेस, ज्यामिरेका किशोर केसी, परिवर्तन भट्टराई, जलेशवरीका मुक्तिनाथ घिमिरे (२०३६), रिद्धिरमण घिमिरे (२०४३), बड्कादियालेका मणिकुमार राई, लामाखुका नरभूपाल राई, चन्द्र राई, विजयखर्कका कृष्णकुमार राई(२०२४), मोहनजिला राई, लिच्कीराम्चेका रमेश राई' गाउँले' हलेसीका लक्ष्मी गिरी 'सुधा',(२०१०), महेश किराती, धीरज गिरी 'कल्पित', धितुङका नरेन राई 'वियोगी', पदम कार्कीलगायतका खोटाङ जिल्लाका कवि, गीतकार तथा गजलकारहरूका फुटकर तथा यीमध्ये कतिपयका पुस्तकाकार कृति प्रकाशित भएको पाइन्छ ।

प्रकाशित पुस्तकाकार कृतिको विवरण यसप्रकार छ ।

| | | |
|---|---|---|
| १. | छविलाल अधिकारी (१८९९-१९६०) | 'गोपीगीत' |
| २. | गञ्जलाल खनाल (१९२५-२०००) | 'कवि गञ्जलालका कविता' (२०५९) सम्पा. तोया खनाल |
| ३. | मोहनप्रसाद रेग्मी (१९७४-२००५) | 'मोहनगीता' (अप्रकाशित पाण्डुलिपि) |
| ४. | राजवीर थुलुङ (१९४४ तिर) | जसराज किरातीको सङ्कलनमा ३८ श्लोकका कविता- गोरेटो अङ्क १, २०५६ मा प्रकाशित |

| | | |
|---|---|---|
| ५. | जयदेव अधिकारी (१९६३-२०४४) | दार्शनिक तरङ्ग (२०२९) |
| ६. | देवीप्रसाद भट्टराई (१९७६-२०४२) | पशुबली नगरौं, शिक्षितमा प्रार्थना (२०१५), अश्वत्थ व्रतप्रतिष्ठा, पुरुषोत्तम पूजाविधि (२०३६) |
| ७. | बालकृष्ण आचार्य | 'पञ्चाङ्ग', गुणरत्नमाला |
| ८. | केदारप्रसाद रेग्मी (१९८७) | 'मार्से बतासे' (खण्डकाव्य २०५६), रेग्मी वंशावली(२०५३) |
| ९. | तुलसीप्रसाद रेग्मी (१९८२) | 'बादलभित्रका ताराहरू' (२०६३) सहलेखन |
| १०. | कृष्णप्रसाद सिग्देल (१९९०) | साझा बाटो (२०५२), अवलाको देशप्रेम, अर्पण |
| ११. | ताराकृष्ण पोखरेल (१९९१-२०५२) | बादलभित्रका ताराहरू (२०६३) सहलेखन |
| १२. | चन्द्र नेपाली (चन्द्रप्रसाद नेपाली) (१९९२-२०४८) | नेपाल दुर्दशा (खण्डकाव्य), सोमवीरेम्पाको गीत (खण्डकाव्य), सहेली (काव्य) |
| १३. | गणेशप्रसाद पोखरेल (१९९४) | बादलभित्रका ताराहरू (२०६३) सहलेखन |
| १४. | खेमरञ्जन भट्टराई (१९९५) | भट्टराई वंशदर्पण (सहलेखन) तीर्थक्षेत्र (खण्डकाव्य), दुर्गाशप्तश्लोकी |
| १५. | काशी राई (१९९८) | बादलभित्रका ताराहरू (२०६३) सहलेखन |
| १६. | शरदकुमार भट्टराई (१९९९) | सिर्जनाका फूलहरू (२०५१),बहादुर शाह (२०५२ खण्डकाव्य), श्रद्धाञ्जली (खण्डकाव्य-२०५२) गीत तथा भजनहरू (२०५२), अमरसिंहको चिठी (खण्डकाव्य-२०५३), क्रान्तिदूत(खण्डकाव्य-२०५३), विविधयात्रा (२०५५) |
| १७. | कृष्णचन्द्र पोखेल | पोखेलको वंशावली |
| १८. | मदन राई 'लामाखुले' (२००१) | घाइते आकाश(२०६२), सप्तकोशी (२०४८) |
| १९. | मोहन विरही (२००२-२०६२) | मुग्लानमा (खण्डकाव्य, २०२३), छरिएका पत्कर (२०२४), हिमाली मान्छे (२०५३) |

| | | |
|---|---|---|
| २०. | जसराज किराती (२००२) | उज्यालो खोज्ने आँखाहरू (२०३७), जसराज किरातीका कविता (२०५६), जसराज किरातीका प्रतिनिधि कविता (२०६५) |
| २१. | कल्पना प्रधान (२००३) | चिँ मुसी चिँ (२०४४), नानीका साना कविता (२०५६), मेरो सानो खरायो (२०६०), सप्रेम सम्झना (२०६०) |
| २२. | राधेश्याम भट्टराई (२००६) | हलेसी (तीर्थकाव्य २०४१), 'साठी थुँगा फूल' (मुक्तक सङ्ग्रह २०५१), 'मेरो देशः मेरै सपना' २०५७ |
| २३. | बलराम पोखरेल (२००६) | बादलभित्रका ताराहरू (२०६३) सहलेखन |
| २४. | टंकबहादुर राई (२००८) | बहिनीको मृत्युमा(२०३२), उद्घाटन वास्तविकताको (२०३३),श्रद्धाका फूलहरू (२०४६) |
| २५. | महेश किराती (२०११) | इन्द्रेणी (२०३७) |
| २६. | विष्णु राई (२०१३) | मान्छे (२०५३), कारागार भित्रको जून (२०५९), भेट  गीति क्यासेट २०५४) |
| २७. | शान्तिकुमारी राई (२०१३) | आमाको सपना (२०५४) |
| २८. | गोकुल परियार (२०१३) | ऋछुतहरूको आवाज (२०५९) |
| २९. | प्रह्लाद पोखेल(२०१४) | आजको आकाश(संयुक्त कविता सङ्ग्रह २०४२), गोसाइँकुण्ड (यात्राकाव्य, २०५६), गीतियात्रा ( २०५१), जीवन्त यात्रा (२०५२), कुहिरोको कम्बल (२०५६), सारथी (२०५८), खोटाङ डायरी (डायरी काव्य, २०६१) आजको आकाश २०६, २३ (संयुक्त कविता सङ्ग्रह २०६३)  काव्ययात्रा गोसाइँकुण्ड ( २०६५) |
| ३०. | अशोक राई (ई.१९५७) | अँध्यारो भित्रका फिलिङ्गाहरू |

| | | |
|---|---|---|
| ३१. | जीवराज घिमिरे (२०१५) | आजको आकाश(संयुक्त कविता सङ्ग्रह २०४२) आजको आकाश २०६३ (संयुक्त कविता सङ्ग्रह २०६३) |
| ३२. | नरेन्द्र 'निर्विकार' (२०१८) | पानीको कुनै रङ्ग हुँदैन (२०६०) |
| ३३. | केशव कार्की 'आस्था' (२०१९) | 'मेरो देश मेरै आँखा' (२०५२) |
| ३४. | रक्ष राई (२०२०) | देश दुखेको छ (२०५६), सालिक उभिएर गोर्खाली (२०६५) |
| ३५. | कपिलमणि पोखरेल | चम्पा (खण्डकाव्य) |
| ३६. | चन्द्र दुमी राई | अठोट (२०५२) |
| ३७. | खगेन्द्र खराव(२०२२) | बाठो मान्छे |
| ३८. | रामकृष्ण बान्तवा (२०२३) | मिर्मिरे (ई.१९९९), आधुनिक गीतहरू (भाग १ र २) (ई.१९९५/१९९८) |
| ३९. | उत्तरकुमार राई (२०२५) | यात्रा दिक्तेलदेखि (संयुक्त कवितासङ्ग्रह,२०५०), देश खोजिरहेछु (२०५६) |
| ४०. | पेशलकुमार राई (२०२५) | जिन्दगी अझै हारेको छैन (२०५३) |
| ४१. | वीरेन्द्र राई(२०२५) | हिरेम्पा(गीतिसङ्ग्रह,२०६३), गीतको महल (गीत क्यासेट २०५९) |
| ४२. | भल कुरूप राई (२०२५) | बाँचेको छु दुखे पनि (गीति सङ्ग्रह २०६३) |
| ४३. | रामविक्रम थापा (२०२६) | छरिएका कविता(२०५६), बालपोष (बालकविता २०६४) |
| ४४. | द्येवविक्रम राई (२०२६) | आस्थाका झण्डाहरू (कविता तथा लघुकथासङ्ग्रह, २०४८) |
| ४५. | धनप्रसाद सुवेदी 'श्रमिक'(२०२६) | बेनाम (संयुक्त कवितासङ्ग्रह, २०५८) |
| ४६. | धनकुमार श्रेष्ठ (२०२७) | सृजनाका लहरहरू(२०४१) |

| | | |
|---|---|---|
| ४७. | सुरेशचन्द्र राई (२०२७) | यात्रा दिक्तेलदेखि (संयुक्त कवितासङ्ग्रह, २०५०) |
| ४८. | बसन्तराज अज्ञात (२०२७) | सपना सजाएर आँखाभरि (गीतिसङ्ग्रह, २०६३) |
| ४९. | ज्ञानेन्द्र विवश (२०२७) | पीडाका अनुभूतिहरू (२०४७) |
| ५०. | बाल आवारा (२०२७) | भक्तपुरको देश (२०५६), पाठकहरूको मृत्युमा( २०५९) |
| ५१. | पाँचकुमार दुमी राई | दुःखको सागर (२०४७) भोजपुर, तेह्रथुम र खोटाङका व्यथाहरू (संयुक्त कवितासङ्ग्रह, २०५०) |
| ५२. | भोगेन एक्ले (२०२९) | बेनाम (संयुक्त कवितासङ्ग्रह, २०५८) |
| ५३. | चक्रबहादुर राई | 'प्रतिवादी' |
| ५४. | टीका चाम्लिङ (२०३०) | सपनाको रङ -गीत सङ्ग्रह २०६०), समयको रङ (गीति सङ्ग्रह २०६४), सधैंभरि (गीति एल्बम २०५८) |
| ५५. | रमेशचन्द्र राई (२०३१) | शून्यभित्र (२०५९) |
| ५६. | होमशंकर बास्तोला (२०३१) | घाम हराएको दिन (गजलसङ्ग्रह २०६१) |
| ५७. | रुद्र चाम्लिङ (२०३२) | मेरोकथाभित्रको देश (२०३२) |
| ५८. | नवीन राई 'अभिशेष'(२०३२) | 'चोटका फूलहरू' (गजलसङ्ग्रह, २०६०) |
| ५९. | ध्रुवकुमार परियार (२०३३) | आवाज (२०६०) |
| ६०. | यम बास्तोला(२०३३) | आलोकतिर(२०६४) |
| ६१. | विश्वचन्द्र राई (२०३४) | स्वचन्द्रका एकल संवाद(२०५९) |
| ६२. | विष्णु श्रापित (२०३४) | सुनको फूल (गीतसङ्ग्रह, २०५९), ताराहरूको बस्तीमा (२०६१) |
| ६३. | शर्मिला पोखरेल (२०३५) | अस्तित्व नारीको (२०५४), अमिवा र कुन्तीहरू |

| | | |
|---|---|---|
| | | (२०५७) |
| ६४. | चित्रकुमार सुवेदी (२०३५) | चित्रका चित्कारहरू (गजलसङ्ग्रह, २०६१) |
| ६५. | रमना राई (२०३५) | संयोग -गीत एल्बम २०५८) |
| ६६. | जगत नवोदित(२०३७) | जीवन अनुभूतिहरू (२०५५), अक्षय आकृति( २०६३) |
| ६७. | युवराज साम्पाङ जेठा (२०३७) | भोगाइका शृङ्खलाहरू (२०६४) |
| ६८. | मीनकुमार श्रेष्ठ 'नवोदित' (२०३८) | फूलबारी भित्रका भवराहरू (२०५७) |
| ६९. | पुरण राई (२०३९) | मेरो देशको भूगोल (२०६१) |
| ७०. | सागर हरपाली सुवास (२०३९) | देश बोल्दै छ (२०६०) |
| ७१. | विमला केयरलेस | आँसुको मोल (गजलसङ्ग्रह २०६०) एकमुठी आकाश (गजलसङ्ग्रह, २०६४) |
| ७२. | युवराज भुजेल (२०३८) | हृदयको तस्बिर (गजलसङ्ग्रह, २०६१) |
| ७३. | बालाजित चाम्लिङ | शान्तिका प्रतिध्वनित आवाजहरू (हवाईकवितासग्रह २०६१) |
| ७४. | राजकुमार रम्तेल | थर्काउनै थर्काइयो (हवाईकवितासग्रह, २०६०) |
| ७५. | डिल्लीराम राई 'नाकारा' (२०४१) | 'विकीर्ण आवाजहरू' (हाइकुसङ्ग्रह, २०६२) |
| ७६. | ओमनाथ आचार्य (२०४२) | दुखेको एउटा पल (संयुक्त गजलसङ्ग्रह, २०६४) |
| ७७. | लोकेन्द्र राई 'सर्वहारा'(२०४३) | प्रतीक्षारत आँखाहरू (गजलसङ्ग्रह, २०६३) |
| ७८. | सरोज आचार्य (२०४३) | वेदनाका स्वरहरू (गजलसङ्ग्रह, २०६१) |
| ७९. | जीतेन्द्र राई, भक्तराज राई र ऋषिराज राई | समयले जन्माएका कविताहरू (२०५०) |
| ८०. | मनिता आँसुलगायत (सामूहिक) | घामको झुल्का (२०५९) |
| ८१. | भवप्रसाद बास्तोला | ज्योतिष दर्पण काव्य |
| ८२. | गणेश राई | राइफलले फलाकेको जीवन (२०६३) |

| | | |
|---|---|---|
| ८३. | गङ्गाकुमारी राई 'सुम्निमा'(२०४४) | सुम्निमाको आँचल (२०६४) |
| ८६ | टीकाराम चौहान(२०४५) | सुरुवात (गजलसङ्ग्रह, २०६५) |
| ८५. | निर्मल आचार्य (२०४६) | एउटा मानव (२०६५) |
| ८६. | प्रमोद श्रेष्ठ 'स्नेही भाइ'(२०४६) | नेपालीका चोटहरू(२०६२) |
| ८७. | देवेन्द्र खोरेस | रुङ्रीको बयान र नदी किनार (२०६५) |
| ८८. | उमेश राई 'घायल' | अभीप्सा इन्द्रेणीको ( गजलसङ्ग्रह, २०६४) |
| ८९. | प्याप्सी चाम्लिङ राई 'इङ्गहाङ्ग'(२०५१) | नौ वर्षको कोपिला (२०६२) |

यीबाहेक किराती राई भाषामा विभिन्न कविहरूले कविता लेखेको पाइन्छ । खोटाङका टंकबहादुर राई, कृष्णकुमार राई, शान्तिकुमारी राई आदिले चाम्लिङ भाषामा कवितासङ्ग्रह तथा खण्डकाव्यहरू लेखेका छन् । चाम्लिङ भाषामा लेखिएको प्रमुख कविताकृति यसप्रकार छन् :-

| क्र.सं. | कवि | कृति |
|---|---|---|
| १ | टंकबहादुर राई (२००८) | आङा खिम (कवितासङ्ग्रह-२०६५) |
| २ | शान्तिकुमारी राई (२०१३) | सेम्टु (गीतसङ्ग्रह-२०६४)<br>टुङ्मा खिम् (कवितासङ्ग्रह-२०६५) |
| ३ | कृष्णकुमार राई (२०२४) | पपामैदैंपा (कवितासङ्ग्रह-२०६३)<br>कै रोदुङ (कवितासङ्ग्रह-२०६४)<br>रुङ्रिमा (खण्डकाव्य-२०६४) |

यस्तै खोटाङ जिल्लाका माधव भट्टराई (२००९)बाट संस्कृत भाषामा 'सत्यसाई चरितम्' महाकाव्य लेखेको पाइन्छ ।

### २.३.३ खोटाङ जिल्लाका कथाकारहरू

खोटाङका चन्द्र नेपाली, चिरञ्जीवी अधिकारी, मोहन घिमिरे, कल्पना प्रधान, मोहन विरही, हिराधन राई, बी.थुलुङ (बम थुलुङ), मननराज पोखरेल, के.एस.पीडित, गणेश घिमिरे 'मार्मिक', मालिकराम राई, रमेश रोका, राम क्षितिज, चमा थुलुङ, रामविक्रम थापा, शम्भुप्रसाद राई, बबिता बस्नेत, विष्णु राई, विष्णु आभूषण, एमसी सुमित, वेदीकुमार राई, टङ्क भट्टराई, दिलकुमार खड्का, ज्ञानेन्द्र विवश, टङ्क थापा, जगत नवोदित, रेखा राई, 'क्षितिज', बम बानियालगायतका स्रष्टाहरूले कथा लेखेका छन् । 'खोटाङका केही कथा' (२०३७) मा हिराधन राई, गोकुल व्याकुल, सानुकाजी श्रेष्ठ, रेवतीरमण अधिकारी, नीरा श्रेष्ठ, रश्मी, उत्तम कार्की, प्रेम खालिङ, चेतनाथ अधिकारी, गीता रेग्मी, कल्पना प्रधान र विष्णु आभूषणका कथा समाविष्ट छन् । यीबाहेक खोटाङ जिल्ला पुर्ख्यौलीथलो भएका जीतमान राई(१९८७-२०४७)ले परित्यक्ता (२०२४) र तिर्सालु आत्मा बाचिरहन्छ सधैँभरि (२०३९) जस्ता कथाकृति लेखेका छन् । फाट्टफुट्ट कथा लेख्ने कथाहरू प्रशस्त देखिन्छन् ।

खोटाङ जिल्लाका प्रमुख कथाकारहरूको पुस्तककार कथाकृति यसप्रकार छन् :-

| क.सं. | कथाकार | कृति |
|---|---|---|
| १. | चन्द्र नेपाली | 'त्राहिमाम' ( ? ), कथासरोवर (२०२४), प्रतिकार (ई.१९६३), रक्ताक्त पञ्चकथा (ई.१९६५) |
| २. | मोहन विरही (२००२-२०५५) | गरिबको आँसु (२०२४), वरपिपल (२०४४) |
| ३. | कल्पना प्रधान (२००३) | रूपैँया फल्ने रुख (२०३८), मेरो सानो घोडा (२०३८), हीरा र मोती (२०३९), पञ्चतन्त्रका पाँचकथा (२०४०), अर्थ न वर्थका कुरा (२०४०), सेती परी काली पारी (२०४२), खिच्रीमिच्री (२०४४), अपरा (२०४५), शोकाकुल ढुङ्गाहरू (२०४२), सुनचाँदीको बालक (२०५३), दयालु परी (२०५३), घोडाको मोल (२०५४), मित्रता (२०५४), बीनाको बर्थडे (२०५५), दाउरेको छोरो (२०५६), हिमकन्या (२०५८), मामाको बिहे (२०५८) |

| | | |
|---|---|---|
| ४. | हिराधन राई (२००८) | खोलीबुङ (२०६५) |
| ५. | बी.थुलुङ (२०१०) | अनुभूत (लघुकथासङ्ग्रह, २०६३) |
| ६. | विष्णु राई (२०१३) | माला (२०३६), परपर (२०५५) |
| ७. | मालिकराम राई वियोगी (२०१७) | विवशता (२०५८), सयपत्री (२०६०), मालिकराम राईका कथाहरू (२०६५) |
| ८. | विष्णु आभूषण (२०२०) | फूल कोपीला (२०३६), मनको फ्रेमबाहिर एउटा तस्बिर (२०६४) |
| ९. | रक्ष राई (२०२०) | सहिदकी आमाको लास (२०५७), बालुवामा अर्को नेपाल (२०६१) |
| ९. | राम क्षितिज (२०२२) | फूल, फूलहरू अनि फूलहरू (संयुक्त कथासङ्ग्रह) |
| १०. | चमा थुलुङ (२०२६) | मेरो तर्कबहादुर (२०५६) |
| ११. | रामविक्रम थापा (२०२६) | पात्रहरू (लघुकथासङ्ग्रह, २०५५) |
| १२. | बबिता बस्नेत (२०२८) | सम्बन्धहीन सम्बन्ध(२०६५) |
| १३. | होमशंकर बास्तोला (२०३१) | आँसुका झरनाहरू(२०५८) |

### २.३.४ खोटाङ जिल्लाका उपन्यासकारहरू

खोटाङ जिल्लामा चन्द्र नेपाली, तेजप्रसाद पोखेल, विश्वगोपाल लम्साल, मोहन विरही, कल्पना प्रधान, खेमराज खनाल, रामकृष्ण राई, रामप्रसाद रेग्मी, विष्णु आभूषण, शिवकुमार राई, रामकृष्ण बान्तवा, धनप्रसाद सुवेदी 'श्रमिक', रत्न सुन्चेउरी, शालिक शातासक, प्रेम पाखिनका उपन्यास प्रकाशित छन् । खोटाङ जिल्लाका उपन्यासकार र तिनका उपन्यास कृति यसप्रकार छन्-

| क्र.सं. | कथाकार | कृति |
|---|---|---|
| १. | चन्द्र नेपाली (१९९२-२०४८) | बाबरी (२०४१), बिहीबारे हाट (ई.१९८७), नौ चेलीका माइती (ई.१९६४), प्रेममाया (२०२७), जयश्री ( ? ) |
| २. | तेजप्रसाद पोखेल (१९९८) | आकासिइदै गयो आकाश (२०५१) |
| ३. | मोहन विरही (२००२-२०५५) | मिलन (२०२३), एउटा जीवन एउटा मृत्यु |

| | | |
|---|---|---|
| | | (२०२४), गाउँले नानी (२०५९) |
| ४. | कल्पना प्रधान (२००३) | खरायो र उसको छायाँ (२०४७), ल्वाँदे र ग्वाँदे ( २०५४), पराक्रमी फर्सी (२०५८) |
| ५. | विश्वगोपाल लम्साल (२००३) | आवरण (२०२८), प्रतिशोध ( ), अन्तिम परिच्छेद (२०३०) समर्पण ( ), कलंकिनी (२०४२) |
| ६. | खेमराज खनाल, 'खखेरा' (२००४) | काठमाडौँदेखि मास्कोसम्म (२०३८) |
| ७. | रामकृष्ण राई (?) | कालो पर्दा(?) |
| ८. | रामप्रसाद रेग्मी (?) | समेटिएको आँसु(?) |
| ९.. | विष्णु आभूषण(२०२०) | अनायास(२०५१) |
| १०. | शिवकुमार राई(२०२१) | क्षितिजपारिमा(२०५१) |
| ११. | रामकृष्ण वान्तवा (२०२३) | खरानी (ई. १९८८), आत्मा (ई.१९९६) राधाराम (ई.१९९७), आमाछोरी (ई.१९९८), सघन तुवाँलो (ई.२००७) |
| १२ | धनप्रसाद सुवेदी 'श्रमिक' (२०२६) | सानो स्वार्थ भयङ्कर अपराध (२०५१) |
| १३. | रत्न सुन्चेउरी (२०३१) | सीमा (२०६०) |
| १४. | शालिक शातासक (२०३८) | प्यारुला (२०५९) |
| १५. | प्रेम पाखिन (२०४१) | लक्ष्य (२०६१) |
| १६. | कृष्णकुमार राई (२०२४) | खोचिलिपा(चाम्लिङ भाषाको उपन्यास, २०६४) |

यीबाहेक मननराज पोखरेलको 'मान्छे : एउटा ब्रह्माण्ड' र 'शब्दका कथा' र पुरीको 'बेचिएकी चेली' उपन्यास प्रकाशित भएको सूचना पाइन्छ (रेग्मी, २०५३ : ६१-६५) तर 'मान्छे : एउटा ब्रह्माण्ड' उपन्यासको पाण्डुलिपि अप्रकाशित छ भने 'शब्दका कथा' उपन्यास नभएर भाषिक लेखहरूको अप्रकाशित पाण्डुलिपि मात्र हो । 'बेचिएकी चेली' प्रकाशनका लागि छापाखानामा दिएर उपन्यासकार वैदेशिक रोजगारीका लागि विदेशतिर लागेका र पछि फर्किएर आउँदा पाण्डुलिपि नै हराएकाले खोजी भइरहेको थाहा भएको छ । त्यस्तै रामकृष्ण राई र रामप्रसाद रेग्मीका उपन्यासक कृति फेला पार्न सकिएन । चन्द्र

नेपालीका 'जयश्री' र 'प्रेममाया', मोहन विरहीका 'गाउँले नानी' बाहेकका अन्य उपन्यासहरू र विश्वगोपाल लम्सालका 'आवरण', 'प्रतिशोध' र 'समर्पण' उपन्यास पनि उपलब्ध हुन सकेनन् ।

### २.३.५ खोटाङ जिल्लाका नाटककारहरू

पञ्चायतकालमा खोटाङ जिल्लाका गाउँगाउँमा नाटकहरू लेखेर मञ्चन गर्ने गरिन्थ्यो । यसरी मञ्चन भएका नाटकहरू प्रकाशित भएको पाइँदैन । खोटाङका पुराना साहित्यकार चन्द्र नेपालीको 'आकाश कुसुम', धनकुटामा जन्मेर खोटाङ खार्पाका तेजप्रसाद पोखेलसँग विवाह भएकी सावित्री पाखेल (१९९६) को 'कलङ्की समाज' (२०१५), मोहन विरहीको 'हत्यारा'(२०५१), रामकृष्ण वान्तवाको 'अशिक्षाको प्रतिफल' (ई.१९९५) र मायाजाल (ई.१९९९), राम क्षितिजको 'बजार र सडकहरू' (२०५१) प्रकाशित नाट्यकृति हुन् । भीमबहादुर थापा, दाजु चक्र मोक्तान, गोकुल परियार, नगेन्द्रराज रेग्मीलगायतका स्रष्टाका एकाङ्की तथा रेडियो रूपकहरू प्रकाशित छन् । भीमबहादुर थापा र सुनिल पोखेल नेपाली रङ्गमञ्चका ख्यातिप्राप्त नाम हुन् । त्यसो त लक्ष्मी गिरी, नवल खड्का, राजकुमार राई, श्याम कटुवाललगायतका कलाकारहरू चलचित्र क्षेत्रमा सक्रिय रहेको पाइन्छ ।

### २.३.६ खोटाङका निबन्धकार तथा गद्यलेखक

निबन्ध, नियात्रा, संस्मरण र साहित्येतर प्रबन्धात्मक रचना, समसामयिक तथा राजनीतिक लेखहरू र अर्थशास्त्र, कानुन, वाणिज्य, विज्ञान, कृषि, पत्रकारिता, स्वास्थ्य आदि विषयमा फुटकर तथा पुस्तकाकार कृति प्रकाशित गर्ने खोटाङका लेखकहरू प्रशस्त छन् । तुलसीप्रसाद रेग्मी, तेजप्रसाद उपाध्याय (पोखेल), भवकृष्ण अधिकारी, मोहन घिमिरे, शरदकुमार भट्टराई, खेमराज खनाल, अच्युतरमण अधिकारी, माधव भट्टराई, दाहाल यज्ञनिधि, श्यामकुमार अधिकारी, प्रल्हाद आचार्य, विष्णु राई, गणेश राई, गोविन्दप्रसाद आचार्य 'विसाचा', चन्द्र दुमी, पर्वत शृङ्खला, चक्रपाणि खनाल, विष्णु आभूषण, नगेन्द्रराज रेग्मी, नरजित राई, रमेश रोका, चमा थुलुङ, एम.सि.सुमित, रामविक्रम थापा, किन्दर राई, देवविक्रम राई, धनप्रसाद सुवेदी 'श्रमिक', ज्ञानेन्द्र विवश, टङ्क भट्टराई, बविता बस्नेत, शान्तिराम राई, वेदीकुमार राई, भोगेन एक्ले, रेखा राई 'क्षितिज', यादेवी ढकाल, सुरेश

हाचेकाली, जगत, नवोदित आदि स्रष्टाहरू साहित्य तथा साहित्येतर लेखनमा सक्रिय भएको पाइन्छ ।

समसामयिक राजनीतिक तथा अन्य विषयमा खोटाङका मणिराम पोखेल, विदुर पौडेल, गणेश अधिकारी, नारायणप्रसाद जोशी, चतुरभक्त राई, अशोक राई, टङ्क राई, कुलप्रसाद फुयल, हरि रोका, गिरीराजमणि पोखरेल, देवराज राई, राजेश्वर निरौला, जीवन खडका, विशाल भट्टराई, पिके राई, परशुराम कार्की, विष्णु आभूषण ,उत्तम भट्टराई, प्रभुनाथ शर्मा, जीवन अधिकारी, हिराकुमार राई, रमेश राई, बबि चाम्लिङ, बाबुराम न्यौपाने, राम दङ्गाल, चण्डिका प्रवासी, रमेश राई, वीरवलकाजी राई, ध्रुव बुढाथोकी (धिरण), टङ्क थापा, परशु लिम्बु, दीपनारायण रिजाल, नवीन राई 'अभिशेष' आदि देखिन्छन् । ज्ञानविज्ञानका विविध विषयमा लेखरचना प्रकाशित गर्ने खोटाङका लेखकहरूमा पुन्यप्रसाद दाहाल, वीरेन्द्रकेशरी पोखरेल, मदन राई (रतन्छा), घननाथ ओझा, टंकबहादुर राई, मच्छिन्द्र वजिमय, लक्ष्मीप्रसाद दाहाल, रत्नकुमार गिरी, विनोद रोका, नरेन्द्र निर्विकार, शेरबहादुर तामाङ, डा.नारायण पोखरेल, डा.अजम्बर राई आदि देखिन्छन् । इतिहास, संस्कृति र समसामयिक विषयमा लेख/रचना लेख्ने खोटाङका लेखकहरूमा बयानसिं राई, बम थुलुङ, चतुरभक्त राई, ओमप्रसाद सुवेदी 'ओजस्वी', सर्वधन राई (बुइपा), भूपेन्द्र राई आदि देखिन्छन् । त्यस्तै भाषिक, साहित्यिक तथा सांस्कृतिक विषयमा समसामयिक तथा वैचारिक लेख लेख्नेहरूमा मननराज पोखरेल, कैलाश राई, धनप्रसाद सुवेदी 'श्रमिक', भोगीराज चाम्लिङ, प्रकाश राई, नीरज साम्पाङ आदि देखिन्छन् । लैंगिक समानता तथा समसामयिक विषयमा सुशीला श्रेष्ठ, सुशीला ढकाल, बबीता बस्नेत, शर्मिला कार्की, सुश्री भूवन राई आदिले कलम चलाएको पाइन्छ । पत्रकारिता क्षेत्रबाट कलम चलाउने लेखकहरूमा कृष्णप्रसाद आचार्य , महेन्द्र विष्ट, केजिन राई, भूपराज खड्का, बबिता बस्नेत, दीपक पाण्डे, युवराज आचार्य, उजुर राई, किशनचन्द्र राई, डम्बर हम्राङ, रविन चाम्लिङ, गणेश थापा आदि छन् ।

खोटाङे स्रष्टाद्वारा लिखित निबन्धात्मक तथा ज्ञानविज्ञानका प्रकाशित प्रमुख पुस्तकहरू यसप्रकार छन् :-

| | | |
|---|---|---|
| १. | तुलसीप्रसाद रेग्मी (१९८२) | उदयपुर जिल्ला परिचय(२०४३), माझी जाति एक परिचय(२०४४) |
| २. | तेजप्रसाद उपाध्याय (पोखेल) | अतीततिर फर्किएर हेर्दा (संस्मरण, २०५०) |
| ३. | पर्खनबहादुर राई (१९९६) | किरात राई चाम्लिङ बाडाछा(माथा) पाछाको वंशावली (२०६१) |
| ४. | पुण्यप्रसाद पोखेल (१९९७) | पोखेलको वंशावली (२०२७) |
| ५. | | |
| ६. | भवकृष्ण अधिकारी(१९९८) | सहजयोग समाधिस्थित आध्यात्मिक विज्ञान ..... |
| ७. | लक्ष्मीप्रसाद दाहाल (१९९८) | प्रमाण कानुनः केही व्याख्या, हिन्दू विधिशास्त्र, फौजदारी कानुन केही विवेचना, सटिक कानुन सूक्ति सङ्ग्रह, सम्पत्ति कानुन, श्रमकानुन, न्याय सन्दर्भ |
| ८. | | |
| ९. | खेमराज खनाल 'खखेरा' | नेपालको ऐतिहासिक चर्चा |
| १०. | पुण्यप्रसाद दाहाल | प्रशासनसम्बन्धी विविध पुस्तकहरू |
| ११. | बयानसिं राई(२००५) | उत्पत्ति र परम्पराका चाम्लिङ्ग मिथकहरू(२०५५), रोदुङ रीलुङ (किरात सँस्कृति, २०६२), चाम्लिङ नेपाली शब्दकोश, २०५९) |

| | | |
|---|---|---|
| १२. | टंकहादुर राई (२००८) | नेपालको जातीय समस्या, विश्लेषण र समाधान(ई १९८०), रामप्रसाद राई (एक झलक)(ई १९८१), नेपालमा जातीय समस्या र जातिको आत्मनिर्णयको अधिकार (ई १९८२), जातीय प्रश्नबारे केही भ्रमपूर्ण विचारहरूको खण्डन(ई १९८२), किरात पहिचानको निम्ति बितेको बीस वर्ष (२०५७), किरातहरूको धर्म र संस्कृति-संक्षिप्त अध्ययन(२०६०), किरात इतिहासको रूपरेखा (२०६०), किरातहरूको भाषिक अधिकार, सरकारी नीति र हाम्रो सङ्घर्ष(२०६२), किरातहरूको आत्मनिर्णयको अधिकार ( २०६२), |
| १३. | मच्छिन्द्र बजिमय | वाणिज्य तथा व्यवस्थापन विषयका विविध पुस्तकहरू |
| १४. | तिलक चाम्लिङ | पहिलो किताब(राई) (२०५६) |
| १५. | कृष्णप्रसाद भण्डारी (२०१०) | भण्डारीका लेख भण्डारीकै सङ्कलन (२०४८) |
| १६. | घननाथ ओझा | प्रशासनसम्बन्धी पुस्तकहरू |
| १७. | रत्नकुमार गिरी (ई.२०४८) | भ्यासेक्टोमी मूल्याङ्कन अध्ययन (२०४०), आधारभुत स्वास्थ्य पुस्तक (२०५५), स्वास्थ्य कार्यकर्ताहरूको परीक्षा निर्देशिका (२०५४), सामुदायिक स्वास्थ्य, संस्कृति निरूपण र विकास (२०५६), सामुदायिक स्वास्थ्य शिक्षा र सम्भार (२०५६), व्यावहारिक परीक्षा निर्देशिका (२०५७), |

| | | |
|---|---|---|
| | | प्रवेश परीक्षा तयारी पुस्तक (२०५८), |
| १८. | टङ्कनाथ निरौला | निरौलाको वंशावली |
| १९. | डा. विष्णु राई (२०१३) | Socio-political Anthropology in Nepal (2007) |
| २०. | देवराज राई (२०१६) | सुन्दर, सक्षम र सभ्य सङ्घीय नयाँ नेपाल (२०६३) |
| २१. | गणेश राई | राइफलको नालबाट जीवन नियाँल्दा (संस्मरण, २०६२) |
| २२. | नरजीत राई (२०१९) | आकाश खोज्दै जाँदा -नियात्रा, २०६३) |
| २३. | चण्डिका प्रवासी | नेपालको संसदमा जनजातिको प्रतिनिधित्व ( २०५६) |
| २४. | पेशलकुमार राई | किरात दर्शन |
| २५. | शान्तिराम राई (२०२७) | माई फिफ्टिन इयर्स (संस्मरण, २०५९), सङ्गीत तथा वाद्यवादन(पाठ्यपुस्तक, कक्षा ९ र १०) |
| २६. | ज्ञानेन्द्र विवश(२०२७) | सम्वेदनाका स्वरहरू (सह.२०५४), क्यानभासका तरङ्गहरू(२०५५), राराकी अप्सरा(२०५८), प्रणय र पाइलाहरू |
| २७. | भोगीराज चाम्लिङ | अनुवाद- माआका दुर्लभ रचनाहरू (२०६४), जातीय स्वायत्तता र आत्मनिर्णयको अधिकार (२०६५) |
| २८. | उद्धव रिजाल | लोकसेवाको परीक्षासम्बन्धी पुस्तकहरू |
| २९. | भूपेन्द्र राई | राजतन्त्रको पतनमा सल्लाहकारपरिषद्को भूमिका (२०६५) |

यीबाहेक राई (किराती ) भाषामा विभिन्न पुस्तक, पाठ्यपुस्तक प्रकाशित भएका छन् ।

### २.३.७ खोटाङ जिल्लाका समालोचकहरू

खोटाङ जिल्लाका प्रमुख समालोचकहरूमा खेमरञ्जन भट्टराई, शरदकुमार भट्टराई, राधेश्याम भट्टराई, माधव भट्टराई, अच्युतरमण अधिकारी, गोविन्दप्रसाद भट्टराई, हरिप्रसाद पराजुली, दाहाल यज्ञनिधि, चक्रपाणि खनाल, श्यामकुमार अधिकारी (हिँडपाली साँहिलो), कुमार आचार्य, रामकुमार राई, ध्रुव भट्टराई, नगेन्द्रराज रेग्मी, रमेश रोका, रामप्रसाद राई, कैलाश राई, देवविक्रम राई, धनप्रसाद सुवेदी 'श्रमिक', रामविक्रम थापा, भोगीराज चाम्लिङ, चमा थुलुङ, टङ्क भट्टराई, भागवत आचार्य, वेदीकुमार राई, सुरेश हाचेकाली आदि देखिन्छन् । यी समालोचकहरूको कतिपयका पुस्तकाकार कृति र कतिपयका फुटकर समालोचना प्रकाशित छन् ।

| क.सं. | समालोचक | कृति |
|---|---|---|
| १. | शरदकुमार भट्टराई (१९९९) | उसैका लागि र फेरि उसैका लागि एक अध्ययन (२०२७), ऋतुमन्थन (२०४४) |
| २. | अच्युतरमण अधिकारी(२००८) | विवेचनै विवेचना, नेपाली त्रैमासिक रचनात्मक मूल्याङ्कन |
| ३. | हरिप्रसाद पराजुली(२०११) | विश्वेश्वरप्रसाद कोइरालाका कथा, |
| ४. | श्यामकुमार अधिकारी(२०१३) | नेपालको पूर्वाञ्चल क्षेत्रमा साहित्य (२०५०) |
| ५. | नगेन्द्रराज रेग्मी(२०२०) | खोटाङ जिल्लाको साहित्यिक रूपरेखा (२०५३) |
| ६. | रामकुमार राई (२०२२) | पाठ्यक्रमसँग सम्बन्धित पुस्तकहरू |
| ७. | ध्रुवराज  भट्टराई (२०२२) | पाठ्यक्रमसँग सम्बन्धित पुस्तकहरू |
| ८. | धनप्रसाद सुवेदी 'श्रमिक' | नेपाली उपन्यासमा आञ्चलिकता (२०५६) |
| ९. | भागवत आचार्य(२०२८) | पाठ्यक्रमसँग सम्बन्धित पुस्तकहरू |

खोटाङ जिल्लाका विभिन्न शोधकर्ताहरूले औपचारिक शिक्षा पूरा गर्ने क्रममा भाषा साहित्यसम्बन्धी शोध/अनुसन्धान गरेका छन् ।

### २.३.८ खोटाङ जिल्लामा पुस्तकालय

खोटाङको साहित्यिक विकासका लागि विभिन्न पुस्तकालयको भूमिका उल्लेखनीय रहेको छ । वि.सं. २०१४/१५ सालतिर खोटाङको बुइपामा युवा विद्यार्थीहरू भक्त श्रेष्ठ आदिको सक्रियतामा जनविकास पुस्तकालय स्थापना भयो (राई, २०६० :१५३) । यसपछि बुइपा गाविसमै २०१८ सालमा **भानु पुस्तकालय** स्थापना भयो । राल्फाली आन्दोलनका रामेश, मन्जुलहरू २०२७/२८ सालतिर दिक्तेल, बुइपाजस्ता ठाउँमा आएर साहित्यिक अभियान चलाउन थाले । यही सिलसिलामा उनीहरूकै सल्लाहमा बुइपाबाट 'आक्रोश' पत्रिका सम्पादन भई वनारसमा लगेर छापियो र यही सिलसिलामा दिक्तेल बजारमा रुद्र राईको अध्यक्षतामा **जनउत्थान पुस्तकालय** खोलियो । यस पुस्तकालयको अगुवाइमा रामेश र

मन्जुलको उपस्थितिमा 'तीस रूपैयाको नोट' शीर्षक नाटक मञ्चन गर्ने भएपछि जिल्ला प्रशासन कार्यालयले पुस्तकालयमाथि प्रतिबन्ध लगायो (राई, २०६० :१५३) ।

खोटाङ जिल्लाको सुदूर उत्तरमा पर्ने ऐँसेलुखर्कमा हेमन्तराज सुमनहरूको सक्रियतामा उनकै घरमा पुस्तकालय खोलिएको थियो । त्यस पुस्तकालयमा अधिकांश मार्क्सवादी पुस्तकहरू भएकाले पञ्चायती दमन, बढ्दै जाँदा कतिपय पुस्तकहरू डढाइए र कतिपय पुस्तक त्रिभुवन मा.वि. (हाल उच्च मा.वि.) लाई दिइयो । दिक्तेलको जनउत्थान पुस्तकालयमाथि प्रतिबन्ध लागेपछि दिक्तेलबजारका गेहकुमार सैंजुहरूको सक्रियतामा कर्मपुस्तकालयको स्थापना भयो । हाल यो पुस्तकालय सञ्चालनमा आउन सकेको छैन ( राई, २०६० :१६-१७) । यसरी खोटाङ जिल्लाका विभिन्न क्षेत्रमा विभिन्न समयमा विभिन्न पुस्तकालय खोलिएका छन् । मुख्य-मुख्य पुस्तकालयहरू यसप्रकार छन् -

| क्र.सं. | पुस्तकालय | स्थापना साल | सक्रियता/कैफियत |
|---|---|---|---|
| १. | जनविकास पुस्तकालय, बुइपा | २०१४/१५ | भक्त श्रेष्ठ, दीपक श्रेष्ठ |
| २. | भानु पुस्तकालय, बुइपा | २०१८ | धनवर्ण राई, देवराज ढकाल |
| ३. | जनउत्थान पुस्तकालय, दिक्तेल | २०२७/२८ | रुद्र राई, गेहकुमार सैंजु |
| ४. | कर्म पुस्तकालय, दिक्तेल | २०२८ | गेहकुमार सैंजु |
| ५. | सौजन्य पुस्तकालय, दिक्तेल | २०५१ | तेजना सैंजु, रविन्द्र सैंजु |
| ६. | मुन्धुम पुस्तकालय, रतन्छा | २०५१ | गोपाल किराती र अन्य |
| ७. | त्रिभुवन मा.वि.पुस्तकालय, ऐँसेलुखर्क | - | विभिन्न व्यक्ति तथा सङ्घ संस्थाको सहयोग |
| ८. | शारदा पुस्तकालय, डुम्रे | २०२५ | अच्युतरमण अधिकारी |
| ९. | हाम्रो राम्रो बादेल पुस्तकालय, बादेल, बाकाचोल | २०५३ | प्रतापसिंह राई'नाछिरिङ' |
| १०. | जनसेवा सामुदायिक पुस्तकालय, जालपा | २०५७ | ४००० जति पुस्तकहरू |

| | | | |
|---|---|---|---|
| ११. | दिक्तेल क्याम्पस पुस्तकालय | २०३७ | करिब २५ हजार पुस्तक |
| १२. | सिम्पानी उमावि पुस्तकालय | २०४५ | अमेरिकन नागरिक जोफ लोगनको सक्रियता |
| १३. | सरस्वती उमावि पुस्तकालय, दिक्तेल | – | करिब ३००० पुस्तक |
| १४. | विकास पुस्तकालय, चिसापानी | २०३४ | - |
| १५. | जनचेतना पुस्तकालय, खोटाङबजार | २०४७ | नरनाथ गेलल, पर्वत भट्टराई |
| १६. | जनज्योति पुस्तकालय, दिक्तेल | २०५३ | जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको |
| १७. | जयपति ज्ञानकुञ्ज पुस्तकालय, दिक्तेलबजार | २०६० | - |

यीबाहेक खोटाङ विकास मञ्चको पहलमा 'रुम टु रिड' कार्यक्रमअन्तर्गत खोटाङ जिल्लाका निम्नठाउँमा पुस्तकालय सञ्चालनमा छन्: –

१. सरस्वती मा.वि. पुस्तकालय पाथेका, खोटाङ
२. सरस्वती उ.मा.वि. पुस्तकालय दिक्तेल, खोटाङ
३. सरस्वती निमावि  पुस्तकालय, पोखरी, दिक्तेल खोटाङ
४. फुलपाती प्रा.वि. पुस्तकालय पाथेका, खोटाङ
५. कृष्ण मा.वि. पुस्तकालय टेम्मा, खोटाङ
६. जालपा मा.वि. पुस्तकालय नुनथला, खोटाङ
७. शीतला मा.वि  पुस्तकालय खाल्ले, खोटाङ
८. कालिका मा.वि. पुस्तकालय नेर्पा, खोटाङ
९. शिशु मा.वि. पुस्तकालय टेम्मा, खोटाङ
१०. सावित्रा मा.वि. पुस्तकालय बाम्राङ, खोटाङ
११. साकेला मा.वि. पुस्तकालय रतन्छा, खोटाङ
१२. श्री मा.वि. पुस्तकालय मझुवा, लफ्याङ

हाल जिल्लाका अन्य विभिन्न ठाउँमा स्थानीय स्तरमा र कतिपय विद्यालयहरूमा पुस्तकालय स्थापना भएका छन् । यी पुस्तकालयले खोटाङको साहित्यिक विकासमा सहयोग पुऱ्याएका छन ।

**२.३.९ साहित्यका लागि सामूहिक प्रयत्न (सङ्घ/संस्था, आन्दोलन)**

खोटाङको साहित्यिक उत्थानमा विभिन्न सङ्घ/संस्था तथा आन्दोलन/अभियानहरूको महत्वपूर्ण भूमिका रहेको छ । राणाकालमा यसप्रकारको पहल भएको सूचना उपलब्ध हुन सकेको छैन । वि.सं. २०१४/१५ सालमा बुइपामा पुस्तकालयको स्थापना र २०२० सालदेखि 'गोरेटो' पत्रिकाको स्थापनाजस्ता सामाजिक तथा साहित्यिक कार्यमा भक्त श्रेष्ठ, दीपक श्रेष्ठ, पशुपति भट्टराई, देवराज ढकाल, गोरखबहादुर श्रेष्ठ ( ओखलढुङ्गा), राल्फा आन्दोलनका रामेश, रायन र मन्जुल, जसराज किराती, हिराधन राईलगायतको व्यक्तिगत तथा सामूहिक प्रयास भएको देखिन्छ (राई, २०५८ :६९-७५) । त्यतिबेलाको सगरमाथा अञ्चल पञ्चायतको आयोजना र खोटाङ (त्यतिबेलाको सोलु)का हेमन्तराज सुमन (लक्ष्मीदास राजभण्डारी), ओखलढुङ्गाका भीमबहादुर श्रेष्ठ, प्रेमनारायण प्रेमी, महेश्वरी श्रेष्ठ तथा भोजपुरका प्रज्ञारत्न विरही, गणेश रसिक र भुइँदल राईसमेतको व्यवस्थापनमा ओखलढुङ्गामा अञ्चल स्तरीय वृहत् साहित्यिक महोत्सव भएको थियो । यसले यस क्षेत्रको साहित्यिक विकासमा सहयोग गरेको थियो । त्यस्तै यस क्षेत्रको साहित्यिक विकास गर्ने उद्देश्यले २०२२ सालतिर हेमन्तराज सुमनको संयोजकत्वमा सैलेन्द्र साकार, केशवप्रसाद उपाध्याय आदि सदस्य रहेको 'सगरमाथा साहित्यिक समिति' बनाइएको थियो । तर यसले खासै काम भने गर्न सकेन ।

खोटाङको साहित्यिक विकासमा हिमाली क्लब दिक्तेलको योगदानलाई भुल्न मिल्दैन । यस क्लवले कवि जसराज किरातीको 'उज्यालो खोज्ने आखाहरू' (कविता सङग्रह, २०३७) र 'खोटाङका केही कविता' (सयुंक्त कविता सङ्ग्रह,२०३७) गरी दुईवटा पुस्तक प्रकाशन गऱ्यो ।

खोटाङमा साहित्यिक वातावरण बनाउन यस जिल्लामा कर्मचारी भएर आउने साहित्यकारहरूको पहल पनि उल्लेखनीय छ । खोटाङमा प्रमुख जिल्ला अधिकारी भएका ( २०३६/३७ सालतिर) साहित्यकार परशु प्रधानको योगदान महत्वपूर्ण छ । यसैबीच २०४२ सालमा पूर्वाञ्चल साहित्यिक प्रतिष्ठान सम्पर्क समिति खोटाङको गठन गरियो । यसको

अध्यक्ष बम थुलुङ र सदस्यहरू भवकृष्ण ढकाल, राजकुमार राई, ध्रुव वजिमय, जसराज किराती, हिराधन राई, मनोज श्रेष्ठ, गौरीप्रसाद रेग्मी, विष्णु ज्ञवाली, काशी राई र रामविक्रम थापा रहेका थिए । यस समितिले 'हलेसी' पत्रिकाको प्रकाशन गरेको थियो ।

खोटाङ जिल्लाको साहित्यिक विकासमा २०५२ साल साउन १७ गते दिक्तेल क्याम्पसका विद्यार्थीहरू धनप्रसाद सुवेदी, मनकुमार राई, मनविक्रम राई, दिलकुमार खड्का, केशवप्रसाद आचार्य, कल्याण रोका, टङ्क भट्टराई, रेखा राई, यादेवी ढकालहरूको सक्रियतामा नवप्रतिभा साहित्यिक मञ्च खोटाङको गठन भयो । धनप्रसाद सुवेदी अध्यक्ष रहेको यस मञ्चमा गोविन्दप्रसाद आचार्य 'विसाचा' उपाध्यक्ष, टङ्क भट्टराई सचिव, केशवप्रसाद आचार्य सहसचिव, रेखा राई कोषाध्यक्ष र दिलकुमार खड्का, मनकुमार राई, यादेवी ढकाल, मनविक्रम राई, कल्याण रोका र भगत राई सदस्य रहेका थिए । यसमा पछि गोविन्दप्रसाद आचार्य, सुकराज राई र रामविक्रम थापा अध्यक्ष भए ('प्रतिभा'का अङ्क १-६) । वि. सं. २०६० पछि धनप्रसाद सुवेदी, बम थुलुङ, चक्र मक्तान, सुकराज राई, विष्णु आभूषण, प्रह्लाद पोखेल आदिको सक्रियतामा यस मञ्चलाई विस्तार गरेर राष्ट्रिय वाङ्मय-कला प्रतिष्ठान बनाइयो । यस प्रतिष्ठानले करिब १ दर्जनजति पुस्तक र 'वाङ्मय' नामक द्वैमासिक पत्रिका प्रकाशित गरेको छ । यही प्रतिष्ठानका मातहतमा खोलिएको 'खोटाङ गजल मञ्च'ले पत्रिका प्रकाशन लगायतका साहित्यिक कार्यक्रम र गजल सङ्ग्रहहरू प्रकाशित गरेको छ ।

खोटाङको साहित्यिक विकासका लागि प्रगतिशील लेखक सङ्घ खोटाङ शाखा, गतिशील परिवार खोटाङ, सिर्जनशील साहित्यिक परिवार नुनथला, जनउत्थान सङ्घ, दुर्छिमजस्ता सङ्घ/संस्थाको भूमिका उल्लेखनीय छ । नव प्रतिभा साहित्यिक मञ्चले खोटाङको बुइपा लगायतका ठाउँमा साहित्यिक अभियान सञ्चालन गरेको थियो । प्रगतिशील लेखक सङ्घले अभियानका रूपमा खोटाङको रतन्छा, दिक्तेल, नुनथला र जालपामा साहित्यिक कार्यक्रम सञ्चालन गऱ्यो । तत्कालीन राजा ज्ञानेन्द्रबाट २०५९ असोज १८ मा जननिर्वाचित सरकारको विघटन गरेपछि खोटाङका स्रष्टाहरूले 'सडक साहित्यिक अभियान' चलाए । विष्णु आभूषण, रमेश पौडेल, धनप्रसाद सुवेदी, चित्र सुवेदी, वेदीकुमार राई, विशाल भट्टराई लगायतको सक्रियतामा यस्ता थुप्रै कार्यक्रमहरू सञ्चालन गरिए ।

खोटाङको साहित्यिक विकासमा खोटाङबाहिर रहेका सङ्घ/संस्थाको भूमिका पनि उल्लेखनीय रहेको छ । कतार, साउदी अरब, दुबई, मलेसिया, हङकङ, कोरिया र देशभित्र काठमाडौँ, धरान, विराटनगर आदि ठाउँमा रहेका खोटाङेहरूले विभिन्न समूह बनाइ साहित्यिक कार्यक्रम, पत्रपत्रिका प्रकाशन गरेका छन् । दिक्तेल क्याम्पस दिक्तेल, चम्पावती मा.वि. बुइपा, जालपा मा.वि नुनथला, भगवती मा.वि. खोटाङ, सिम्पानी मा.वि., चिसापानी मा.वि., जालपा उमावि जालपा, सौजन्य पुस्तकालय दिक्तेल, रेयुकाई लगायतका शैक्षिक तथा सामाजिक सङ्घ सस्थाहरूले साहित्यिक गतिविधि गरेर योगदान पुऱ्याएका छन् । खोटाङको साहित्यिक विकासमा यहाँका राजनीतिक पार्टी र तिनका जनवर्गीय सङ्गठनहरूको भूमिका पनि उल्लेखीय छ । नेकपा(माओवादी) को जनसांस्कृतिक सगंठन- अखिल नेपाल जनसांस्कृतिक महासङ्घ र यसअन्तर्गत सामना परिवार र खोटाङ जिल्लामा क्रियाशील **लालकिरात जनसांस्कृति सङ्घ,** तत्कालीन जनमोर्चा निकटको **इसास** तथा प्रगतिशील सांस्कृतिक सङ्गठन, एमालेको **राष्ट्रिय जनसांस्कृतिक मञ्च** तथा नेकपा(माले), नेकपा (एकीकृत) का सांस्कृतिक सङ्गठनले गीति-साहित्यका क्षेत्रमा काम गरेका छन् ।

खोटाङमा साहित्यिक वातावरण बनाउन सहयोग पुऱ्याउने जिल्लाभित्र तथा जिल्लाबाहिर रहेका सङ्घ/संस्थाहरू यसप्रकार छन् ।

१. **पूर्वाञ्चल साहित्यिक प्रतिष्ठान सम्पर्क समिति**, दिक्तेल(२०४२)- साहित्यिक प्रतियोगिता, गोष्ठी,'हलेसी' पत्रिकाका दुई अंक प्रकाशन ।

२ **साहित्यिक सञ्चार समूह**(२०४६), काठमाडौँ- नियमित प्रकाशन,केही पुस्तकको प्रकाशन ।

३ **हिँडपाली साहित्यिक परिवार, विराटनगर-** दिक्तेलमा भानु प्रतिभाको स्थापना, केही पुरस्कारहरूको स्थापना ।

४ **नवप्रतिभा साहित्यिक मञ्च, खोटाङ,दिक्तेल** (२०५२)- छ अङ्क 'प्रतिभा' पत्रिका प्रकाशन, साहित्यिक गोष्ठीहरू, साहित्यिक अभियानहरू सञ्चालन ।

५ **सौजन्य पुस्तकालय दिक्तेल**(२०५१)- पत्रिका प्रकाशन, साहित्यिक गोष्ठीहरू सञ्चालन ।

६ **राष्ट्रिय वाङमय कला प्रतिष्ठान नेपाल, खोटाङ ,दिक्तेल**(२०६०)–१ दर्जनजति पुस्तक प्रकाशन । साहित्यिक गोष्ठिहरू र 'वाङ्मय' नामक पत्रिका प्रकाशन ।

७ **प्रगतिशील लेखक सङ्घ, खोटाङ शाखा**(२०५७) -पत्रिका प्रकाशन तथा साहित्यिक अभियान र गोष्ठीहरू सञ्चालन ।

८ **खोटाङ गजल मञ्च, दिक्तेल**(२०६१)-गजल पत्रिका तथा गजल गोष्ठीहरू सञ्चालन ।

९ **रावासावा प्राज्ञिक समाज नेपाल, काठमाडौँ**(२०६४)- गोष्ठी तथा प्रकाशन ।

१० **जनउत्थान सङ्घ दुर्छिम** - गोष्ठी तथा पत्रिका प्रकाशन ।

११ **सिर्जनशील परिवार नुनथला** -साहित्यिक गोष्ठी तथा पत्रिका प्रकाशन

१२ **खोटाङ सेवा समाज, काठमाडौँ र विदेशस्थित खोटाङ सेवा समाज**हरू- काठमाडौँ तथा विश्वका विभिन्न मुलूकहरू–साहित्यिक गोष्ठी तथा पुस्तक/पत्रिका प्रकाशन ।

१३ **सञ्जीवनी नारी साहित्यिक मञ्च, दिक्तेल**(२०६४)–पत्रिका प्रकाशन, गोष्ठी ।

### २.३.९ खोटाङको साहित्यिक विकासमा व्यक्तिगत योगदान

खोटाङमा कतिपय स्रष्टा तथा साहित्यानुरागी व्यक्तिहरूले खोटाङको साहित्यिक विकासमा योगदान दिएको पाइन्छ । भक्त श्रेष्ठ, पशुपति भट्टराई, हेमन्तराज सुमन(लक्ष्मीदास राजभण्डारी), मोहन विरही, गेहकुमार सैजु, हिराधन राई, जसराज किराती, नारायणप्रसाद जोशी, चक्र मोक्तान, गोरखबहादुर श्रेष्ठ( ओखलढुङ्गा), परशु प्रधान (भोजपुर),अच्युतरमण अधिकारी, डा. माधव भट्टराई, बम थुलुङ, विष्णु राई, विष्णु आभूषण आदिले खोटाङका साहित्यिक विकासमा पुस्तकालय स्थापना तथा पत्रपत्रिकाको प्रकाशनमा योगदान गरेको पाइन्छ । श्यामकुमार अधिकारी(हिँडपाली साहिलो) ले दिक्तेलमा भानु प्रतिमा स्थापना र विभिन्न पुरस्कारको स्थापनामा सहयोग गरेका छन् । दाहाल यज्ञनिधिले रेडियोबाट खोटाङका स्रस्टाहरूलाई अगाडि ल्याउन भरमग्दुर प्रयत्न गरेका छन् । नगेन्द्रराज रेग्मी, रामविक्रम थापा, धनप्रसाद सुवेदी 'श्रमिक', वेदीकुमार राई आदिले खोटाङको साहित्यिक इतिहासको खोज/ अनुसन्धान, पत्रिका प्रकाशन, साहित्यिक संस्थाको स्थापनामा आदिमा उल्लेख्य काम गरेका छन् । त्यस्तै पत्रिकाको सम्पादन, साहित्यक संस्थाहरूको स्थापनालगायतका कामबाट खोटाङ जिल्लामा साहित्यिक वातावरण बनाउन योगदान गर्ने व्यक्तिहरूमा धनकर्ण श्रेष्ठ, गोविन्दप्रसाद आचार्य 'विसाचा', कृष्ण आठपहरिया (धनकुटा), मालिकराम राई, मनोज श्रेष्ठ, भोगीराज चाम्लिङ, ज्ञानेन्द्र विवश, भागवत आचार्य, हेमविक्रम राई, देवविक्रम राइ, टङ्क भट्टराई , दिलकुमार खड्का, उत्तरकुमार राई,

सुरेशचन्द्र राई, मकरचन्द्र राई(एम.सि.सुमित), भोगेन एक्ले, बसन्तराज अज्ञात, छक्क सक्रिय राइ, दीपेन्द्र दीनदुःखी, रेखा राई 'क्षितिज', यादेवी ढकाल, नवीन राई'अभिशेष', चित्रकुमार सुवेदी, नारायण ढकाल, विमला केयरलेस, किशोर चाम्लिङ, डिल्लीराम राई, रमेशचन्द्र राई, ध्रुवराज राई, रमेश राई'गाउँले', बम बानियाँ, सुमन राई आदि रहेका छन् । पत्रकारिताका साथै साहित्यिक पत्रिकामा खेमराज खनाल (खखेरा), कृष्ण आचार्य, महेन्द्र विष्ट, बबिता बस्नेत, डम्बर हम्रुङ, किशनचन्द्र राई, उजुर राई, अशोक पौडेल, शाहीमान राई (भोजपुर), सूर्य सम्बाहाम्फे (पाँचथर) लगायतले उल्लेख काम गरेका छन् । विदेशमा रहेर विद्युतीय तथा छापा पत्रकारिता तथा साहित्यमा खोटाङका किन्दर राई, केजिन राई, चन्द्र दुमी राई आदिले महत्वपूर्ण काम गरेका छन् ।

### २.३.१० पत्रपत्रिका प्रकाशन

खोटाङ जिल्लामा साहित्यिक वातावरण सिर्जना गर्न विभिन्न समयमा जिल्लाभित्र तथा जिल्लाबाहिरबाट प्रकाशित पत्रपत्रिकाको महत्वपूर्ण भूमिका रहेको छ । खोटाङ जिल्लाको चम्पावती हाइस्कुलमा वि.स. २०२० साल बैशाख १ गते नववर्षको अवसरबाट 'गोरेटो' हस्तलिखित द्वैमासिक पत्रिकाको प्रकाशन सुरु भई २०२२ साल श्रावण अङ्क (१४ औं अङ्क) सम्म प्रकाशित भयो । अहिलेसम्मको सूचनामा यो खोटाङ जिल्लाको पहिलो साहित्यिक पत्रिका हो र यसका १३ / १३ प्रति हातले लेखेर खोटाङका अतिरिक्त, ओखलढुङ्गा र भोजपुरसम्म पुऱ्याइन्थ्यो (राई, २०५८:७०-७१) । यसपछि खोटाङ जिल्लाभित्र तथा जिल्लाबाहिरबाट खोटाङेहरूको अगुवाइमा प्रकाशित प्रमुख पत्रपत्रिकाहरू यसप्रकार रहेका छन् ।

| क्र.सं. | पत्रिकाको नाम | प्काशन अवधि | स्थान/प्रकाशक | सम्पादक |
|---|---|---|---|---|
| १. | 'गोरेटो' हस्तलिखित द्वैमासिक | २०२०-२०२२ (१४ अङ्क) | बुइपा | पशुपति भट्टराई |
| २. | 'अगुल्टो' हस्तलिखित | २०२१ तिर | ऐसलुखर्क | मेहन विरही, हेमन्तराज सुमन |
| ३. | छहारी. | २०२१ (१ अङ्क) | दिक्तेल | गेहकुमार सैंजु |

| | | | | |
|---|---|---|---|---|
| ४. | आक्रोश | २०२८ (१ अङ्क) | बुइपा | जसराज किराती |
| ५. | सगुन | २०२८ (१ अङ्क) | दिक्तेल परिवार धरान | बम थुलुङ, हिराधन राई |
| ६. | बिहानी (सामयिक कविता सङ्कलन) | २०२८ (१ अङ्क) | दिक्तेल परिवार धरान | खेमराज खनाल, हिराधन राई |
| ७. | सिसार | २०३६ (१ अङ्क) | काठमाडौँ | कुमार आचार्य |
| ८. | जुरमुर | २०३६ अहिलेसम्म | अनेरास्ववियु खोटाङ-काठमाडौ | विशाल भट्टराइ र अन्य |
| ९. | खोटाङका केही कविता | २०३७ (सामूहिक सङ्कलन) | हिमाली क्लव दिक्तेल | हिराधन राई |
| १०. | खोटाङका केही कथा | २०३७ (सामूहिक सङ्कलन ) | प्रतीक प्रकाशन काठमाडौ | चेतनाथ अधिकारी |
| ११. | नयाँकदम | २०३८–२०५९ (५ अङ्क) | दिक्तेल क्याम्पस | गोकुल व्याकुल, सुकराज राई, धनकर्ण श्रेष्ठ, रामप्रसाद राई, धनप्रसाद सुवेदी |
| १२. | हिंडपा | २०३९ | विराटनगर | श्याम अधिकारी |
| १३. | कहिरन | २०४० (२ अङ्क) | काठमाडौँ | नगेन्द्रराज रेग्मी, सूर्य अधिकारी, तारा कट्टेल, नवराज पोखेल |
| १४. | हलेसीकुञ्ज | २०४१ (१ अङ्क) | दिक्तेल | जसराज किराती |
| १५. | जागरण | २०४२ (१ अङ्क) | नेराशिसं, खोटाङ | गणेश अधिकारी, एकनाथ ढकाल |

| | | | | |
|---|---|---|---|---|
| १६. | साप्सुका छालहरू | २०४२ (१ अङ्क) | काठमाडौँ | विष्ण आभूषण, दिलिप अनहेप्पी, एनके चुइचुम्माली |
| १७. | हलेसी | २०४४ (२ अङ्क) | पूर्वाञ्चल साहित्यिक प्रतिष्ठान सम्पर्क समिति दिक्तेल | भरतमणि भट्टराई |
| १८. | उन्नयन | २०४४ हालसम्म | काठमाडौँ | अच्युतरमण अधिकारी |
| १९. | मुहूर्त | २०४४ हालसम्म | काठमाडौँ | नगेन्द्रराज रेग्मी |
| २०. | युवाआवाज | ०४५/४६ (२ अङ्क) | नेपाल युवक संगठन, खोटाङ | अर्जुन राई |
| २१. | खोटाङ | २०४६ हालसम्म | खोटाङ सेवा समाज, काठमाडौँ | माधव भट्टराई लगायत विभिन्न |
| २२. | साहित्यिक पत्र (हवाईपत्रिका) | २०४६ हालसम्म | साहित्य सञ्चारका लागि हवाई आन्दोलन | नगेन्द्रराज रेग्मी, विष्णु आभूषण, श्याम भट्टराई |
| २३. | साहित्यिक आइतबार | २०४७ | काठमाडौँ | नगेन्द्रराज रेग्मी, विष्णु आभूषण |
| २४. | रावाको छाल | २०४७ | काठमाडौँ | |
| २५. | खोटाङको सुस्केरा | २०४८ | अनेरास्ववियु खोटाङ/सुनसरी | देवविक्रम राई, गोपाल गुरुङ |
| २६. | खोटाङ पुकार | २०४८ हालसम्म | काठमाडौँ | नगेन्द्रराज रेग्मी |
| २७. | किसानको हुङ्कार | २०४८ | अखिल नेपाल किसान सङ्घ | हरिकाजी गुरुङ, चुरभक्त राई, कृष्ण आचार्य |

| | | | | |
|---|---|---|---|---|
| २८. | चित्कार | | | मोहन घिमिरे |
| २९. | जनप्रतीक | | | प्रह्लाद आचार्य |
| ३०. | पक्ष (समाचारमूलक) | २०५० | दिक्तेल | खखेरा |
| ३१. | उपासना | २०५० | काठमाडौँ | माधव भट्टराई |
| ३२. | साल्पा | | प्रतापसिंह राई'नाछिरिङ' | नवराज राई |
| ३३. | मध्यान्तर (समाचारमूलक) | २०५० | दिक्तेल | नारायण जोशी, कृष्ण आचार्य |
| ३४. | ट्याम्के | २०५१ (१ अङ्क) | जिन्सी खोटाङ | विष्णु आभूषण, तुलसीप्रसाद रेग्मी |
| ३५. | सौजन्य | २०५१ (१ अङ्क) | सौजन्य पुस्तकालय, दिक्तेल | तेजना सैंजु, सुवास जोशी |
| ३६. | पयर | २०५१ | खोटाङ संगम समूह | मालिकराम राई, सुरेशचन्द्र राई |
| ३७. | प्रतिभा | २०५२–०५९ (६ अङ्क) | नवप्रतिभा साहित्यिक मञ्च | धनकर्ण श्रेष्ठ, रामविक्रम थापा, धनप्रसाद सुवेदी, सुकराज राई । |
| ३८. | नवसंवाद (समाचारमूलक) | २०५३ | दिक्तेल | कृष्णप्रसाद आचार्य |
| ३९. | मिलन | २०५३ (३ अङ्क) | कर्मचारी मिलन केन्द्र दिक्तेल | विष्णु शर्मा र अन्य |
| ४०. | चाम्लिङ | | किरात राई चाम्लिङ खाम्बातिम | गडुलमान राई, देवविक्रम राई |
| ४१. | कर्मचारी | २०५४ (३ अङ्क) | नेनिक संगठन | तेजना सैंजु, धनप्रसाद सुवेदी, नारायण |

| | | | | |
|---|---|---|---|---|
| | | | | न्यौपाने |
| ४२. | खोटाङको हालखवर (समाचारमूलक) | २०५४ (६ अङ्क जति) | खोटाङबजार | जगत बन्जरा |
| ४३. | भावना(साहित्यिक) | २०५४(त्रैमासिक) | धरान | किसनचन्द्र राई |
| ४४. | खोटाङ गतिविधि (विकासमूलक) | २०५६ | जिविसको कार्यालय खोटाङ | रविकिरण आचार्य |
| ४५. | सुदामा (हवाईपत्रिका) | २०५६ हालसम्म | विरामी साहित्यिक समूह, दुर्छिम | दीपेन्द्र दीन दुःखी |
| ४६. | मियो | २०५६ | मनोजबाबु आशय, ध्रुव बजिमय | उत्तरकुमार राई, भोगीराज चाम्लिङ |
| ४७. | अभियान | २०५७ | नेपाली कांग्रेस खोटाङ | विष्णु आभूषण |
| ४८. | अभियान | २०५७ स्मारिका | सिमपानी उच्च मा.वि. | बाबुराम न्यौपाने |
| ४९. | तारापुञ्ज | २०५७ (२ अङ्क) | नेकपा (माले) खोटाङ | नरायण जोशी |
| ५०. | मुक्ति सन्देश | २०५७ | नेकपा (एमाले) खोटाङ | विशाल भट्टराई |
| ५१. | खोटाङ स्मारिका | २०५७ (१ अङ्क) | सगरमाथा युवा समाज सोल्मा, दिक्तेल | शान्तिराम राई |
| ५२. | आकाश गङ्गा | २०५८ (१ अङ्क) | प्रलेस, खोटाङ रमेशचन्द्र राई, चित्र सुवेदी, नारायण ढकाल | ध्रुवराज राई, |
| ५३. | इमो | २०५८ | जनउत्थान सङ्घ दुर्छिम | तिलक राई |
| ५४. | वनभित्रको हरियाली | २०५८ (१ अङ्क) | नेपाल वनरक्षक सङ्घ, खोटाङ | बाबुराम फुयाल |
| ५५. | हलेसी (हवाईपत्रिका) | २०५८ हालसम्म | काठमाडौं | किशोर चाम्लिङ, राजकुमार रम्तेल, छक्क सक्रिय राई |

| | | | | |
|---|---|---|---|---|
| ५६. | शिखर सन्देश | २०५८ (२ अङ्क) | काठमाडौँ | टीका चाम्लिङ |
| ५७. | गोरेटो | २०५८ | गाविस कार्यालय बुइपा | मेम्बर राई |
| ५८. | हाम्रो संस्कृति | २०५८ | काठमाडौँ | टीका चाम्लिङ |
| ५९. | जनजाति पहिचान | २०५८ | काठमाडौँ | टीका चाम्लिङ |
| ६०. | हाम्रो भावना साप्ताहिक (समाचारमूलक) | २०५९–०६२ | दिक्तेल | किशनचन्द्र राई |
| ६१. | समय | २०५९–६० | सेमद टाइम, नेपाल, खोटाङ | रमेशचन्द्र राई |
| ६२. | नित्याभास | २०५९–०६२ | - | रमेश राई 'गाउँले' |
| ६३. | नौलो विचार (समाचारमूलक) | २०६०–०६२ | दिक्तेल | चन्द्रबहादुर खड्का (शङ्कर) |
| ६४. | नमुना मासिक | २०६० | खार्पा | भोलाहरि धिताल |
| ६५. | चुचे ढुङ्गा | | विराटनगर | रमेश अधिकारी |
| ६६. | रूपाकोट (समाचारमूलक) | २०६० हालसम्म | दिक्तेल | डम्बर हम्रुङ |
| ६७. | दिक्तेलबजार (समाचारमूलक) | २०६० हालसम्म | दिक्तेल | शिवहरि ढकाल, खेम खडका |
| ६८. | होस्टेमा हैंसे | समाचारमूलक) | - | - |
| ६९. | तावा सुस्केरा | २०६१ | खिदिमा | मनिता लोचन र अन्य |
| ७०. | सगरमाथा आह्वान | २०६१ | मुक्सन किरात विशेषाङ्क | सुरेन्द्र राई |
| ७१. | नयन (गजलप्रधान) | २०६१ हालसम्म | खोटाङ गजल मञ्च | चित्रकुमार सुवेदी, |

| | | | | |
|---|---|---|---|---|
| | | | | नवीन अभिशेष, विमला केयरलेस |
| ७२. | अरुणिमा (हवाईपत्रिका) | २०६१ | सूपाकोट प्रकाशन | डिल्लीराम राई, 'नाकारा' |
| ७३. | मिरमिरे | २०६१ | खार्मी | देवकुमार राई |
| ७४. | बिहानी | २०६१ | खैरसुङ्छा समूह, खोटाङ | |
| ७५. | नेपाली मासिक (समाचारमूलक) | २०६१ | काठमाडौं | हरिबोल आचार्य |
| ७६. | सम्झौता (समाचारमूलक) | २०६१ | दिक्तेल | भगत राई |
| ७७. | अन्तर्बोध | २०६१ | होमशंकर होमशंकर | |
| ७८. | पूर्वको पशुपति | – | काठमाडौं | बोधराज पौडेल |
| ७९. | शीतला विद्यालय र गुरु रामप्रसाद | २०६१ स्मारिका | शीतला मा.वि. खाल्ले, खोटाङ | टङ्क भट्टराई |
| ७७. | सिर्जना | २०६१ | सिर्जनशील साहित्यिक समूह ,नुनथला | एमसि सुमित |
| ७८. | सनराइज | २०६१ | खार्मी | धनचन्द्र राई |
| ७९. | छहरा | | हलेसी | जीवनजित राई |
| ८०. | काँचुली | २०६२ | कालिका मा.वि. नेर्पा, खोटाङ | चित्रकुमार सुवेदी, वेदीकुमार राई |
| ८१. | प्रयास | – | कतार | रमेशचन्द्र राई |
| ८२. | परदेश | ५ (५ अङ्क) | खोटाङ युवा समाज युएई | नीरवचन राई |
| ८३. | सन्देश | – | कतार | रोशनथुलुङ राई |
| ८४ | खोटाङ पोष्ट | २०६२ हालसम्म | दिक्तेल | विजयकुमार राई |

| | | | | |
|---|---|---|---|---|
| | (समाचारमूलक) | | | |
| ८५. | झुल्को | २०६२ | श्रीमावि लक्याङ, खोटाङ | भागवत घिमिरे |
| ८६. | खोटाङ सन्देश | २०६२ | कतार | रोशन राई |
| ८७. | मधुरिमा | २०६२–०६३ | खोटाङेविद्यार्थी, काठमाडौँ | लेकेन्द्र राई |
| ८८. | वाङ्मय | २०६३ हालसम्म | राष्ट्रिय वाङ्मय कला प्रतिष्ठान, खोटाङ | विष्णु आभूषण |
| ८९. | खोटाङस्मारिका,हङकङ | सन् २००७ | खोटाङे समाज हङकङ | भेगेन एक्ले |
| ९०. | साकेला | – | दोहा, कतार | विक्रमचेतनशील राई |
| ९१. | अभियान | – | कतार | रमेशराई 'गाउँले' |
| ९२. | नेपाली शिखर (समाचारमूलक) | २०६३ | काठमाडौँ | रवीन चाम्लिङ |
| ९३. | नौलो नवज्योति (समाचारमूलक) | २०६४ | नेकपा (माओवादी) खोटाङ | देवि रिजाल, डीएम चाम्लिङ |

यीबाहेक खोटाङका श्यामकुमार अधिकारी 'हिँडपाली साहिँलो'ले **आकुरा, विराट साहित्यिक सामयिक**, अच्युतरमण अधिकारीले **मुकुट, पीपल, नेपाल, कस्तुरी,** गुणराज दाहालले **धारा, पालुवा,** विनोद रोकाले **न्याय प्रतीक, न्याय दूत,** नवराज पोखेलले **नवप्रभात,**नरभूपाल राईले **गवेष, हुङकार,** जस्ता थुप्रै पत्रपत्रिका, स्मारिका आदिको सम्पादन/ प्रकाशन गरेको पाइन्छ । यस जिल्लाका चतुरभक्त राई, टंकबहादुर राई आदिले किरातभाषाका विभिन्न पत्रिकाको सम्पादन/प्रकाशन गरेका छन् । विभिन्न विद्यालयहरूमा, विभिन्न संस्था/क्लबहरूमा भित्तेपत्रिका प्रकाशित हुने गरेका छन् । खोटाङबाट रोजगारीका सिलसिलामा कतार, दुबई, साउदीअरब, मलेसिया, हङकङ, कोरिया र नेपालका विभिन्न ठाउँमा रहेका खोटाङेहरूले पत्रपत्रिका प्रकाशन गर्ने गरेको पाइन्छ । यी सबैले खोटाङको साहित्यिक विकासमा महत्वपूर्ण योगदान गरेका छन् ।

## परिच्छेद- तीन

# खोटाङ जिल्लाका उपन्यासकारहरूको सङ्क्षिप्त परिचय

### ३.१ चन्द्र नेपाली (१९९२-२०४८)

खोटाङ जिल्ला रतन्छा गा.वि.स. वडा नं. ९ का गौरीमान राई भारतीय सेनामा कार्यरत रहेका बेला वि.सं. १९९२ मा भारतको सिलाङ्मा उनका छोरा चन्द्रप्रसाद राई ( चाम्लिङ) को जन्म भयो। बाबु गौरीमानको पेसालाई चन्द्रप्रसादले पनि पछ्याएर र भारतीय सेनाको हवल्दार मेजरमा पेन्सन पकाएपछि नेपाल फर्किए । नेपालमा आएपछि आफ्नो देशको पहिचान झल्किने गरीक आफ्नो नामका पछाडि 'नेपाली' लेख्न थाले र नेपाली साहित्यमा चन्द्रप्रसाद नेपाली अथवा चन्द्र नेपालीका नाममा परिचित बने (थापा, २०५६: २६) ।

नेपाल आएपछि २०२८ तिर घोपा पञ्चायतको सचिव भएर दुईवर्ष काम गरेका नेपालीले वि.सं. २०३१ मा धरानका कवि बम देवानसँग मिलेर सयपत्री छापाखाना खोले । वि.सं. २०३६ पछि झापाको गरामुनी सैनिकचोकमा बसोबास गर्न थालेका नेपालीका दुईवटी श्रीमती विवाह गरे पनि कुनै सन्तान भएनन् । यसैले पछिल्लो समयमा बढी रक्सी पिउनथालेका नेपालीको वि.सं. २०४८ पुस महिनामा निधन भयो (थापा, २०५६: २६) ।

कहीँ चन्द्रप्रसाद नेपाली र कहीँ चन्द्र नेपालीका नामबाट कविता, कथा, उपन्यास र जीवनी विधामा कलम चलाएका नेपालीको अनुवादसमेत  गरेका छन् । उनको 'बाबरी' (२०४१) उपन्यासमा छापिएको सूचनाअनुसार वि.सं. २०४१ सम्म उनका निम्नानुसारका कृति प्रकाशित भएको पाइन्छ ।

(क) आकाश कुसुम (नाटक)

(ख) जयश्री (उपन्यास)

(ग) त्राहिमाम (कथासङ्ग्रह)

(घ) प्रेममाया(उपन्यास)

(ङ) नौचेलीका माइती (उपन्यास)

(च) रगताम्य पाँचकथा (कथासङ्ग्रह)

(छ) कथा सरोवर (कथासङ्ग्रह)

(ज) बिहीबारे हाट (उपन्यास-प्रकाशोन्मुख)

यीबाहेक 'नेपाली दुर्दशा' (खण्डकाव्य), सोमवीरेम्पाको गीत (खण्डकाव्य) र 'सहेली' (काव्य) प्रकाशित भएको सूचना पाइन्छ (थापा, २०५६: २६) । त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालयमा उनका निम्न कृति सङ्कलित छन् ।

| क्र.सं. | कृति | विधा | प्रकाशन वर्ष | प्रकाशक |
|---|---|---|---|---|
| १. | बिहीबारे हाट | उपन्यास | ई.१९८५ | होमबहादुर राई, झापा |
| २. | आकाश कुसुम | नाटक | | विष्णुकुमारी राई, दार्जिलिङ |
| ३. | कथा सरोवर | कथासङ्ग्रह | २०२४ | डाँफे प्रकाशन, विराटनगर |
| ४. | बाबरी | उपन्यास | २०४१ | सयपत्री प्रकाशन (गणेशप्रसाद ओली), झापा |
| ५. | नौ चेलीका माइती | उपन्यास | ई. १९६४ | गोविन्द शर्मा, दार्जिलिङ |
| ६. | प्रतिकार (रोमाञ्चकारी कथाहरू) | कथासङ्ग्रह | ई. १९६३ | श्रीमती विष्णु राई, गोरखपुर |
| ७. | प्रेममाया | उपन्यास | २०२७ | रत्नपुस्तक भण्डार, काठमाडौँ |
| ८. | काश्मीरका पाँच कथा (राजतरङ्गिणीमा आधारित अनुवाद) | कथा | ई. १९६३ | श्याम ब्रदर्श, दार्जिलिङ |
| ९. | बिलौना (सम्पादन) | कथासङ्ग्रह | | |
| १०. | रक्ताक्त पञ्चकथा | कथासङ्ग्रह | ई. १९६५ | गोविन्द शर्मा दार्जिलिङ |
| ११. | भारतका प्रथम राष्ट्रपति डा.राजेन्द्रप्रसाद | जीवनी | ई. १९६३ | श्याम ब्रदर्श, दार्जिलिङ |
| १२. | सुवासचन्द्र बोस | जीवनी | ई. १९६३ | श्याम ब्रदर्श, दार्जिलिङ |

यसरी हेर्दा चन्द्र नेपालीका निम्न उपन्यास प्रकाशित भएको पाइन्छ ।

(क) नौचेलीका माइती (ई. १९६४/२०२१)

(ख) प्रेममाया (२०२७)

(ग) जयश्री ( ? )

(घ) बाबरी (२०४१)

(ङ) बिहीबारे हाट (ई.१९८५/२०४२)

### ३.१.१ नौचेलीका माइती

गोविन्द शर्मा, दार्जिलिङ प्रकाशक रहेको 'नौचेलीका माइती' उपन्यासमा उपन्यासकारको नाम 'चन्द्रप्रसाद नेपाली' रहेको छ । यसका दुईवटा भाग रहेकामा दोस्रो भाग प्रकाशित भए नभएको थाहा हुन सकेन । पहिलो भागमा जम्मा एघार परिच्छेद र २२४ + ४ पृष्ठ छन् । दोस्रो भाग उपलब्ध नभएकाले पहिलो भागका आधारमा मात्र हेर्दा उपन्यासको उठान र बैठानका बीचमा असामञ्जस्यता छ । यसमा 'सुधीर' नमको पात्रले शोषण तथा कुसंस्कारका विरुद्ध कदम चालेको विषयको वर्णन छ । मूलतः तराईको मोरुङ्ग र राणाशासनको अन्त्यपछिको प्रारम्भिक समयको परिवेशमा लेखिएको यस उपन्यासले जातीय भेदभाव, आर्थिक तथा सामाजिक शोषण, तत्कालीन समयको कानुनी-प्रशासनिक अवस्थाको चित्रण गरेको छ । जातीय भेदभाव तथा आर्थिक-सामाजिक शोषणको अन्त्य यस उपन्यासको उद्देश्य देखिन्छ । प्रगतिशील उद्देश्य लिएको यस उपन्यासमा प्रेमप्रसङ्गको रोचक वर्णन पनि छ ।

### ३.१.२ बाबरी

सयपत्री प्रकाशन, गारामनि- ९, सैनिकबजार, झापाका तर्फबाट गणेशप्रसाद ओलीले प्रकाशन गरेको 'बाबरी' उपन्यास वि.सं. २०४१ (ई. १९८४) मा प्रकाशित भएको पाइन्छ । उपन्यासकारले आफ्ना पिता गौरीमान राईको सम्झनामा यसलाई समर्पित गरेका छन् । जम्मा १११ + १० पृष्ठको यस उपन्यासमा जम्मा १५ परिच्छेद छन् । यसमा प्रकाशकको प्रकाशकीय र उपन्यासकारको भूमिका पनि छापिएको छ ।

खोटाङको कुनै गाउँको सहरमान अनिकालले खान नपाई बाबुआमा मरेपछि टुहुरो भएपछि ऊ उसका काका धनमानका घरमा हुर्केबढेको प्रसङ्गबाट उपन्यास सुरु भएको छ । धनमान गाउँको शोषक सामन्त हो र उसले आफ्नो भतिज सहरमानलाई जुवा खेल्न लगाएर उसको घरबारी हात पार्छ । घरखेतविहीन बनेको सहरमान तराई झर्छ र एकजना विधवा धनमतीको घरमा काम गर्न थाल्छ । धनमतीको छोरी बाबरी र सहरमानको मित्रता गाढा बन्छ तर उनीहरू व्यक्त रूपमा प्रेम प्रकट गर्न सक्तैनन् । यस्तैमा सहरमान त्यो घर छाडेर काठमाडौँतिर लाग्दछ र त्यहाँबाट बाबरीलाई चिठी पठाउँछ । चिठीमा सहरमानले बाबरीलाई 'दिदी' भनेर सम्बोधन गर्छ । यस चिठीले बाबरीको मनमा के भनौँ र कसो गरौँको अनौठो भाव जगाई दिन्छ । यही अवस्थामा उपन्यास टुङगिएको छ । यसरी ग्रामीण समाजमा हुने आर्थिक शोषण साथै युवायुवतीको मनोविज्ञानको चित्रणमा उपन्यास केन्द्रित देखिन्छ ।

### ३.१.३ बिहीबारे हाट

झापाका हुमबहादुर राई प्रकाशक रहेको **बिहीबारे हाट** वि.सं. २०४२ सालमा प्रकाशित उपन्यास हो । यसमा बिहीबारे हाट क्षेत्रको आञ्चलिक विशिष्टता देखाउन खोजिएको छ । आञ्चलिक उपन्यास भनिए पनि यो पूर्ण आञ्चलिक भने छैन । यस उपन्यासमा जम्मा १३१ + ४ पृष्ठ र १० परिच्छेद छन् ।

## ३.२ तेजप्रसाद उपाध्याय पोखरेल (१९९३)

खोटाङ खार्पाका गङ्गाप्रसाद उपाध्याय पोखरेल दैलेख जिल्लामा डिठ्ठा भएर रहँदा उनका छोरा तेजप्रसाद उपाध्याय पोखरेलको त्यहीँ दैलेख सदरमुकाममा आमा चन्द्रलीला देवीका कोखबाट वि.सं. १९९३ साल बैशाख ८ गते जन्म भएको हो उनले भारतको पटना विश्वविद्यालयबाट स्नातक र अमेरिकाको स्टेट युनिभर्सिटीबाट स्नातकोत्तर गरेका छन् । करिब ३२ वर्ष सरकारी सेवामा रहेर नेपाल सरकारको सचिव पदबाट अवकाश पाएका पोखरेलका 'अतीततिर फर्किएर हेर्दा (संस्मरण, २०५०) र 'आकासिइदै गयो आकाश' (उपन्यास, २०५१) प्रकाशित कृति हुन् (उपाध्याय, २०५१: प्रकाशकीय) ।

### ३.२.१ आकासिइदै गयो आकाश

नवीन पोखरेल प्रकाशक रहेको यस उपन्यासमा दौलतविक्रम विष्टको भूमिका, लेखकको लेखकीय धारणा 'आमुख' र प्रकाशकको प्रकाशकीय पनि छापिएको छ । जम्माजम्मी ७२+६ पृष्ठ (गाता पृष्ठबाहेक) रहेको यस उपन्यासमा जम्मा आठवटा परिच्छेद

छन् । यस उपन्यासको नायक 'आकाश' गाउँमा जन्मिएको हो । ऊ सहरमा गएर राम्ररी पढ्छ र लोकसेवा आयोग पास गरेर सरकारी जागिरे बन्छ । उसकी श्रीमती मन्थरा खराब चरित्रकी छे । उसले लोग्नेको बद्नाम गरिदिन्छे । लोग्नेको नाममा घुससमेत खाएर लोग्नेलाई हैरान खेलाएपछि लोग्नेले दोस्रो पत्नीका रूपमा धरतीसँग बिहे गर्छ । यति हुँदा पनि मन्थराले छाडदिन, उसले छोराछोरी लगाएर आकाश र धरतीलाई दुःख दिइरहन्छे । अन्ततः यसरी मन्थरा खराब हुनु समाजको दोष हो भन्ने निष्कर्षमा आकाश पुग्दछ । यही निष्कर्षमा उपन्यास टुङगिएको छ । समाजमा अशिक्षाका कारण र सामाजिक चालचलन र विश्वासका कारण पारिवारिक समस्याहरू आउने गरेको यथार्थलाई यस उपन्यासले प्रस्ट्याउने जमर्को गरेको छ । संस्मरणात्मक शैलीमा लेखिएको यस लघुउपन्यासले मान्छेले सिक्न र बानी सुधार्न नचाहेको प्रति खेद व्यक्त गरेको छ ।

### ३.३ मोहन विरही (२००२–२०५५)

खोटाङ जिल्लाको ऐँसेलुखर्कका गणेश राजभण्डारी र चन्द्रकुमारी राजभण्डारीका जेठा छोराका रूपमा वि.सं. २००२ साल असार ३० गते जन्मिएका मोहन राजभण्डारीको साहित्यिक नाम 'मोहन विरही' हो । यिनका पिता रौतहटमा अमिनको जागिरे भएकाले यिनी रौतहटको कटरवनमा जन्मिएका हुन् । काठमाडौँको पद्मोदय हाइस्कूलबाट दसौँ कक्षा उत्तीर्ण गरेका विरही २०१९/२० सालमा पितृथलो ऐँसेलुखर्क गएर त्यहाँको स्कुलमा स्वयम्सेवक भइ काम गरे । यसैबेला 'अगुल्टो' नामक त्रैमासिक हस्तलिखित पत्रिकाको सम्पादन गरेपछि भुटानको रोड विभागमा जागिर गर्दा २०२१ सालमा त्यहीँका देवनारायण श्रेष्ठ र सम्भना श्रेष्ठकी छोरी पवित्रासँग यिनको विहे भयो । त्यसपछि यिनी आसाम हुँदै नेपालमा आएर भूमिसुधारको खरिदार बने र मृत्युपर्यन्त त्यही जागिर खाए । २०५५ साल फागुन ७ गते बिहान डुलेर घर फर्किंदैं गर्दा सुनसरीको उनको घर छेउको सडकमा ट्रकले किचेर उनको मृत्यु भयो (विरही, २०५९ : उपेन्द्र पागलको भूमिका ) । उनका प्रकाशित कृतिहरू यस प्रकार छन् :

**(क) खण्डकाव्य/कवितासङ्ग्रह**

१. मुग्लान (खण्डकाव्य, २०१३)

२. छरिएका पत्कर (कवितासङ्ग्रह, २०२४)

३. हिमाली मान्छे (कवितासङ्ग्रह, २०५३)

**(ख) कथासङ्ग्रह**

१. गरिबको आँसु (२०२४)

२. वरपिपल (२०४४)

**(ग) उपन्यास**

१. मिलन (२०२३)

२. एउटा जीवन एउटा मृत्यु (२०२४)

३. गाउँले नानी (२०५९)

**(घ) नाटक**

हत्यारा (२०५१)

यिनले 'जनतत्पर' साहित्यिक पत्रिका, 'अभिषेक' कवितासङ्ग्रह, 'हिमाली सुस्केरा' साहित्यिक पत्रिका, 'मोतीराम भट्ट र नेपाली साहित्यिक विकास' (लेखसङ्ग्रह)जस्ता पत्रिका तथा पुस्तकको सम्पादन गरेको पाइन्छ ।

### ३.३.१ गाउँले नानी

श्रीमती पवित्रा राज भण्डारी प्रकाशक रहेको 'गाउँले नानी' मा ६१ + १२ पृष्ठ र ११ परिच्छेद छन् । उपेन्द्र पागल, गोपालप्रसाद कोइराला र सरस्वतीराज भण्डारीको भूमिका, प्रकाशकको प्रकाशकीय र लेखकको प्राक्कथन पनि छापिएका छन् । खोटाङ जिल्लाको ग्रामीण परिवेशमा लेखिएको यस उपन्यासमा शैक्षिक जागरण र प्रेमको विषयवस्तु छ ।

### ३.४ विश्वगोपाल लम्साल (२००३)

खोटाङ नौलामा वि.सं. २००३ सालमा जन्मिएका विश्वगोपाल लम्साल उच्च शिक्षा प्राप्त गरी सरकारी सेवामा कार्यरत रहे । हाल तराईतिर बसोबास गर्ने लम्सालका निम्न कृति प्रकाशित छन् (भट्टराई, २०५६ : ६१०) ।

(क) आवरण (उपन्यास, २०२८)

(ख) प्रतिशोध (उपन्यास)

(ग) अन्तिम परिच्छेद (उपन्यास,२०३०)

(घ) सपनाको बिहे (गीतिकथा)

(ङ) समर्पण (उपन्यास)

(च) कलङ्किनी (उपन्यास, २०४२)

**३.४.१ अन्तिम परिच्छेद**

सप्तरीका जगदीश साहूद्वारा वि.सं. २०३० बैशाख १ गतेका मितिमा प्रकाशित यस उपन्यासमा जम्मा ११२ + ३ पृष्ठ र १५ वटा परिच्छेद छन् । म पात्रले आफ्ना कार्यालयको हाकीम र आफनी पत्नी बीच यौन सम्बन्ध रहेको आशङकामा केन्द्रित यस उपन्यासमा पुरुष मनोवृत्तिको चित्रण गरिएको छ ।

**३.४.२ कलंकिनी**

जानुका पुस्तक भण्डार विराटनगरवाट २०४२ फाल्गुणमा प्रकाशित यस उपन्यासलाई यौनमनोवैज्ञानिक उपन्यास भनिएको छ । जम्मा ६ परिच्छेद र ६० + ३ पृष्ठ भएको यस उपन्यासमा म पात्रका माध्यमबाट नेपाली समाजमा नारीहरुले भोग्नु परेको यौन शोषणको चित्रण छ । यसमा नेपाली नारीहरु आफ्नै ससुरावाट समेत वलात्कृत हुन विवश छन भन्ने विषयवस्तु रहेको छ ।

**३.५ कल्पना प्रधान (२००३)**

खोटाङ जिल्ला बतासे गा.वि.स.अन्तर्गत मार्से, दिप्रुङमा पिता मोहनप्रसाद रेग्मी र माता अम्बिका रेग्मीकी छोरीका रूपमा जन्मिएकी कल्पना रेग्मी साहित्यकार परशु प्रधानसँग विवाह भएपछि कल्पना प्रधान बनेकी हुन् । मूलतः बालसाहित्यमा कलम चलाउने प्रधानका निम्न कृतिहरू प्रकाशित छन् :

**(क) उपन्यास**

१. खरायो र उसको छायाँ (२०४७/६३)

२. ल्वाँदे र ग्वाँदे (२०५४)

३. पराक्रमी फर्सी (२०५८)

**(ख) कथा (बालकथा)**

रूपैँया फल्ने रुख (२०३८), मेरो सानो घोडा (२०३८), हीरा र मोती (२०३९), पञ्चतन्त्रका पाँचकथा (२०४०), अर्थ न वर्थका कुरा (२०४०), सेती परी काली परी (२०४२), खिच्रीमिच्री (२०४४), अपरा (२०४५), शोकाकुल ढुङ्गाहरू (२०४२), सुनचाँदीको बालक (२०५३), दयालु परी (२०५३), घोडाको मोल (२०५४), मित्रता (२०५४), बीनाको बर्थडे (२०५५), दाउरेको छोरो (२०५६), हिमकन्या (२०५८), मामाको बिहे (२०५८)

**(ग) बालकविता**

१. चिँ मुसी चिँ (२०४४), २. नानीका साना कविता (२०५६) ३. मेरो सानो खरायो (२०६०)

**(घ) अन्य**

१. सप्रेम सम्झना (कविता)

२. कथा लेख्न खोज्दा (आख्यान, २०६२)

लामो समय शिक्षण पेसामा संलग्न प्रधान हाल विराटनगर र कहिलेकाहीँ कठमाडौँमा बस्छिन् । नेपाली बालसाहित्यमा दुई दर्जनभन्दा बढी कृति प्रकाशित गरेकी प्रधानले रत्न बालकोष पुरस्कार (२०४५), बाल साहित्य पुरस्कार (२०४५), समाज कल्याण बाल पुरस्कार (२०५३), शिशु सेवा बाल पुरस्कार (२०५४), असल आमा सम्मान २०६०, देवकुमारी थापा बाल साहित्य पुरस्कार (२०६१), महानन्द सम्मान (२०६२) जस्ता पुरस्कार पाएकी छिन् ।

**३.५.१ खरायो र छायाँ**

सर्जक प्रकाशन, प्रयास मार्ग, काठमाडौँ प्रकाशक रहेको ‘खरायो र छायाँ’ बालउपन्यास हो । २०६३ साल श्रावणमा छापिएको हो । २०४७ सालमा सीमित रूपमा प्रकाशित खरायो र छायाँ पुनर्लेखन र परमार्जितसहित २०६३ सालमा पुनः प्रकाशित भएको कुरा यसको प्रकाशकीयमा उल्लेख छ । जम्माजम्मी १४ + ५ पृष्ठमा रहेको यस बाल उपन्यासमा खरायो आफ्नो छायाँ देखेर भाग्ने गरेको र त्यसलाई उसको साथी लाटोकोसेरोले सम्झाईबुझाई गरेपछि छायाँ त अभिन्न कुरा रहेछ भन्ने कुरा खरायोले थाहा पाउँछ र

छायाँलाई माया गर्न थाल्दछ । बालकहरूका लागि लेखिएकाले यसको आयाम र विषयवस्तु त्यहीअनुरूप छ ।

### ३.५.२ ल्वाँदे र ग्वाँदे

रत्न पुस्तक भण्डार, भोटाहिटी काठमाडौं प्रकाशक रहेको 'ल्वाँदे र ग्वाँदे' (२०५४) बाल उपन्यासमा जम्मा २० + ३ पृष्ठ छ । यसमा पनि सात पृष्ठ चित्रले भरिएका छन् । ल्वाँदे र ग्वाँदे नाम गरेका दुई दाजुभाइको चरित्रलाई यस उपन्यासले विषयवस्तु बनाएको छ । यसमा दाइ खराब भएकाले दुःख पाएको र भाइ असल भएकाले सुख पाएको चर्चा छ ।

### ३.५.३ पराक्रमी फर्सी

लोक कथाको विषयलाई गीति लयमा लेखिएको 'पराक्रमी फर्सी'लाई उपन्यास भनिएपनि यो मुलतः काव्य हो । वाणी प्रकाशन विराटनगरवाट वि.सं. २०५८ सालमा प्रकाशित यस कृतिमा फर्सीका भेषमा रहेको व्यक्तिले चमत्कार गरेको विषयवस्तु रहेको छ ।

## ३.६ खेमराज खनाल 'खखेरा'(२००४)

खोटाङको दोर्पा चिउरीडाँडा गा.वि.स. वडा नम्बर २ खरबारी बस्ने प्रभुनाथ र रत्नमायाका छोरा खेमराज खनाल 'खखेरा' को जन्म २००४ सालमा मा भएको हो । नेपाल र विदेश (तत्कालीन सोभियत सङ्घ, रुस) बाट समेत उच्च शिक्षा आर्जन गरेका खनाल शिक्षण, पत्रकारिता र राजनीतिमा समेत संलग्न बने । खोटाङको सदरमुकाम दिक्तेलमा समाचारमूलक पत्रिका 'पक्ष'को सम्पादन गरेर पहिलोपटक स्थानीय स्तरमा पत्रिका चलाउने खनाल कसैसँग नडराउने र नझुक्ने स्वभावका छन् । उनका तीन श्रीमती र एक छोरा छन् । हाल सुनसरी जिल्लामा बसोबास गर्दै आएका खनालका कविता, समसामयिक लेखहरू, संस्मरण आदि प्रकाशित छन् । पुस्तकाकार रूपमा खनालका (क) नेपालको ऐतिहासिक चर्चा र (ख) काठमाडौँदेखि मास्कोसम्म (२०३८, उपन्यास) प्रकाशित कृति हुन् ।

### ३.६.१ काठमाडौँदेखि मास्कोसम्म

उपन्यासकारले यस उपन्यासलाई 'तथ्यात्मक उपन्यास' भनेका छन् । यसको प्रकाशक अगति प्रकाश इनारुवा रहेको पाइन्छ । जम्मा पृष्ठ १६८ रहेको यस उपन्यासमा 'टिकट' शीर्षक दिएर लेखकीय भूमिका छापिएको छ । उपन्यासकारले ६ वर्षजति विधुवा

सहर (मास्को) का छाडा सडकमा बस्दाको अनुभवको औपन्यासिकता भनेर यस कृतिको भूमिकामा भनेका छन् ।

लेखकले आफैँलाई पात्र बनाएर लेखिएको यस उपन्यासको पात्र मकर बी.ए. पासपछि बी.एल. पढ्न लुमुम्बा विश्वविद्यालय रुसमा छात्रवृत्ति पाएर गएको छ । यसको भिसा प्रक्रियादेखि दिल्ली हुँदै मास्कोसम्म जाँदाको प्रसङ्ग र मास्कोमा रहँदाका तीतामीठा प्रसङ्गलाई यसमा वर्णन गरिएको छ । संस्मरणात्मक शैलीमा लेखिएको यस उपन्यासमा तिथिमिति र घटनाको सोझो वर्णन भएको भए यसलाई उपन्यास नभनेर संस्मरण भन्न सकिन्थ्यो । तर 'मकर' नामको पात्रका माध्यमबाट लेखकले आफ्नो भोगाइलाई औपन्यासिकरण गरेका हुनाले यसलाई उपन्यास भन्न सकिन्छ ।

यस उपन्यासमा रुसी युवतीहरूको प्रसङ्ग छ । मास्को सहरको  वर्णन, लुमुम्बा विश्वविद्यालयको अवस्था, त्यहाँका केटीहरूको छाडापन, त्यहाँको बजारव्यवस्था, त्यहाँको मौसम, त्यहाँको पठनपाठनको अवस्था आदिलाई व्यङ्ग्यात्मक तथा आलोचनात्मक रूपमा प्रस्तुत  गरिएको यस उपन्यासमा घटनाको विशृङ्खलता पाइन्छ । यसको भाषाशैली वर्णनात्मक तथा संस्मरणात्मक छ ।

### ३.७ विष्णु 'आभूषण' (२०२०)

खोटाङ जिल्लाको छोरम्बु गा.वि.स. वडा नं. ४ याङसोलामा वि.सं. २०२० साल वैशाख ४ गतेका दिन जन्मिएका विष्णुकुमार राईको साहित्यिक नाम विष्णु 'आभूषण' हो । श्री याङसोला प्रा.वि. छोरम्बुबाट कक्षा ५ सम्मको प्रारम्भिक शिक्षा लिएपछि महेन्द्रोदय मा.वि. ओखेवाट एसएलसी र नेपाल ल क्याम्पस काठमाडौँबाट बी.एल. उत्तीर्ण गरेका हुन् ।

विभिन्न पत्रपत्रिकामा कथा, कविता तथा समसामयिक लेखरचना र हास्यव्यङ्ग्य रचना प्रकाशित गराइसकेका आभूषण नेपाली काङ्ग्रेसको राजनीतिसँगै पनि सम्बद्ध छन् । नेपाल विद्यार्थी सङ्घमा आबद्ध हुँदै नेपाली काङ्ग्रेस खोटाङको सचिव, उपसभापति र सभापति समेतको  पदभार ग्रहण गरिसकेका विष्णुकुमार राई वि.सं. २०४९-२०५४ सम्म जि.वि.स. खोटाङका सभापति समेत बनेर काम गरे । संविधानसभाको निर्वाचन, २०६४ मा नेपाली काङ्ग्रेसबाट समानुपातिकतर्फ उम्मेदवार बनाइएका राई हाल नेपाली काङ्ग्रेस खोटाङका सभापति छन् । 'साहित्यिक आइतबार, साहित्यिक पत्र, साप्सुका छालहरूसँगै,

ट्याम्के, अभियान, वाङ्मय' आदि पत्रिकाको सम्पादन गरेका आभूषण राष्ट्रिय वाङ्मय-कला प्रतिष्ठान खोटाङका वर्तमान अध्यक्ष पनि हुन् ।

विष्णु आभूषणका 'फूलकोपिला' (कथासङ्ग्रह, २०३६), 'अनायास' उपन्यास,२०५१) र 'मनको फ्रेमबाहिर एउटा तस्बिर' (कथासङ्ग्रह, २०६४) प्रकाशित कृति हुन् ।

**३.७.१ अनायास**

साहित्य सञ्चार समूह, काठमाडौं प्रकाशक रहेको 'अनायास' उपन्यास वि.सं. २०५१ वैशाखमा प्रकाशित भएको हो । जम्माजम्मी २५७+५ पृष्ठमा समेटिएको यस उपन्यासमा नगेन्द्रराज रेग्मीको भूमिका मानौं वा प्रकाशकीय छापिएको छ । चन्दा र मनीषकुमारको स्वच्छ प्रेमका पृष्ठभूमिमा नेपाली ग्रामीण समाजका शोषण, अत्याचार, गरिबी, प्राकृतिक विपत्ति आदिको चित्रण भएको यस उपन्यासमा किराती संस्कृतिका कतिपय पक्षको उजागर गरेको छ । गाउँको शोषक प्रधानपञ्च दयानन्दको कालो कर्तुत र त्यसको सिकार बनेका गाउँका सोझासिधाहरूको अवस्थाको चित्रणका साथै अन्तिममा शोषक दयानन्दको दुर्गति र मनीषकुमार र चन्दाको सुखद मिलनमा उपन्यास टुङ्ग्याइएको छ ।

**३.८ शिवकुमार राई (२०२१)**

शिवकुमार राईको जन्म वि.सं. २०२१ साल वैशाख १० गते खोटाङ जिल्लाको चिउरीडाँडा (दोर्पा) गा.वि.स वडा नं. ४ बुवासुङमा भएको हो । उपन्यासका अतिरिक्त कविता, कथा आदिविधामा कलम चलाउने राई हाल काठमाडौँमा बसोबास गर्छन् (राई, २०६० :११७) । उनको 'क्षितिज पारिमा' (२०५१) उपन्यास प्रकाशित छ ।

**३.८.१ क्षितिज पारिमा**

खोटाङ जिल्लाको दोर्पा, बुवासुङ, लामाखु र केही मात्रामा दार्जिलिङको कार्यपीठिका बनाएर लेखिएको 'क्षितिज पारिमा' उपन्यासले त्यहाँको आञ्चलिक विशिष्टता देखाउने प्रयत्न गरेको छ । यस उपन्यासमा नायक हेमिङ र नायिका चञ्चलादेवी छन् । गाउँमा शोषकहरूको शोषणका कारण आफ्नो पढाइ पूरा गर्न नपाएपछि पर्देशिएको हेमिङ दार्जिलिङमा बी.बी राईको सहायतामा पढ्छ । यता अर्कै केटासँग बिहे गर्ने टुङ्गो भएपछि

चञ्चलादेवी घरबाट भागेर दार्जिलिङ जान्छे । अन्त्यमा हेमिङ र चञ्चलादेवीको भेट हुन्छ र उनीहरू अन्याय, अत्याचारका विरुद्ध लड्न गाउँ फिर्छन् ।

### ३.९ रामकृष्ण वान्तवा (२०२३)

खोटाङको वाप्लुखा गा.वि.स. वडा नं. ३ मा लेखान्चीमा वि.सं. २०२३/१०/६ मा जन्मिएका रामकृष्ण वान्तवा हाल रोजगारीको सिलसिलामा हङकङमा रहेका छन् । पिता पन्चम वान्तवा राई र माता भद्रसरा वान्तवाका छोरा रामकृष्ण बान्तवाका अहिलेसम्मका प्रकाशित कृतिहरू यसप्रकार छन् (बान्तवा, ई.२००७: बाहिरी गाता पृष्ठ) :-

**क) उपन्यास**

१. खरानी (ई.१९८८) २. आत्मा (ई.१९९६) राधाराम (ई. १९९७) ४. आमाछोरी (ई.१९९८) र ५. सघन तुवाँलो (ई.२००७)

**ख) नाटक**

१. अशिक्षाको प्रतिफल (ई.१९९५) २. मायाजाल (ई १९९९)

**ग) कविता/गीतिक्यासेट**

१. मिर्मिरे (कवितासङ्ग्रह (ई. १९९९) २. आधुनिक गीतहरू (भाग १ र २-ई . १९९५/१९९८) ३. धुन्वा (गीति एल्बम/सिडी, ई.२००६)

यिनी कला प्रतिष्ठान नेपाल, शब्द शताब्दी नेपाल, आदिवासी गीतकार समाज, किरात सेवा समाज हङकङ आदिबाट विभूषित/सम्मानित भइसकेका छन् ।

### ३.९.१ खरानी

सार्थक प्रकाशन ईटहरीद्वारा प्रकाशित यस उपन्यासमा जम्मा ११३ + ७ पृष्ठ छन् । समिर र सजु नामका पात्रको प्रेम कथामा आधारित यस उपन्यासमा सच्चा प्रेम अम्मर हुने निष्कर्ष दिइएको छ ।

### ३.९.२ आत्मा

भोजपुर दिल्पाका जगतबहादुर वान्तवा प्रकाशन रहेको 'आत्मा' उपन्यास ई. १९९६ मा प्रकाशित भएको हो । जम्मा ५२+८ पृष्ठको यस उपन्यासमा जम्मा ८ अनुच्छेद (भाग) छन् । यी हरेक परिच्छेदको शीर्षकका रूपमा त्यस परिच्छेदको घटनाको पूर्वसङ्केत गरिएको छ । यसमा दिदी बिनु र भिनाजु विनोदले विक्रमलाई हङकङ पठाउँछन् । भाइले भिसा मिलाएपछि दिदी बिनु पनि हङकङ जान्छे । तर भाइ विक्रम हङकङको रमझममा भुलेको हुन्छ, उसले दिदीलाई हेला गर्छ र  दिदी बिनु विरामी पर्छे । यो खवर सुनेर यता विनोद पनि विरामी पर्छ । हङकङबाट विरक्तिएर घर फर्केकी बिनु विनोदको अन्तिम साससँगै आइपुग्छे । अर्कातिर मोजमस्ती र श्रीमतीहरूको कारण टाट पल्टिएर विक्रम पनि घर फर्किन्छ । त्यतिबेला बिनु पनि मरिसकेकी हुन्छे । यसरी यो उपन्यास कारुणिक बनेको छ । उपन्यासका बीचबीचमा गीतहरू पनि छन् ।

### ३.९.३ राधाराम

यस उपन्यासका प्रकाशक पनि जगतबहादुर वान्तवा नै हुन् । यो उपन्यास सन् १९९७ मा प्रकाशित भएको हो । यसमा जम्मा चार परिच्छेद (भाग) छन् । यसमा राम र राधाको अटल प्रेमको कथा छ । राम भूतपूर्व लाहुरे हो । उसका छोरा, बुहारी र छोरी मोजमस्तीमा भुलेका र बाबुआमालाई हेला गर्न थालेकाले रामले आफूसँग भएको असीलाख रूपैयाँ बैंकमा राख्छ । यो थाहा पाएर बैंक मेनेजरले गुण्डा लगाएर रामको हत्या गर्छ । बैंक मेनेजरले रामकी छोरीसँग प्रेमको नाटक गर्छ र आमा राधाको हस्ताक्षर चोर्ने दाउ गर्छ । यो कुरा रामको आत्माले थाहा पाएर लमिनीमार्फत् राधालाई सचेत गराउँछ । यसैबीच मनेजरले राधा र लमिनीलाई मार्न खोज्छ तर रामको आत्माका कारण उल्टै मेनेजर गाडीसँग ठोक्किएर मर्छ । अन्त्यमा छोरा, बुहारी र छोरीले गल्ती महसुस गर्छन् । यसरी शरीर मरे पनि आत्मा मर्दैन भन्ने धार्मिक विश्वासलाई यस उपन्यासमा पनि विश्वास गरिएको छ । सत्यको जित हुन्छ र सच्चा प्रेम अमर हुन्छ भन्ने यस उपन्यासको सार रहेको छ ।

### ३.९.४ आमाछोरी

सुनसरीका जगतबहादुर बान्तवा सम्पादक रहेको 'आमाछोरी' उपन्यासमा नरेन्द्र चापागाईं, रामचन्द्र अधिकारी, त्रैलोक्यनाथ लिम्बू, हरि तिम्सिनाको भूमिका तथा शुभकामना छापिएको छ । यसमा जम्मा २१६+१२ पृष्ठ छन् । विभिन्न शीर्षकहरूमा बाँडिएको यस उपन्यास आमा र छोरी शान्ति मिलेर समाजसेवामा लागेको विषय छ । खास गरेर महिला हक अधिकारकारका विषयमा केन्द्रित यस उपन्यासले नारी जागरणका पक्षमा वकालत गरेको छ । नारीहरू सौन्दर्यका प्रतीकमात्र होइनन् । उनीहरूले पुरुषसरह हकअधिकार पाउनुपर्छ, नारीहरूको अस्मिताको सम्मान हुनुपर्दछ भन्ने सार रहेको उपन्यासको अन्तिममा नारी हकहितका लागि आमा सहिद बनेको देखाइएको छ ।

### ३.९.५ सघन तुवाँलो

साथी प्रकाशन प्रा.लि. काठमाडौं, प्रकाशक रहेको 'सघन तुवाँलो' उपन्यास पहिलोपटक २०६४ सालमा र दोस्रो संस्करण २०६५ सालमा प्रकाशित भएको पाइन्छ । पहिलो संस्करणमा २२३+१५ पृष्ठ रहेको यस उपन्यासको दोस्रो संस्करणमा उही आकारमा जमा २३२ पृष्ठमा निस्किएको छ । उपन्यासकारकी जीवनसङ्गिनी दीपलाई समर्पण गरिएको यस उपन्यासको पहिलो संस्करणमा कृष्ण धारावासीको भूमिका रहेको थियो भने दोस्रो संस्करणमा डा. तुलसी भट्टराई, डा. विष्णुकुमार राई, मोमिला र पूर्ण इन्फादाको सङ्क्षिप्त भूमिका छापिएको छ । यस उपन्यासमा विभिन्न शीर्षक छन् । यी हरेक शीर्षक एकएकवटा परिच्छेद पनि हुन् । यस उपन्यासले मूलतः असहाय, अपाङ्ग, रोगी र महिलाहरूको हकअधिकारको पक्षपोषण गरेको छ । यसमा पनि मुख्यतः आमा र छोरी पात्र छन् । आमा र छोरी पूर्णिमा मिलेर असहायहरूको संरक्षणकेन्द्र बनाएको र यसलाई विजय, गीता, नवीन, सवीन, मालती, दिनेश आदिले सघाएको विषयमा उपन्यास केन्द्रित छ । असहाय, अशक्तहरू आफ्नो हक स्थापनाका लागि शान्तिपूर्ण विरोध गर्छन् तर बद्मासहरूको घुसपैठ र सरकारी दमनका कारण गीताजस्ती लेखिका (अपाङ्ग)को सहादत हुन्छ । यस उपन्यासले असहायहरूको हकहितका लागि आन्दोलनको आवश्यकता औंल्याएको छ । यसमा किराँत संस्कृतिमा कतिपय विषय पनि आएका छन् । उपन्यासकारका अन्य उपन्यासहरूभन्दा यो उपन्यास शिल्प तथा भाव दुवै दृष्टिले उत्कृष्ट छ ।

### ३.१० धनप्रसाद सुवेदी 'श्रमिक' (२०२६)

खोटाङ जिल्ला नेर्पा गा.वि.स. वडा नं. ९ मा वि.सं. २०२६ साल फागुन २० गते पिता देवीप्रसाद सुवेदी र माता नन्दकुमारी सुवेदीका जेठा छोराका रूपमा धनप्रसाद सुवेदीको जन्म भएको हो । आफ्ना नामका पछाडि 'श्रमिक' उपनाम जोड्ने सुवेदीले गाउँकै कलिका नि.मा.वि. (हाल मा.वि.) बाट कक्षा सात, सरस्वती मा.वि. (हाल उच्च मा.वि.) दिक्तेलबाट एस.एल.सी., दिक्तेल क्याम्पसबाट स्नातक र त्रि.वि. नेपाली विभागबाट नेपाली विषयमा स्नातकोत्तर उत्तीर्ण गरेका छन् । गा.वि.स. सचिवबाट जागिरे जीवन सुरु गरेका सुवेदी २०५५ सालदेखि प्राध्यापन पेसामा संलग्न छन्, हाल उनी पाटन संयुक्त क्याम्पसमा नेपाली विषयका उपप्रध्यापक छन् ।

स्कुल पढ्दादेखि साहित्य सिर्जनामा लागेका सुवेदीले नवप्रतिभा साहित्यिक मञ्च खोटाङको संस्थापक अध्यक्ष, राष्ट्रिय-वाङ्मय कला प्रतिष्ठान नेपाल, खोटाङका संस्थापक महासचिव, रावासावा प्राज्ञिक समाज काठमाडौँका संस्थापक महासचिव (हाल) लगायत नेपाल पत्रकार महासङ्घ खोटाङ, शाखाबाट केन्द्रीय पार्षद् (दुई कार्यकाल), मानव अधिकार सरोकार समाज खोटाङको संस्थापक अध्यक्षलगायत प्रगतिशील लेखक सङ्घ, नेपाल नेत्र ज्योति सङ्घ, प्रगतिशील प्राध्यापक सङ्गठनलगायत सङ्घ/संस्थासँग सम्बद्ध भई काम गरेका छन् । 'प्रतिभा', 'कर्मचारी', 'नयाँकदम', जस्ता पत्रिकाको सम्पादन गरेका सुवेदी खोटाङबाट प्रकाशित हुने आधादर्जनभन्दा बढी पत्रिकाका सल्लाहकार र कतिपय पत्रिकामा अतिथि सम्पादक भएर पनि काम गरेका छन् । खोटाङबाट प्रकाशित हुने 'हाम्रो भावना', 'रूपाकोट' र काठमाडौँबाट निस्कने 'जनादेश', 'जनएकता' जस्ता पत्रिकामा साहित्य, संस्कृति तथा समसामयिक लेख लेख्ने सुवेदी कविता, उपन्यास र समालोचनामा विशेष रुचि राख्दछन् ।

सुवेदीका प्रशस्त फुटकर रचना प्रकाशित छन् । उनका प्रकाशित पुस्तकाकार कृति यसप्रकार छन् :

क) सानो स्वार्थ भयङ्कर अपराध (उपन्यास, २०५२)

ख) नेपाली उपन्यासमा आञ्चलिकता (समालोचना, २०५६)

ग) बेनाम (संयुक्त कवितासङ्ग्रह, २०५८)

### ३.१०.१ सानो स्वार्थ भयङ्कर अपराध

दिलसेर राई प्रकाशक रहेको 'सानो स्वार्थ भयङ्कर अपराध' (२०५२) उपन्यास मूलतः ओखलढुङ्गा जिल्लाको पोकली गाउँको परिवेशमा लेखिएको छ । ग्रामीण नेपाली समाजमा हुने जालझेल, छलप्रपञ्च, अन्यायअत्याचार, शोषणदमन, बलात्कार, अन्धविश्वास, छुवाछुत, जातभात आदि यस उपन्यासका विषयवस्तु हुन् (राई, २०६० : ११२)। मैया र रमेश नामक पात्रलाई आधार मानेर समाजभित्र हुने आर्थिक तथा सामाजिक शोषणको उजागर गर्दै त्यस्ता शोषण, अन्यायको अन्त हुनुपर्छ भन्ने आह्वानमा उपन्यास टुङ्गिएको छ । रमेश र मैयाको छोरो प्रतिरोधले अन्याय अत्याचारको प्रतिरोध गर्नेछ र समाजमा समानता र न्याय स्थापना हुनेछ भन्ने उद्घोषका साथ समाजमा व्याप्त अन्याय, कुरीतिको प्रतिरोध हुनुपर्छ भन्ने प्रगतिशील विचार व्यक्त गर्नु यस उपन्यासको उद्देश्य रहेको देखिन्छ । जम्मा ५६+४ पृष्ठमा संरचित यस उपन्यासमा 'यतातिरका अध्यायहरू, उतातिरका अध्यायहरू, बीचका छोटा अध्यायहरू' र 'उहाँ क्या काठमाडौँका अध्यायहरू' गरी मुख्यतः चारखण्डमा बाँडिएको छ ।

### ३.११ रत्न सुन्चेउरी

खोटाङको बुइपा-९, पन्चरदोबाटोमा २०३१ साल मंसिर १५ गते पिता नरबहादुर सुन्चेउरी र माता सन्तोषकुमारी सुन्चेउरीका छोराका रूपमा रत्न सुन्चेउरीको जन्म भएको हो । प्रवेशिकासम्मको शिक्षा हासिल गरेका सुन्चेउरी कविता, मुक्तक तथा उपन्यास विधामा कलम चलाउँछन् । 'सीमा' (२०६०) उनको प्रकाशित कृति हो ।

### ३.११.१ सीमा

हलेसी हवाई मासिकले प्रकाशित गरेको सीमा उपन्यासमा जम्मा ४२+६ पृष्ठ र जम्मा दश परिच्छेद छन् । प्रकाशकको तर्फबाट राजकुमार रम्तेल र किशोर चाम्लिङको प्रकाशकीय, कवि जसराज किरातीको भूमिका र लेखकको मन्तव्यसमेत यसमा छापिएको छ । खोटाङको बुइपा र आसपासको परिवेशमा लेखिएको यस उपन्यासमा मूलतः प्रेमप्रसङ्गका साथै आर्थिक-सामाजिक र सांस्कृतिक अवस्थाको चित्रण छ । प्रतीकको

असामायिक मृत्युले उसकी पत्नी सीमा सुरुमा विचलित बन्छे तर पछि उसले त्यो पीडालाई भुल्नैपर्ने हुन्छ र जवानीसँगै ऊ अर्कै केटा कुशलसँग प्रेम गर्न थाल्छे । तर अघिल्लो बिहेका कारण त्यो पनि सफल बन्दैन र फेरि अर्कोसँग प्रेम सम्बद्ध राख्दा राख्दा ऊबाट पनि धोका पाएपछि उसले आत्महत्या गर्छे । यसरी नेपाली समाजमा नारी जातिले भोग्नुपर्ने विवशतालाई यस उपन्यासले विषयवस्तु बनाएको छ । यसमा किराती संस्कृतिका कतिपय सन्दर्भ र हलेसीको रामनवमी मेलाका सन्दर्भको चित्रण भएको छ ।

## ३.१२ शालिक शातासक

खोटाङको रतन्छा-३ पिनालाखामा वि.सं. २०३८/९/११ मा पिता सिंहबहादुर राई र माता समृतमाया राईका कान्छा छोराका रूपमा जन्मिएका शालिकराम राईको साहित्यिक नाम शालिक शातासक हो । साकेला मा.वि. रतन्छाबाट एस.एल.सी. उत्तीर्ण गरी महेन्द्र क्याम्पसबाट धरानबाट समाजशास्त्रमा स्नातक गरेका शातासक कथा, कविता उपन्यास जस्ता विधामा कलम चलाउँछन् । 'मुसुरी' (कथासङ्ग्रह-२०५७) पछि (प्यारुला (उपन्यास, २०५९) उनका प्रकाशित कृति हुन् । यीबाहेक यिनले वृत्तचित्रहरू पनि बनाएका छन् । इन्द्र हाङसँग मिलेर यिनले चाम्लिङ राई वंशावली तयार पारेका छन् । सरस्वती सुब्बाको 'माई लाईफ डायरी' (२०५७), किरात स्रष्टा डी.बी. चाम्लिङ, महेन्द्र कलेज र सिर्जनशील पाइलाहरू र वान्तवा जस्ता डकुमेन्टीको लेखन निर्देशन गरेका छन् ।

### ३.१२.१ प्यारुला

भक्तपुर, गट्ठाघरका सूर्यरीता खापुङ (लिम्बू) प्रकाशक रहेको 'प्यारुला' (२०५९) उपन्यासमा जम्मा १३ (तेह्र) परिच्छेद र १११+६ पृष्ठ छन् । किराती संस्कृति तथा नेपाली ग्रामीण समाजका आर्थिक-सामाजिक पक्षको चित्रण गरिएको यस उपन्यासमा चाम्लिङ भाषाका कतिपय शब्दहरूको प्रयोग पनि भएको छ । यस उपन्यासमा बीचबीचमा कवितांश र गीतांशहरू पनि छन् । जातीय विभेद, आर्थिक तथा सामाजिक शोषण र समाज परिवर्तनको चाहना यस उपन्यासका विषय हुन् । आफ्नो हराएको भाइलाई खोजेर बाबुआमाको चित्त बुझाउन प्यारुलाले आफ्नो आँखा र मृगौलासमेत दिएको र गाउँका बद्मासलाई गाउँलेले सजाय दिएको जस्ता क्रान्तिकारी विषय र उद्देश्य रहेको यस उपन्यासले प्रगतिशील विचार व्यक्त गरेको छ । हाम्रो समाजमा दलित भनी गरिने जातीय

विभेद र छुवाछुत प्रथाको विपक्षमा अनि गाउँ समाजमा सोझासिधा गरिबहरूलाई ठग्ने सामन्त, शोषकहरूका विरुद्धमा उपन्यासले जोडदार आवाज उठाएको छ ।

### ३.१३ प्रेम पाखिन (२०४१)

खोटाङको जाल्पा गा.वि.स. वडा नं.१ मा वि.सं. २०४१ साल असार ५ गते जन्मिएका प्रेम पाखिन वाङ्दोर्जे तामाङ र फूलमाया तामाङ (कृष्णमाया तामाङ) का छोरा हुन् । हाल रोजगारीका सिलसिलामा अरबभूमिमा रहेका पाखिनको 'लक्ष्य' (२०६१) उपन्यास प्रकाशित छ ।

#### ३.१३.१ लक्ष्य

छविलाल तामाङ प्रकाशक रहेको 'लक्ष्य' (२०६१) उपन्यासमा श्रवण मुकारुङ र विप्लव ढकालको भूमिका रहेको छ । जम्मा ७०+८ पष्ठको यस उपन्यासमा एघार परिच्छेद छन् । खोटाङदेवी काठमाडौँसम्म फैलिएको यस उपन्यासको नायक दीपक हो । ऊ अग्रजहरू सन्देश र धीरजको सहयोगमा आफ्नो पढाइ अगाडि बढाउँछ र आफ्नो गाउँठाउँमा केही गर्ने अठोट (लक्ष्य) बोकेर गाउँ फर्किन्छ । देशमा द्वन्द्व चलिरहेका बेला विदेशीदाताको सहयोगमा खोटाङमा विकास निर्माणका कामहरू गरेको विषयमा उपन्यास लेखिएको छ ।

# परिच्छेद-चार

# खोटाङ जिल्लाका प्रतिनिधि उपन्यासहरूको अध्ययन

## ४.१ उपन्यासको अध्ययनका आधारहरू

उपन्यासका तत्व तथा प्रवृत्तिका आधारमा उपन्यासको अध्ययन हुने गरेको पाइन्छ । नेपालीमा इन्द्रबहादुर राई (२०५८), कृष्णचन्द्रसिंह प्रधान(२०५२), प्रतापचन्द्र प्रधान(२०४०), राजेन्द्र सुवेदी (२०५३), ऋषिराज बराल(२०५६) लगायतका समालोचकहरूले उपन्यासका तत्व तथा प्रवृत्तिका आधारमा उपन्यासको अध्ययन गरेका छन् । यहाँ अध्ययनको सजिलाका लागि उपन्यासका तत्वलाई उपन्यास विश्लेषणको आधार बनाइएको छ । उपन्यासका तत्वका बारेमा पनि विभिन्न मान्यता छन् । यसमा कृष्णहरि बराल र नेत्र एटम( २०५८:२२)का अनुसार निम्न तत्वका आधारमा उपन्यासको अध्ययन गरिएको छ :

(क) कथानक- उपन्यासका घटनाहरूको शृङ्खला

(ख) चरित्र र चरित्रचित्रण- उपन्यासका चरित्र (पात्र) र तिनका क्रियाकलाप

(ग) पर्यावरण - उपन्यासको देश, काल, वातावरण आदि ।

(घ) दृष्टिबिन्दु- उपन्यासमा कथावाचकको कथावाचन तरिका ।

(ङ) सारवस्तु- उपन्यासको मूल भाव वा उद्देश्य ।

(च) भाषा- उपन्यासमा प्रयुक्त भाषा ।

(छ) प्रतीक र बिम्ब- उपन्यासमा प्रस्तुत भएका प्रतीक  र बिम्बहरू ।

(ज) गति र लय- उपन्यासको गति र लय ।

उपर्युक्त तत्वका आधारमा खोटाङ जिल्लाका निम्न कृतिहरूको सङ्क्षिप्त अध्ययन गरिएको छ-

| क्र.सं. | उपन्यासकार | उपन्यासकृति |
| --- | --- | --- |
| १. | चन्द्र नेपाली | बिहिबारे हाट |
| २. | तेजप्रसाद उपाध्याय पोखरेल | आकासिइदै गयो आकाश |
| ३. | मोहन विरही | गाउँले नानी |
| ४. | विश्वगोपाल लम्साल | अन्तिम परिच्छेद |
| ५. | कल्पना प्रधान | ल्वाँदे र ग्वाँदे |
| ६. | खेमराज खनाल 'खखेरा' | काठमाडौँदेखि मास्कोसम्म |
| ७. | विष्णु आभूषण | अनायास |
| ८. | शिवकुमार राई | क्षितिज पारिमा |
| ९. | रामकृष्ण वान्तवा | सघन तुवाँलो |
| १०. | धनप्रसाद सुवेदी 'श्रमिक' | सानो स्वार्थ भयङ्कर अपराध |
| ११. | रत्न सुन्चेउरी | सीमा |
| १२. | शालिक शातासक | प्यारुला |
| १३. | प्रेम पाखिन | लक्ष्य |

### ४.१.१. चन्द्र नेपालीको 'बिहिबारे हाट'

#### ४.१.१.१ कथानक

माइपोखरी माथिको थुम्कोनेर सम्म परेको जग्गामा बिहीबारे हाट भन्ने सानो बजार छ । त्यो बजार नजिक झोडामा विधवा झुमाको परिवार बस्छ । माझकिरातबाट झाडी फाँडेर जमिन जोड्ने आशामा बसाइँ सरी त्यस ठाउँमा आएको झुमाको लोग्ने झाडी फाँडने क्रममा प्रहरीको गोली लागेर मारिन्छ । झुमाका गोमा नाम गरेकी छोरी र सनक नाम गरेको छोरो छ । उनीहरू दाउरा बेचेर गुजारा चलाउँछन् । बिहीबारे हाट क्षेत्रका साहूहरू र स्थानीय प्रहरी चौकीको मिलोमतोमा एउटा गुण्डादल सक्रिय छ । त्यो गुण्डादलले सोझासिधाको लुटपाट गर्ने छोरीचेलीको बलत्कार गर्ने गर्दछ । एकपटक हाट भरेर साँझपख घर फर्किंदै गर्दा उनीहरूले गोमामाथि हातपात गर्न खोजे तर कसोकसो गर्दा गोमा उम्किन सफल भई । त्यही बेलुकी एउटी होटलवाला महिलाकहाँ रक्सी र मासु खाएको पैसा नतिरी हिँड्न लागेको गुण्डादललाई सनक र उसको साथी गोरामानले पिटेपछि

पैसा तिर्न बाध्य भए । यसरी आफूलाई शक्तिशाली ठान्ने गुण्डादल सनक र गोरामानबाट पराजित भएपछि उनीहरूले शोषक साहू र प्रहरीको मिलोमतोमा सनक र गोरामानलाई पक्रिएर चोरी-डकैतीको झुट्ठा अभियोग लगाएर थुने तर अदालतमा भएको बयानमा सनक र गोरामानलाई अपराध सावित गराउने प्रमाण जुटाउन सकेनन् । शोषितपीडितहरूलाई सङ्गठित गर्दै हिँडेको प्रगतिशील युवाहरूको एकजना नेताले गुण्डादल, साहू र प्रहरीको षडयन्त्रको भण्डाफोर गरिदियो र सनक र गोरामान  जेल मुक्त भए ।

### ४.१.१.२ चरित्र र चरित्रचित्रण

यस उपन्यासमा झुमा मुख्य चरित्रका रूपमा रहेकी छे । ऊ परिश्रमी छे । उसको पति प्रहरीद्वारा मारिएको हो । आफ्ना टुहुरो छोरो सनक र छोरी गोमालाई हुर्काएर बसेकी गोमा अन्याय अत्याचारको सिकार भएकी छे । झुमाकी छोरी गोमा र छोरो सनक दुवै परिश्रमी छन्, अन्याय-अत्याचारको विरोधी छन् । सनकको साथी गोरामान पनि अन्याय-अत्याचारको विरोधी छ । यस उपन्यासका मुख्य पात्रहरू यिनै हुन् । यीबाहेक शोषणको पक्षपाती साहू, प्रहरीहरू, वकिलहरू, न्यायाधीश र अन्य विभिन्न पात्रहरू उपन्यासमा आएका छन् । यी पात्रहरूलाई मोटामोटीमा दुई वर्गमा बाँड्न सकिन्छ । झुमाको परिवार, गोरामान र शोषितपीडित वर्गलाई सङ्गठित गर्दै हिँडने युवकहरू गरिब र असलपात्रका रूपमा देखिन्छन भने प्रहरीहरू, साहूहरू र केही नेताहरू सर्वसाधारण जनतालाई दुःख दिने, अर्काको परिश्रम हडप्ने खराव पात्रका रूपमा  देखिन्छन् ।

### ४.१.१.३ पर्यावरण

यस उपन्यासलाई उपन्यासकार स्वयंले 'आञ्चलिक उपन्यास' भनेका छन् । यसमा इलामको बिहिबारे हाटबजारको परिवेश आए पनि निश्चित पात्रहरूको केन्द्रियतामा मूलतः यौनाचार र शोषणको चित्रण भएकाले यसलाई आञ्चलिक उपन्यास मान्न भने सकिँदैन( सुवेदी,२०५६ :३७)  । यस उपन्यासमा इलामको माइपोखरी छेउको बिहिबारे हाट र त्यसवरपरको सामाजिक-आर्थिक पर्यावरणको चित्रण छ । यसमा पञ्चायतकालीन न्यायप्रशासन, पुलिसप्रशासन आदिको चित्रण छ । साथै यस उपन्यासमा आर्थिक तथा सामाजिक शोषण, गरिबी, अशिक्षा आदिको चित्रण गरिएको छ ।

### ४.१.१.४ दृष्टिबिन्दु

प्रस्तुत उपन्यास तृतीय पुरुष दृष्टिबिन्दुमा लेखिएको छ । कथावाचक अलग्गै बसरे कथा भनिरहेको छ , ऊ आफैं पात्रका रूपमा छैन अरुको कथा भनिरहेको छ । यसर्थ यस उपन्यासको दृष्टिबिन्दु तृतीय पुरुष र त्यसमा पनि सर्वज्ञ देखापर्छ ।

### ४.१.१.५ सारवस्तु

यस उपन्यासको भूमिकामा उपन्यासकारले यस उपन्यासलाई आञ्चलिक भनेका छन् । यसको सार भनेको बिहीबारे हाटक्षेत्रको आञ्चलिक विशिष्टता देखाउन चाहनु हो । यसमा उपन्यास आंशिक सफल बनेको छ । तर यस उपन्यासले आञ्चलिक विशिष्टताभन्दा पनि नेपाली समाजमा रहेको गरिबी, अशिक्षा, शोषण र पञ्चायती शासन व्यवस्थाका गलत प्रवृत्तिको चित्रणलाई सारवस्तु बनाएको छ । पञ्चायतको गलत कार्यले गर्दा त्यसको अन्त्य हुनुपर्छ र हुन्छ भन्ने यस उपन्यासले अप्रत्यक्ष रूपमा सङ्केत गरेको छ ।

### ४.१.१.६ भाषा

उपन्यासको भाषा सरल छ । 'भएछ', 'रहेछ' क्रियापदको सट्टा 'थियोछ', को प्रयोग भएको यस उपन्यासमा पात्रअनुकुलको संवादयोजना छ । वकिलको बहस र न्यायाधीशको फैसलाको भाषा पनि स्वाभाविक छ । यसरी हेर्दा यसमा उपन्यासोचित भाषाको प्रयोग भएको पाइन्छ ।

### ४.१.१.७ प्रतीक र बिम्ब

यस उपन्यासमा पञ्चायती राजको प्रतीकका रूपमा पुलिस प्रशासन देखापर्दछ । एकजना अपरिचित युवाले सनक र गोरामानको पक्षमा वकालत गरेर नवपुस्ता सत्य र न्यायका पक्षमा उभिंदै छ भन्ने सन्देश दिएको छ । गुण्डादल, प्रहरी र बद्मास साहूको हार देखाएर पञ्चायतको अन्त्यको सङ्केत गरिएको छ । यस उपन्यासमा गोमामाथि हातपात हुँदाको अवस्था, अदालतको बहस आदि पाठकका मनमस्तिष्कमा पर्ने चित्र (बिम्ब) हुन् ।

### ४.१.१.८ गति र लय

यस उपन्यासमा पात्रअनुसारको संवादयोजनाले भाषिक मिठास छ र यसले एकप्रकारको लय सिर्जना गरेको छ । वकिलको बहस एकप्रकारको लयात्मक प्रस्तुति हो । बिहीबारे हाटको वर्णनमा अलिक बढी समय खर्चिएकाले घटनाक्रमको गति अबरुद्ध भएको देखिन्छ ।

### ४.१.१.९ निष्कर्ष

नेपाल समाजमा रहेको गरिबी, अन्याय, कुशासन देखाउँदै भविष्यप्रति आशावादी बन्नु यस उपन्यासको उद्देश्य देखिन्छ । नेपाली समाजमा हुने बसाइँसराइँ, आर्थिक विपन्नता र तत्कालीन राजनीतिका नराम्रा पक्षको चित्रण गर्दै परिवर्तनको अपेक्षा गर्नु यस उपन्यासको मूल उद्देश्य देखिन्छ । यसमा केही आञ्चलिक विशिष्टताको चित्रण भए पनि यसलाई पूर्ण आञ्चलिक मान्न सकिँदैन । प्रवृत्तिगतरूपमा हेर्दा यसलाई आलोचनात्मक यथार्थवादी भन्न सकिन्छ ।

### ४.१.२. तेजप्रसाद उपाध्याय पोखरेलको 'आकासिइदै गयो आकाश'

### ४.१.२.१ कथानक

पहाडको सुन्दर गाउँको सम्पन्न परिवारमा जन्मिएको आकाशको तेह्रबर्षको कलिलो उमेरमै मन्थरासँग बिहे हुन्छ । सहरमा गएर उच्चशिक्षा आर्जन गर्दा धरतीसँग प्रेम बन्धन बाँधिएको आकाश सरकारी सेवाको उच्च ओहदामा पुग्छ । मन्थरातर्फ छोराछोरी जन्मिन्छन तर मन्थराको खराव बानीव्यवहारका कारण आकाश आजित बन्छ । मन्थरा छुची, मुखाले मात्र होइन गर्न नमिल्ने काम समेत लोग्नेबाट गराइदिने भनेर घुससमेत लिने गरेको पोल खुलेपछि आकाश र मन्थराबीचमा झगडा पर्छ र उनीहरू छुट्टिन्छन् । यसपछि आकाशले आफ्नी प्रेमिका धरतीसँग बिहे गर्छ र छोरो जन्मिन्छ । सहरमा बसेका आकाश र धरतीकहाँ मन्थरातर्फका छोराछोरी आउँछन् र पारिवारिक कलह बढ्छ । आकाशका बाबुका सहायताले छोराछोरी पहाडको घर फर्किन्छन् तर फेरि विरामीको उपचार गर्ने बहाना बनाएर मन्थरा छोराहरूसहित सहर आउँछे । त्यसपछि उनीहरूको घरमा कलह बढ्दै जान्छ । यस कलहले आजित बनेको आकाश यसको दोषी आफू र समाज भएको ठहर गर्छ । बालबिबाह र

बहुविबाहजस्ता कुप्रथाको अन्त्य नगरी पारिवारिक कलहको अन्त्य हुँदैन र दाम्पत्यजीवन पनि सफल बन्दैन भन्ने निष्कर्षमा उपन्यास टुङ्गिन्छ ।

आठवटा परिच्छेदमा समेटिएको यस उपन्यासमा घटनाहरूको विवरण छ । यसमा मनोद्वन्द्व तथा बाह्य द्वन्द्वसमेत देखाइएको छ । यसमा व्यङ्ग्यको प्रयोग पनि छ ।

### ४.१.२.२ **चरित्र र चरित्रचित्रण**

यस उपन्यासमा मुख्यतः आकाश, मन्थरा र धरती तीनजना चरित्र छन् । यीबाहेक आकाशका तीनभाइ छोरा, एकजना छोरी आकाशका बाबुआमा, मन्थराका बाबुआमा, धरतीका बाबुआमा र दाजु तथा आकाशका साथीहरू आदिको चर्चा भएको छ । उपन्यासमा आकाश, धरती र आकाशका पिता अनुकूल चरित्रका रूपमा र मन्थरा तथा ऊ पट्टिका छोराछोरीहरू प्रतिकूल चरित्रका रूपमा देखापर्छन् । आकाश र धरती शिक्षित, सहनशील र अरुको भलो चाहने पात्र हुन् । मन्थरा परपीडक पात्र हो । ऊ स्वार्थी र ईर्ष्यालु पात्र हो ।

### ४.१.२.३ **पर्यावरण**

यस उपन्यासमा पहाडी गाउँ तथा सहरी जीवनका विभिन्न पक्षको चित्रण भएको छ । उपन्यासको नायक आकाशको जन्मथलो सुरम्य पहाडी गाउँ हो । त्यहाँ खोला, झरना, पहाड, वनजङ्गलको सौन्दर्य, लट्ठ पार्ने खालको छ । गाईवस्तु, गोरस, मह, गेमरा उखु, ऐँसेलु, कटुसजस्ता फलफूल आदिको वर्णन भएको यस उपन्यासमा पहाडी बाहुन समाजको परिवेश छ । साथै सरकारी कार्यालय, वनभोजको सन्दर्भ र सहरिया परिवेशको केही चर्चा भएको छ । यसमा कानुनी सन्दर्भ, विवाह, शिक्षाजस्ता नेपाली समाजका सन्दर्भहरूको चर्चा भएको छ ।

### ४.१.२.४ **दृष्टिबिन्दु**

यस उपन्यासमा तृतीय पुरुष सर्वज्ञ दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ४.१.२.५ **सारवस्तु**

बालविबाह र बहुविवाहका कारण हुने पारिवारिक बेमेल, झगडा र मानसिक तनाबलाई देखाउँदै यस्ता कुप्रथाको अन्त्य हुनुपर्ने आशय यस उपन्यासको सारवस्तु हो ।

### ४.१.२.६ भाषा

यस उपन्यासमा वर्णनात्मक शैलीमा सरल र सहज भाषाको प्रयोग गरिएको छ । 'तर, तैपनि' जस्ता संयोजकको प्रयोग र अधिकांश संयुक्त वाक्यको प्रयोग भएको यस उपन्यासले संस्मरणात्मक निबन्धको सङ्केत दिन्छ । यसमा सामान्य बोलचालको र प्रचलित भाषाको प्रयोग भएको छ ।

### ४.१.२.७ प्रतीक र बिम्ब

यस उपन्यासका पात्रहरूको नाम नै प्रतीकात्मक छन् । 'आकाश', 'धरती', 'मन्थरा' जस्ता पात्रको नाम र उनीहरूको व्यवहारकाबीचमा तादाम्यता पाइन्छ । उपन्यासमा गरिएको गाउँको वर्णनले पाठकका मनमस्तिष्कमा एउटा मूर्त चित्र खिचिदिएको छ । यसरी प्रतीक र बिम्ब प्रयोगका दृष्टिले उपन्यास निकै सफल देखिन्छ ।

### ४.१.२.८ गति र लय

यस उपन्यासको गति सरर बगेको छ । भाषामा आलङ्कारिकता पाइँदैन र घटनाक्रमको सोझो प्रस्तुति छ । प्राय संयुक्त वाक्यको प्रयोगले एकप्रकारको लय सिर्जना गरेको छ ।

### ४.१.२.९ निष्कर्ष

यस उपन्यासमा ग्रामीण नेपाली समाज र त्यसमा पनि ब्राह्मण समाजका समस्याहरूलाई विषयवस्तु बनाइएको छ । उमेर नपुग्दै बिहे गर्दाका दुष्परिणाम देखाउनु यस उपन्यासको मूल ध्येय देखिन्छ । यसमा केहीमात्रामा मनोविश्लेषण पनि छ । यो मूलतः सामाजिक यथार्थवादी उपन्यास हो ।

## ४.१.३ मोहन विरहीको 'गाउँले नानी'

### ४.१.३.१ कथानक

खोटाङ जिल्लाको एउटा गाउँमा काठमाडौँतिरबाट गएको प्रगतिशील विचारको रमेश गाउँमा शिक्षण गर्दै प्रगतिशील राजनीतिको प्रचार गर्दछ । गाउँका जिम्दार रणवीरकी

छोरी मिठू अर्थात् गाउँले नानी शिक्षक ठिटो रमेशसँग आकर्षित हुन्छे । यसैबीच खार्तम्छा गाउँको जिम्दार शेरमानको नाति, मानवीरको छोरो विष्णुप्रसाद राईसँग गाउँले नानीको बिहे हुन्छ । पूर्व ४ नं. भोजपुरबाट ६ कक्षा पढेको विष्णुप्रसाद बाबुबाजेभन्दा बुझक्कड हुन्छ र बाबुबाजेजस्तो जनतालाई शोषण गर्ने प्रवृत्तिको विरुद्धमा हुन्छ । छोटो समयमै गाउँमा लोकप्रिय बनेको रमेश मास्टरको सरुवा हुन्छ र ऊ पश्चिम नेपालतर्फ लाग्छ । यस घटनाले गाउँले नानीलाई ठूलो आघात पर्छ र सम्पूर्ण गाउँ नै दुःखित हुन्छन् । अन्त्यमा पश्चिम लमजुङ जिल्लामा शिक्षण गर्ने रमेश विष्ट राष्ट्रघाती काम गरेकाले प्रहरीको गोली लागेर मारिएको समाचार प्रशारित हुन्छ ।

जम्मा एघार परिच्छेदमा समेटिएको यस उपन्यासमा गाउँले समाजको चित्रण छ । युवासुलभ प्रेम प्रसङ्गका साथै समाज परिवर्तनको चाहना र तत्कालीन राज्यव्यवस्थाका खराब पक्षलाई सामान्य सङ्केत गरिएको यस उपन्यासका घटनाहरू कहीँकहीँ त्यति विश्वास लाग्दा छैनन् ।

### ४.१.३.२ चरित्र र चरित्रचित्रण

यस उपन्यासमा मुख्यतः रमेश र गाउँले नानी दुई पात्र छन् भने सहायक पात्रका रूपमा विष्णु, रणवीर जिम्दार आदि रहेका छन् । रमेश शिक्षित युवक हो, ऊ शिक्षकका रूपमा रहेर राजनीतिक चेतना फैलाउन चाहन्छ । गाउँले नानी पवित्र हृदय भएकी सोझीसिधा युवती हो, ऊ रमेशको व्यवहार र विचारलाई अत्यन्तै श्रद्धा गर्छे । विष्णुकुमार राई पनि प्रगतिशील विचार भएको युवक हो । यस उपन्यासमा शेरमान, मानवीर जस्ता सामन्ती विचार र व्यवहार भएका पात्रहरू छन् । यसरी यस उपन्यासमा परम्परागत सामन्ती व्यवहार र विचार तथा नवीन र प्रगतिशील विचार र व्यवहार भएका पात्रहरूको चरित्रचित्रण गरिएको छ ।

### ४.१.३.३ पर्यावरण

खोटाङ जिल्लाको उत्तरी भेगका खार्तम्छा गाउँ र त्यस आसपासको मूलतः राई (किराती) समाजको सेरोफेरोमा नेपालमा भर्खर पञ्चायती व्यवस्थाको सुरुवात भएको कालखण्डका परिवेशमा लेखिएको यस उपन्यासमा  ग्रामीण पहाडी पर्यावरण र त्यसभित्रको आर्थिक, सामाजिक, सांस्कृतिक अवस्थाको चित्रण गरिएको छ ।

#### ४.१.३.४ दृष्टिबिन्दु

प्रस्तुत उपन्यास तृतीय पुरुष दृष्टिबिन्दुमा लेखिएको छ ।

#### ४.१.३.५ सारवस्तु

यस उपन्यासले सारवस्तु समाजसुधार हो । ग्रामीण समाजमा रहेको अशिक्षारूपी अन्धकार चिर्दै शिक्षारूपी उज्यालो बाल्नुपर्दछ र त्यसका लागि जनचेतना जरुरी छ भन्ने यस उपन्यासको सन्देश हो । युवा पुस्ताले परिवर्तनको नेतृत्व गनुपर्दछ र परिआएमा जीवनदान गरेर भए पनि समाज परिवर्तनका लागि सचेत युवापुस्ता अग्रसर हुनुपर्दछ भन्ने विषय नै यसको सारवस्तु रहेको छ ।

#### ४.१.३.६ भाषा

यस उपन्यासमा प्रचलित बोलचालको भाषाको प्रयोग भएको छ । बीचबीचमा गीतको प्रयोग भएको र संवादमा केही अस्वाभाविकता पाइन्छ ।

#### ४.१.३.७ प्रतीक र बिम्ब

यस उपन्यासको प्रमुख पात्र रमेश चेतना र परिवर्तनको प्रतीकका रूपमा आएको छ । सरुवा भएर हिँड्नेबेला हसिया घन, हलो जस्ता वस्तु उपहार दिएको छ, यसले अप्रत्यक्ष रूपमा कम्युनिस्ट विचारलाई सङ्केत गरेको छ । हँसिया, घन, हलो आदि कृषिको प्रतीकका रूपमा पनि छन् भने रमेशको विचार र कामले परिवर्तनलाई जनाउने भएकाले यी वस्तुको उपहारले साम्यवादी विचार प्रवाहको सङ्केत गरेका छन् । उपन्यासको अन्त्यमा सबैको प्रिय रमेश राष्ट्रघातीको आरोपमा मारिएको सन्दर्भले तत्कालीन राजनीतिक व्यवस्थाप्रति व्यङ्ग्य र अप्रत्यक्ष रूपमा विरोध गरिएको छ । रमेशसँगको विछोडमा गाउँले नानी मुर्छा पर्दाको अवस्थाले आदि यस उपन्यासमा प्रयुक्त बिम्बहरू हुन् ।

#### ४.१.३.८ गति र लय

यस उपन्यासमा संवादयोजना, बीचबीचमा पात्रहरूले गाउने गीत र कथावाचक स्वयंले प्रस्तुत गर्ने गीत समेतले यस उपन्यासको गति र लय निर्धारण गरेको छ ।

### ४.१.३.९ निष्कर्ष

उस उपन्यासमा गाउँगाउँमा चेतना फैलाउनु पर्दछ भन्ने सन्देश छ । स्थानीय रूपमा रहेको सामन्ती व्यवस्था, अशिक्षा आदिको अन्त्य गर्नुपर्दछ भन्ने यस उपन्यासको आशय देखिन्छ । तत्कालीन शासनव्यवस्थाको प्रत्यक्ष विरोध गरिएको छैन तर उपन्यासको अन्त्यमा रमेशजस्तो असल मान्छेलाई राष्ट्रघातीको आरोपमा मारिएको सन्दर्भ उल्लेख गरेर तत्कालीन शासनव्यवस्थाप्रति अप्रत्यक्षतः असहमति व्यक्त गरिएको छ । समाजसुधार र भावनात्मक प्रेम यस उपन्यासको मूल विषयवस्तु हो ।

## ४.१.४ विश्वगोपाल लम्सालको 'अन्तिम परिच्छेद'

### ४.१.४.१ कथानक

'म' पात्रले उपन्यासको कथा भनेको छ । 'म' पात्र उपन्यासकार हो र उसले आफ्नै सन्दर्भलाई लिएर उपन्यास लेख्दैछ । 'म' पात्र सरकारी कार्यालयको नायवसुब्बा हो । उसकी श्रीमती सन्तोष र छोरी सुरुसहितको सानो परिवार उसको जागिर खाने कार्यालय नजिक डेरा गरेका छन् । एकपटक दशैंमा हाकिमकहाँ टीका लगाउन गएपछि हाकिमको परिवारसँग उनीहरूको उठबस बढ्दै जान्छ । यसबीचमा हाकिम्नीको आग्रह र श्रीमती सन्तोषको ढिपीले उनीहरू पनि हाकिमसँगैको घरमा डेरा सर्छन् । यसबीच हाकिमको परिवारसँग नजिक हुँदै गएकोमा 'म' पात्र आफ्नी पत्नीप्रति शङ्का गर्न थाल्छ । हाकिमको चरित्र खराब भएकाले उसले आफ्नी श्रीमती सन्तोषसँग यौनाचार गरेको भन्ने 'म' पात्रको आशङ्का छ र ऊ उसकी श्रीमतीको व्यवहारप्रति आक्रोश पोख्न थाल्छ । यहीबीचमा एकदिन हाकिमले 'म' पात्रलाई विराटनगर पठाउँछ । यसमा पक्कै पनि केही रहस्य छ भनेर 'म' पात्र विराटनगर गएजस्तो गरेर डेराछेउमा लुकेर बस्छ । त्यहीबेला हाकिम आएर म पात्रकी श्रीमतीमाथि दुर्व्यवहार गर्ने प्रयत्न गर्छ । म पात्रकी श्रीमतीले यसको डटेर मुकाबिला गर्छे र खुकुरीले हानेर हाकिमलाई घाइते बनाइदिन्छे । यसपछि म पात्रको श्रीमतीप्रतिको आशङ्का मेटिन्छ र आफ्नी पत्नीको निष्कलङ्क व्यवहार र नियतप्रति गर्व गर्दछ ।

यसरी अनावश्यक शङ्काले भित्रभित्रै पिरोलिएको म पात्रको शङ्का उसकी श्रीमतीका हकमा असत्य ठहरिए पनि हाकिमका  हकमा भने सत्य ठहरिन्छ । यो मनोवैज्ञानिक उपन्यास हो ।

### ४.१.४.२ चरित्र र चरित्रचित्रण

यस उपन्यासमा 'म' पात्र उसकी श्रीमती सन्तोष, छोरी सुरु, हाकिम र हाकिमनीजस्ता पात्रहरू छन् । 'म' पात्र कार्यालयको सहायकस्तरको कर्मचारी हो । ऊ लेखक पनि हो । ऊ शङ्कालु स्वभावको छ तर मुख फोडेर श्रीमतीलाई आक्षेप लगाउन भने सक्तैन । ऊ बेलामा ठीक निर्णय लिन नसक्ने कमजोर पात्रका रूपमा आफूलाई ठान्छ । 'म' पात्रकी श्रीमती सन्तोष सोझिसिधा गाउँले महिला हो । उसलाई भौतिक सुखसुविधाप्रति मोह छ र हाकिम, हाकिम्नीजस्ता समाजले ठूलाबडा मानिल्याएकालाई मानसम्मान गर्दछे । तर ऊ उसका लोग्नेले सोचेजस्ती पतीत भने छैन । ऊ प्रतिव्रता छे । हाकिमको भित्री नियतप्रति अनभिज्ञ रहेकी ऊ झण्डैले हाकिमबाट बलात्कृत हुन्छे । हाकिमको सक्कली चरित्र थाहा पाएपछि र आफ्नो अस्मिता जोगाउनका लागि उसले कडा प्रतिरोध गरेकी छे ।

यस उपन्यासमा हाकिम व्यभिचारी पात्र हो भने हाकिम्नी सहयोगी र आफूलाई सभ्य ठान्ने नारी पात्र हो ।

### ४.१.४.३ पर्यावरण

प्रस्तुत उपन्यास मूलतः मनोवैज्ञानिक भएकाले यसको पर्यावरण पात्रको मनोगत प्रस्तुतिमा बढी केन्द्रित छन् । यसमा नेपालको एउटा सरकारी कार्यालय र त्यसको वरपरको पर्यावरण आएको छ । यसमा मुख्यतः पुरुष आँखाले महिलामाथि हेर्ने वासनात्मक दृष्टिको चर्चा भएकाले यसमा त्यहीअनुरूपको पर्यावरणको चित्रण छ ।

### ४.१.४.४ दृष्टिबिन्दु

प्रस्तुत उपन्यास प्रथम पुरुष दृष्टिबिन्दुमा लखिएको छ । म पात्रले आफ्नी श्रीमती र हाकिमको सम्बन्धमा बारेमा गरेको शङ्का, आशङ्का अनि यथार्थको वर्णन म पात्रकै मुखबाट भएको छ । यसमा उपन्यासकार स्वयं म पात्रका रूपमा उपस्थित छन् । यसर्थ यसको दृष्टिबिन्दु प्रथम पुरुष हो ।

### ४.१.४.५ सारवस्तु

यस उपन्यासले एउटा पुरुषपात्र आफ्नी पत्नी र समग्र महिलाका सम्बन्धमा कस्तो धारणा बनाउँछ भन्ने मनोवैज्ञानिक पक्षको चित्रणलाई सारवस्तु बनाएको छ । भौतिक सम्पन्नताको लोभमा हाम्रो समाजका महिलाहरू परपुरुषको फन्दामा पर्न सक्छन् भन्ने यथार्थको उद्घाटन  गर्नु नै यस उपन्यासको सार रहेको छ । साथै जोरीपारीका सरह आर्थिक उपार्जन गर्न नसक्ने पुरुषहरू आफ्नी पत्नीको सम्पत्तिमोहबाट त्रसित हुन्छन् र कुनै धनी पुरुषका पछि लाग्ने हुन् कि भन्ने शङ्काले सदैव पीडित हुन्छन् भन्ने मनोयथार्थको उद्घाटन गर्नु यस उपन्यासको सारवस्तु रहेको पाइन्छ ।

### ४.१.४.६ भाषा

यस उपन्यासको भाषा सरल, सहज र स्वाभाविक छ । पात्रअनुकूल संवादयोजना छ ।

### ४.१.४.७ प्रतीक र बिम्ब

यो मनोवैज्ञानिक उपन्यास भएकाले यसमा म पात्रका मनोदशाहरूको चित्रण छ । 'म' पात्रले आफ्नी पत्नी र हाकिमका बीचको सम्बन्धलाई एउटा काल्पनिक बिम्बमा हेर्ने गरेको छ । यसमा हाकिम एउटा यौन दुराचारी व्यक्तिको प्रतीकका रूपमा आएको छ । आर्थिक सम्पन्नता र विपन्नताका बीचको अन्तरले मान्छेका यौनव्यवहारमा पार्ने असर र त्यसप्रतिको आशङ्काको मनोबिम्ब यस उपन्यासमा सजिलै देख्न सकिन्छ ।

### ४.१.४.८ गति र लय

यस उपन्यासमा म पात्रले घटनाको वर्णन गरेको छ र यसमा म पात्रका मनोदशाको उतारचढावसँगै उपन्यासको गतिले अगाडि बढ्ने र रोकिने गरेको छ । यही गतिमा एकप्रकारको लय सिर्जना भएको छ ।

### ४.१.४.९ निष्कर्ष

जम्मा १५ वटा परिच्छेदमा समेटिएको यस उपन्यासले 'म' पात्रको आफ्नी पत्नीप्रति रहेको आशङ्क मेटिएको क्षणलाई अन्तिम परिच्छेद मानेको छ र त्यही नै यस उपन्यासको शीर्षक रहेको छ । महिलाहरू अरुको सम्पन्नतामा लोभिँदा दुर्घटनामा पर्न सक्छन् भन्ने

सन्देश दिनाका साथै जोरीपारीका तुलनामा आफूलाई कमजोर ठान्दा मान्छे आफ्नी पत्नीप्रति पनि आश्वस्त बन्न सक्तैन भन्ने मनोतथ्यलाई यस उपन्यासले प्रस्तुत गरेको छ ।

### ४.१.५ कल्पना प्रधानको 'ल्वाँदे र ग्वाँदे'

#### ४.१.५.१ कथानक

एउटा गाउँमा बस्ने बाबुआमाका दुईजना छोराहरु ल्वाँदे र ग्वाँदे मूर्ख थिए । उनीहरु चाडै टुहुरा भए  गाउँलेको सल्लाहअनुसार घरखेती गरेर बसेका दाजुभाइ अंशबण्डा गरेर छुट्टिए  । दाजु ल्वाँदेले भाइलाई अंशमा ठगेर बूढो गोरु दियो र आफूले भने दुध दिने गाई लियो । बूढो गोरु लिएर प्रदेश लागेको भाइ बाटामा धनी मानिसको बालिमा पस्दा जग्गा धनीले इँटाले हानेर मर्‍यो र उसले ५०० क्षतिपूर्ति पायो । यसैबीच सन्तान नभएका बूढाबूढीले धर्मपुत्र बनाएर ग्वाँदेलाई राखे । उसले धेरै पैसा कमायो भाइको प्रगति देखेर दाइ ल्वाँदेले भाइलाई झुक्याएर मार्न खोज्यो तर भाइ बाँच्न सफल भयो । उसले धर्मबाबुका सल्लाहमा खरानी समेत बेचेर धन आर्जन  गर्न  सक्यो । उता दाजु भने भाइको सिको गरेर छँदाखाँदाको गाई मारेर मासु बेच्न खोज्दा र घर सल्काएर खरानी बेच्न खोज्दा भँडारे घाटका माझीहरुबाट कुटाइ खाएर बेपत्ता भयो । भाइभने ग्वाँदेबाट गोपाल भएर सुखपूर्वक रहन थाल्यो ।

#### ४.१.५.२ चरित्र र चरित्रचित्रण

यसमा ल्वाँदे र ग्वाँदे दुई दाजुभाइका साथै उनीहरूका बाबुआमा, भाइका धर्म बाबु र आमा, भँडारेका माझी लगायतका चरित्रहरू छन् । यसमा दाजु लोभी, पापी र बेइमान छ । भाइचाहिँ सज्जन र इमान्दार छ । बेइमान भएकाले दाजुले दुःख पाउँछ र इमान्दार भएकाले भाइले सुख पाउँछ ।

#### ४.१.५.३ पर्यावरण

यस उपन्यासमा  ग्रामीण समाजको चित्रण छ । गाइगोठ, खेतबारी, खोला, घाट आदि यस उपन्यासका पर्यावरणमा आएका छन् ।

#### ४.१.५.४ दृष्टिविन्दु

यसमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

#### ४.१.५.५ सारवस्तु

यसमा बद्‌मास व्यक्तिले दुःख पाउने र असल व्यक्तिले सुख पाउने बाल सन्देश छ । यही नै यसको सारवस्तु हो ।

#### ४.१.५.६ भाषा

यस उपन्यासमा सरल भाषाको प्रयोग भएको छ । बाल उपन्यास भएकाले बालबालिकाले बुझ्ने भाषाको प्रयोग भएको छ ।

#### ४.१.५.७ प्रतीक र बिम्ब

यसमा ल्वाँदे र ग्वाँदे पात्रको नाम मूर्खको प्रतीकका रूपमा आएको छ । यसमा विभिन्न बिम्बहरूको प्रयोग भएको छ ।

#### ४.१.५.८ गति र लय

यसमा स्वाभाविक गति छ । केही आलङ्कारिक भाषाको प्रयोगले लयको सिर्जना भएको छ ।

#### ४.१.५.९ निष्कर्ष

प्रस्तुत उपन्यास बाल उपन्यास हो । यसमा लोककथाको विषयवस्तुलाई बालकले बुझ्ने भाषामा औंपन्यासिकता प्रदान गरिएको छ ।

### ४.१.६ खेमराज खनाल 'खखेरा' को 'काठमाडौँदेखि मास्कोसम्म'

#### ४.१.६.१ कथानक

'काठमाडौँदेखि मास्कोसम्म' यात्रा संस्मरणलाई औपन्यासिक रूप दिइएको कृति हो । यसर्थ यसमा उपन्यासकारले 'मकर' नामको पात्रका माध्यमबाट आफूले भोगेका यथार्थ कुरालाई औपन्यासिक रूप दिएका छन् । मकर नेपाली ग्रामीण समाजको एकजना मेधावी छात्र हो । उसले नेपालबाट बी.ए. उत्तीर्ण गरेपछि बी.एल. पढ्न तत्कालीन सोभियत सङ्घको लुमुम्बा विश्वविद्यालयमा छात्रवृत्ति पायो । यसक्रममा उसले भोग्नु परेका प्रक्रियागत झन्झट र ती झन्झट पार गरेर मास्कोसम्म पुग्दाका अवस्था र मास्को पुगेपछि त्यहाँ रहँदाबस्दाको राम्रा नराम्रा पक्षको वर्णन नै यहाँ औपन्यासिक विषयवस्तु बनेका छन् ।

छ वर्षजति मास्कोमा बस्दा त्यहाँको हावापानी, त्यहाँको शैक्षिक व्यवस्था, त्यहाँको युवतीहरूको छाडापन, त्यहाँको बजार व्यवस्था आदिबारे आलोचना र व्यङ्ग्य यस उपन्यासका विषय हुन् । यसमा घटनाको व्यवस्थित शृङ्खला छैन । उपन्यासकारले मास्कोलाई 'विधुवा सहर' भनेका छन् र त्यहाँका सडकलाई 'छाडा सडक' भनेका छन् । समग्रमा ६ वर्षको मास्को बसाइँलाई उपलब्धिहीन ठान्दै मकर काठमाडौँ फर्किएको अवस्थामा उपन्यास टुङ्गिएको छ ।

### ४.१.६.२ चरित्र र चरित्रचित्रण

यस उपन्यासको प्रमुख पात्र मकर हो । ऊ छात्रवृत्तिमा मास्को पढ्न गएको नेपाली पात्र हो । उसले आफ्नोभन्दा भिन्न परिवेशमा आफूलाई असहज र अप्ठ्यारो मान्दै भएपनि विवशतापूर्वक त्यहाँ घुलमिल गराएको छ । यसक्रममा थुप्रै पात्रहरू आउँछन् । खासगरेर रसियाली छाडा केटीहरू आउँछन्, ती केटीहरूका बानीव्यवहार मकरलाई मन पर्दैन र पनि जैविक आवश्यकताले उनीहरूसँग ऊ नजिक बन्छ । यस उपन्यासमा नेपालका अधिकारीहरूदेखि लुमुम्बा विश्वविद्यालयका प्राध्यापकहरू, रुसी केटीहरू, महिला, छात्रवृत्तिमा जाने नेपालीहरू बहुचरित्र छन् । तर मुख्यतः यस उपन्यासको प्रमुखपात्र मकर हो । मकरकै संस्मरणमा यो उपन्यास केन्द्रित छ ।

### ४.१.६.३ पर्यावरण

यस उपन्यासमा मूलतः मास्को सहर र अंशतः नेपालको परिवेशको चित्रण छ । मास्को सहरको हावापानी, रहनसहन, भेषभूषा, त्यहाँको सडक, गल्ली, अस्पताल, विश्वविद्यालय, होटल, पाहुनाचार, बजारव्यवस्था, खाद्यपदार्थ आदिको चित्रण गरिएको छ । मास्को सहरमा ८० लाख जनसङ्ख्या, १५० सिनेमाहल, ३४ तले घर र १०० देशका मानिस बस्छन् भनी यस सहरको वर्णन गरिएको छ ।

### ४.१.६.४ दृष्टिबिन्दु

संस्मरणको औपन्यासिकरण भएपनि यसमा सर्वज्ञ प्रकारको तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४.१.६.५ सारवस्तु

यसको सारवस्तु छात्रवृत्तिमा मास्को पढ्न जाँदाका अप्ठ्याराहरू र मास्को सहरको यथार्थको उदघाट्न गर्नु हो ।

### ४.१.६.६ भाषा

यसमा प्रशस्त मात्रामा आलङ्कारिक तथा व्यङ्ग्यात्मक भाषाको प्रयोग गरिएको छ । ठेट नेपाली शब्दको प्रयोगले यसमा भाषिक मिठास पाइन्छ ।

### ४.१.६.७ प्रतीक र बिम्ब

यसमा प्रशस्तमात्रामा प्रतीकको प्रयोग गरिएको छ । मास्को सहरलाई बिरामी सहर, त्यहाँका सडकलाई छाडासडक भनिएको छ भने त्यहाँका विभिन्न विषयलाई विभिन्न प्रतीकका रूपमा व्याख्या गरिएको छ । कतिपय अश्लील खालकाा प्रतीकहरूको प्रयोग पनि भएको छ । यस उपन्यासले पाठकका मनमा मास्को सहरका अनेकन् विकृत पक्षको बिम्ब उब्जाइदिन्छ ।

### ४.१.६.८ गति र लय

यस उपन्यासमा संस्मरणात्मक शैलीको प्रयोग भएकाले त्यहीअनुरूप गति र लय सिर्जना भएको छ । प्रशस्त मात्रामा अनुप्रासयुक्त भाषाको प्रयोगले उपन्यास लयात्मक बनेको छ ।

### ४.१.६.९ निष्कर्ष

यो मूलतः संस्मरण हो, खाली संस्मरणलाई औपन्यासिकरण गरिएकाले वास्तविक पात्र र घटनालाई काल्पनिकजस्तो बनाइको मात्र हो । यसले मास्को सहरको विकृतपक्षको खरो व्यङ्ग्य गरेको पाइन्छ ।

### ४.१.७ विष्णु आभूषणको 'अनायास'

#### ४.१.७.१ कथानक

खोटाङको एउटा राई गाउँका चन्दा र मनीषकुमारको प्रेमकहानी यस उपन्यासको मूल विषयवस्तु हो । सानैमा आमा मरेर टुहुरी बनेकी चन्दा राईका बाबु पनि हावाहुरीले लडाएको रुखले किचेर चाँडै मर्छन । यसरी बाबुआमा मरिसकेपछि भर्खर स्कुल जाँदै गरेकी बहिनी रोशी र  र स्कुलमा पाइलामात्र टेकेको अनन्तसमेतको अभिभाकत्व र सबै कुराको जिम्मा किशोरी चन्दाका जिम्मामा आउँछ । स्कुल जाने उमेरमा यस्तो गहन जिम्मेवारी बोकेकी चन्दा  गाउँकै एकजना प्रतिभाशाली ठिटो मनीषकुमारसँग प्रेम हुन्छ । कृषि विषयमा उच्च अध्ययन गरिरहेको मनीषकुमार गाउँबाट टाढा सहरमा पढ्न गएको छ । यता गाउँको शोषक-सामन्त दयानन्दले थोरै रिन दिएकोमा दोब्बर तेब्बर पारेर चन्दाको घरजग्गा हडप्छ र भाइबहिनी लिएर चन्दा बसाइँ सर्न बाध्य हुन्छे । कृषिमा स्नातक तहको परीक्षा दिएर बिहे गर्न घर आएको मनीषकुमार आफ्नी प्रेमीका चन्दालाई नपाउँदा विरक्तिएर फर्किन्छ र मधेसको एउटा कृषि कार्यालयमा अधिकृतको जागिरे बन्दछ । उता भाइबहिनीसहित बसाइँ गएकी चन्दा मनीषकुमारकै कार्यक्षेत्रअन्तर्गत श्रीपुरमा बङ्गुर पालेर जीवन गुजारा गर्दै थिए । एकदिन कृषि प्रदर्शनीमा चन्दाले पालेको बङ्गुरले पुरस्कार पायो र त्यसक्रममा चन्दा र मनीषको भेट भयो । त्यसपछि उनीहरू विवाह बन्धनमा बाँधिए ।

चन्दा र मनीषकुमारको यस प्रेमप्रसङ्गसँगै यस उपन्यासमा शोषक दयानन्द र उसको छोरो शिवको बदमासी र त्यसको अन्तिम परिणतिको चित्रण छ । गरिब सर्वसाधारणलाई दुःख दिने दयानन्द अन्तमा पीर र वेदनामा छटपटिदै मर्छ भने उसको छोरो शिव हत्याको अभियोगमा जेल पर्छ । बैंसमा बुद्धि नपुऱ्याउँदा राधाले आत्महत्या गर्नुपरेको र शुष्माले पलायन हुनुपरेको सन्दर्भले उपन्यासलाई अरु सशक्त बनाएको छ ।

#### ४.१.७.२ चरित्र र चरित्रचित्रण

यस उपन्यासका प्रमुखपात्र चन्दा र मनीषकुमार हुन् । दयानन्द, दलबहादुर, रोशी, अनन्त, शुष्मा, शिव, श्यामशेखर आदि यस उपन्यासका अन्य पात्रहरू हुन् । यहाँ चन्दा, मनीषकुमार, दलबहादुर, रोशी आदि सत्पात्र छन् भने दयानन्द र शिव असत्पात्र हुन् । यस उपन्यासमा चन्दा र मनीषकुमारलाई सच्चा प्रेमी-प्रेमीकाका रूपमा चित्रण गरिएको छ ।

दयानन्द शोषक पात्र हो भने दयानन्दको छोरो शिव पनि त्यस्तै खराब पात्र हो । उसले यौन दुराचारका साथै हत्या र डकौतीसमेत गरेको छ । यस उपन्यासमा पात्रको नाम आफैँमा व्यङ्ग्यात्मक छ । दयानन्द पटक्कै दया नभएको पात्र हो भने दलबहादुर चाहिँ सहयोगी र सच्चरित्र हो । अर्कातिर शिव चाहिँ हत्यारो पात्र हो । यस उपन्यासमा चन्दा, मनीषकुमार, शिव र शिवका आमाहरूको पनि चर्चा गरिएको छ । उनीहरू नेपाली ग्रामीण समाजका सोझासिधा गृहिणी र असल आमा हुन् । यीबाहेक यस उपन्यासमा कार्यालयका कर्मचारीहरू, प्रहरी लगायत अन्य युवायुवतीहरूको चरित्र र उनीहरूका चरित्रचित्रण गरिएको छ ।

### ४.१.७.३ पर्यावरण

'अनायास' मा मुख्यतः पूर्वी पहाडी क्षेत्रको राईगाउँको परिवेशको चित्रण छ भने आंशिक रूपमा सुकुम्बासीहरू बसोबास  गर्ने श्रीपुर र धरान सहरको पर्यावरणको चित्रण छ । यसमा पञ्चायतकालीन सन्दर्भ आएको छ । ग्रामीण समाजमा हुने शोषण, किराती जातिको साकेलापर्व, प्राकृतिक विपत्ति, सङ्गत गुनाको फलजस्ता सामाजिक सांस्कृतिक, आर्थिक र भौगोलिक पर्यावरण यस उपन्यासको समग्र पर्यावरण हो ।

### ४.१.७.४ दृष्टिबिन्दु

यसमा तृतीय पुरुष (सर्वज्ञ) दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४.१.६.५ सारवस्तु

नेपाली  ग्रामीण समस्याहरू केलाउँदै त्यसमा सच्चा प्रेम र सद्व्यवहारको अन्ततः जीत हुन्छ र असत्यको हार हुन्छ भन्ने कुरा प्रस्ट्याउनु यस उपन्यासको उद्देश्य देखिन्छ । यही नै यस उपन्यासको सारवस्तु हो ।

### ४.१.७.६ भाषा

यस उपन्यासमा सरल र काव्यात्मक भाषाको प्रयोग भएको छ । सूत्रात्मक रूपमा थोरैमा धेरै भन्न सक्नु यस उपन्यासको विशिष्टता हो । भाषिक प्रयोगका दृष्टिले प्रस्तुत उपन्यास अत्यन्त सफल छ । यसका संवादहरू चोटिला र स्वाभाविक छन् ।

### ४.१.७.७ प्रतीक र बिम्ब

यस उपन्यासमा कतिपय पात्रको नाम पौराणिक प्रतीकका रूपमा तर व्याङ्ग्यार्थमा राखिएको छ । पिटिक्कै दयामाया नभएको दयानन्द, आफ्नो मात्र कल्याण चाहने र आफ्नो स्वार्थका लागि हत्या र डकौतीसमेत गर्नेको नाम 'शिव' जस्ता नाम आफैमा प्रतीक हुन् । उपन्यासमा दयानन्दको अन्तिम अवस्थामा उसले अनुभुत गरेका बिम्बहरूलाई राम्ररी देखाइएको छ । यीबाहेक उपन्यासमा विभिन्न सन्दर्भमा प्रतीक र बिम्बहरू प्रयोग भएका छन् ।

### ४.१.७.८ गति र लय

उपन्यासमा स्वभाविक गति छ । सिलसिलाबद्ध रूपमा पूर्वापर शृङ्खलामा उपन्यासको गति प्रवाह भएको छ । उपन्यासको भाषिक विन्यास लयात्मक छ । प्रशस्त मात्रामा अनुकरणात्मक शब्दहरूको प्रयोगले उपन्यासलाई अरु लयात्मक बनाएको छ ।

### ४.१.७.९ निष्कर्ष

यस उपन्यासले सत्यको विजय र असत्यको हार देखाएको छ । सच्चा प्रेम मिलनमा टुङ्गिने र प्रेमका नाममा हुने स्वार्थ र व्यभिचारले अन्ततः हार बेहोर्नुपर्ने निष्कर्षमा उपन्यास टुङ्ग्याइएको छ । नेपाली ग्रामीण समाजका आर्थिक, सामाजिक-सांस्कृतिक समस्याहरूलाई सटिक रूपमा चित्रण गर्न सफल यस उपन्यासले प्रेम प्रसङ्गको रोचक प्रस्तुति गरेर बौद्धिक तथा सामान्य दुवैखाले पाठकको मन जित्न सकेको छ । थोरै आदर्शतिर उन्मुख यस उपन्यासले सामाजिक यथार्थवादी प्रवृत्ति अँगालेको छ ।

## ४.१.८ शिवकुमार राईको 'क्षितिज पारिमा'

### ४.१.८.१ कथानक

खोटाङको लामाखु तथा ब्वासुङ गाउँको पररिवेशमा उपन्यासको थालनी भएको छ । स्कुल पढ्दै गर्दा होमिङ र चञ्चलादेवीका बीचमा प्रेम बस्छ । एकअर्कालाई अत्यन्तै मन पराउने, लगनशील र सहयोगी होमिङ र चञ्चलादेवीलाई सामाजिक वातावरण तथा आर्थिक अभावका कारण उच्च शिक्षा आर्जन गर्न समस्या पर्छ । यस्तैमा चञ्चलादेवीले पढाइ छाड्छे

भने हेमिङ् चाहिँ विदेश लाग्छ । दार्जिलिङमा बी.बी. राईको सहयोगमा हेमिङले सर्वोत्कृष्ट अङ्कसहित स्नातक उत्तीर्ण गर्छ । यता गाउँको मुखिया धनप्रसाद पण्डितले भाकामा ऋण नतिरेको निहुमा हेमिङको खेत हडप्छ र हेमिङको बाबु वीरबहादुरलाई झुठ्ठा मुद्दामा फसाउँछ भने चञ्चलादेवीलाई अर्कै केटासँग विवाह गर्न खोजिन्छ र ऊ पनि भागेर दार्जिलिङतिर लाग्छे । चञ्चलादेवी दार्जिलिङतिर लागेकै बेला यता हेमिङ आइपुग्छ र उनीहरूको भेट हुँदैन । चञ्चलादेवी बी.बी. राइकै चियाबगानमा काम गर्न थाल्छे । हेमिङ लाहुरे धनबहादुर माइलासँग मिलेर गाउँमा जाली शोषक विरुद्ध आवाज उठाउँछ र गाउँका बद्मासहरू उनीहरूका अगाडि घुँडा टेक्न बाध्य हुन्छन् । यति गरेपछि चञ्चलादेवीको खोजीमा हेमिङ दार्जिलिङ जान्छ र उनीहरूको भेट भई विवाह गर्छन् । त्यतिबेला बी.बी. राईको मृत्यु भइसकेको हुन्छ र उनकी श्रीमती शर्मिलाले हेमिङ र चञ्चलादेवीलाई आफ्नै घरमा राख्न चाहन्छिन् तर आफ्नो समाजमा रहेका अन्याय, अत्याचार हटाएर सामाजिक रूपान्तरण र गाउँको विकास गर्ने लक्ष्य लिएर हेमिङ र चञ्चलादेवी घर फर्किन्छन् ।

### ४.१.८.२ चरित्र र चरित्रचित्रण

यस उपन्यासमा हेमिङ र चञ्चलादेवी प्रमुख पात्रका रूपमा रहेका छन् । यिनीहरू असल प्रेमी-प्रेमिका हुन् । समाजमा रहेका खराबीहरू हटाएर स्वस्थ र सुन्दर समाजको निर्माण गर्ने उनीहरूको इच्छा रहेको छ । यस उपन्यासमा धनप्रसाद पण्डितजस्ता शोषक, फटाहाहरू र वीरबहादुरजस्ता पीडित चरित्रहरूको चरित्रचित्रण गरिएको छ । विदेशमा रहेर पनि नेपाल र नेपालीको माया गर्ने बी.बी. राई, शर्मिलाजस्ता चरित्रको चित्रण गरिएको यस उपन्यासमा सोझासिधा गाउँलेका साथै गाउँका बद्मासहरूको चरित्रचित्रण गरिएको छ ।

### ४.१.८.३ पर्यावरण

यस उपन्यासमा खोटाङ जिल्लाको दोर्पा, व्वासुङ, लामासु आदि गाउँका साथै आंशिक रूपमा दार्जिलिङको परिवेशको चित्रण छ । किराती जातिका संस्कृतिको केही झलकका साथै समाजमा रहेका अशिक्षा, अन्धविश्वास, गाउँको भौगोलिक विकटता, पछौटेपन, गरिबी र शोषणका सन्दर्भहरू यस उपन्यासको पर्यावरणका रूपमा आएका छन् । स्वास्थ्य, शिक्षा, सञ्चार, रोजगार, यातायात आदिका अभावमा गाउँले जीवन कष्टकर छ भन्ने कुरा यस उपन्यासको पर्यावरणले देखाएको छ । यसमा आंशिक रूपमा दार्जिलिङको

सन्दर्भ आएको छ । पञ्चायती राजनीतिका केही सन्दर्भहरू पनि यस उपन्यासमा आएका छन् । गाउँका टाठाबाठाहरूले सर्वसाधारण जनतालाई कसरी शोषण गर्छन भन्ने कुरालाई यस उपन्यासले विशेष रूपमा उजागर गरेको छ ।

### ४.१.८.४ दृष्टिबिन्दु

यस उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ४.१.८.५ सारवस्तु

नेपाली समाजमा रहेका अन्याय, शोषण, कुरीति, कुसंस्कार हटाएर शोषणमुक्त, स्वस्थ, सुन्दर र विकसित समाजको परिकल्पना यस उपन्यासको सारवस्तु हो । यसमा प्रेम अमर हुन्छ र सच्चा प्रेमले अन्ततः विजय हासिल गरिछाड्छ भन्ने विषयलाई यस उपन्यासले जोड दिएको छ । सत्पात्र र सत्विचारले असत्पात्र र असत्विचारलाई जित्छ र अन्ततः सत्पात्र र सत्विचारको विजय हुन्छ भन्ने यस उपन्यासको सन्देश रहेको छ । समाजका यथार्थ घटनाहरूलाई देखाउँदै अन्याय, शोषण, पछौटेपनको अन्त्यको चाहनाका साथै तिनका विरुद्ध प्रतिरोध गर्नुपर्दछ भन्ने आग्रह भएकाले यस उपन्यासलाई आलोचनात्मक यथार्थवादी भन्न सकिन्छ ।

### ४.१.८.६ भाषा

'क्षितिज पारिमा' उपन्यासमा पूर्वी नेपालको खोटाङ जिल्लामा बोलिने प्रचलित नेपाली भाषाको प्रयोग भएको छ । यस उपन्यासमा राई किराती समाजमा बोलिने बोलचालको नेपाली भाषाको प्रयोग भएको छ । यसमा संवादको स्वाभाविक प्रयोग भएको छ र केहीमात्रामा राई ( किराती )भाषाका शब्दहरूको प्रयोग गरिएको छ ।

### ४.१.८.७ प्रतीक र बिम्ब

यस उपन्यासमा केही प्रतीकहरूको प्रयोग गरिएको छ । यस उपन्यासको शीर्षक 'क्षितिज पारिमा' ले प्रतीकात्मक रूपमा प्रेमीप्रेमिकाको विछोडको अवस्था तथा सुदूर भविष्यको सुखद परिकल्पनालाई सङ्केत गरेको छ । यस उपन्यासमा चित्रण गरिएको गाउँ तथा दार्जिलिङको परिवेशले पाठकका मन-मस्तिष्कमा अमेट बिम्ब सिर्जना गर्न सक्तछ ।

**४.१.८.८ गति र लय**

यस उपन्यासमा स्वाभाविक गति पाइन्छ । उपन्यासमा कतिपय आलङ्कारिक भाषाको प्रयोग पाइन्छ र यसले लय सिर्जना गरेको पाइन्छ ।

**४.१.८.९ निष्कर्ष**

यस उपन्यासमा 'नौलो जनवादी व्यवस्था' ल्याउने भनिएको छ । यसले उपन्यासकारको साम्यवादीमोह देखिन्छ । तर त्यसबारेमा थप पुष्टि भएको पाइदैन । यस उपन्यासका कतिपय घटना अपत्यारिला र नाटकीय छन् । प्रेमप्रसङ्गलाई आधार मानेर समाजको चित्रण गरिएको यस उपन्यासमा असल र खरावबीच द्वन्द्व हुने र अन्ततः असलले जित्ने निष्कर्ष दिइएको छ ।

**४.१.९ रामकृष्ण वान्तवाको 'सघन तुवालो'**

**४.१.९.१ कथानक**

नेपाली समाजमा असहाय, अशक्त र नारीहरूले भोग्नुपर्ने व्यथा-वेदना र त्यसको अन्त्यलाई विषयवस्तु बनाएर लेखिएको 'सघन तुवाँलो' मा मुख्य रूपमा आमा र छोरी पूर्णिमाको अगुवाइमा समाजका सचेत युवायुवतीले समाजमा जागरण ल्याएको देखाइएको छ । परिवार र समाजबाट अपहेलित भएपछि आमाले आफ्नै बलबुताबाट छोरीलाई पढाउँछिन र समाजका अपाङ्ग, अशक्त र असहाय नारीहरूलाई संरक्षण गर्ने, हक-अधिकार दिलाउन चेतना जगाउने तथा अधिकारका लागि सङ्घर्ष गर्ने कामको नेतृत्व गर्दछिन् । आमाको चाहनाअनुसार छोरी पूर्णिमा सक्रिय बन्छिन् र विजय, गीता, नवीन, मालती, दिनेशजस्ता थुप्रै युवायुवतीले सघाउँछन् । उनीहरूले समाजमा जागरण ल्याएपछि अपहेलित समुदाय शान्तिपूर्ण आन्दोलनमा उत्रिन्छन् । यसक्रममा लेखिका गीताको सहादत हुन्छ र थुप्रै घाइते बन्छन् । तर पनि यो अभियान रोकिँदैन र यसले आफ्नो उद्देश्य हासिल नगर्दासम्म चलिरहन्छ भन्ने निष्कर्षमा उपन्यास टुङ्ग्याइएको छ ।

### ४.१.९.२ चरित्र र चरित्रचित्रण

यस उपन्यासमा आमा र छोरी पूर्णिमा प्रमुख चरित्रका रूपमा आएका छन् । त्यस्तै विजय, गीता, नवीन, सवीन, मालती, दिनेश, सजु, ज्योति, प्रोफेसर चन्द्र, न्यायाधीश, पुलिसको हाकिम (अरु पुलिसहरू) अनुपमा, विमल, अनु, विजुवा, सीता, पार्वती, वाघवीरलगायत थुप्रै चरित्रहरूले उपन्यासको गतिलाई अगाडि बढाएका छन् । यसमा अधिकांश चरित्र अपाङ्ग, अशक्त, असहाय र नारी जातिको प्रगतिका लागि सङ्घर्षरत रहेका छन् र यी सत्-चरित्र हुन् । बाघवीरजस्ता पालित गुण्डाहरू र शान्तिसुरक्षाका नाममा जनताका अधिकारमाथि हस्तक्षेप गर्ने डी.एस.पी. जस्ता पात्रहरू पनि यस उपन्यासमा आएका छन् ।

### ४.१.९.३ पर्यावरण

यस उपन्यासमा असहाय, अपाङ्गहरूको संरक्षण केन्द्र र त्यसका सन्दर्भबाट नेपाली समाजका गाउँ तथा सहरका विभिन्न सन्दर्भहरू पर्यावरणका रूपमा आएका छन् । नेपाली समाजमा नारीमाथि हुने शोषण, व्यभिचार आदिको चित्रणका साथै यसका विरुद्ध चलेको सङ्घर्ष नै यस उपन्यासको पर्यावरण हो । नेपालमा राजनीतिक द्वन्द्व चलीरहेको सन्दर्भलाई यसमा सङ्केत गरिएको छ । यसका अतिरिक्त प्रेमप्रसङ्गको स्वाभाविक चित्रण र किराती जातिका संस्कारगत केही सन्दर्भहरू पनि यसमा आएका छन् । किराती जातिको मृत्यु संस्कारका केही सन्दर्भलाई यस उपन्यासले उजागर गरेको छ ।

### ४.१.९.४ दृष्टिबिन्दु

यस उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४.१.९.५ सारवस्तु

यस उपन्यासले महिला, असहाय, अपाङ्गहरूको हक-अधिकारका पक्षमा वकालत गरेको छ । नेपाली समाजमा नारीहरू शारीरिक तथा मानसिक रूपमा शोषित-पीडित छन् । उनीहरू आर्थिक तथा सामाजिक कारणले उत्पीडन खेप्न बाध्य छन् । त्यस्तै समाजमा अपाङ्ग, असहायहरू पनि शोषित-पीडित छन् । उनीहरूको शोषण उत्पीडनको अन्त्यका लागि समाजको सचेत वर्ग सक्रिय रहनुपर्दछ । यस्तो शोषण-उत्पीडनका विरुद्ध शान्तिपूर्ण

आन्दोलन आवश्यक छ र यस्तो शान्तिपूर्ण आन्दोलनमाथि राज्यले हस्तक्षेप गर्न सक्छ, कतिपय आन्दोलनकारीको मृत्यु हुनसक्छ, घाइते हुन सक्छन् तर पनि आन्दोलन रोक्नु हुँदैन भन्ने यस उपन्यासको निष्कर्ष रहेको छ ।

यस्ता शोषण-उत्पीडनका विरुद्ध जनचेतना जगाउन युवापुस्ता मात्र होइन अघिल्लो पुस्तासमेत सक्रिय रहनुपर्दछ भन्ने कुरालाई यस उपन्यासले सारवस्तु बनाएको छ ।

### ४.१.९.६ भाषा

यस उपन्यासमा सरल र स्वाभाविक नेपाली भाषाको प्रयोग गरिएको छ । यसमा प्रायः छोटा र सरल वाक्यको प्रयोग गरिएको छ । यसमा स्वभाविक संवादयोजना छ । केही गीत र किराती जातिको आदिग्रन्थ 'मुन्धुम'का केही मन्त्रसमेत उल्लेख भएको छ ।

### ४.१.९.७ प्रतीक र बिम्ब

यस उपन्यासको शीर्षक प्रतीकात्मक छ । समाजमा विकृति-विसङ्गतिहरू थुप्रै छन् भन्ने अर्थमा 'सघन तुवाँलो' पदावलीलाई उपन्यासको शीर्षक बनाइएको छ । यसमा 'कर्णेल' नामको कुकुरलाई मालिक भक्तको प्रतीकका रूपमा देखाइएको छ । यसमा 'रातो छाँगाको गाउँ' जस्ता प्रतीकात्मक अर्थ दिने सन्दर्भहरू आएका छन् ।

यस उपन्यासमा प्रशस्त बिम्बहरूको प्रयोग भएको छ । गीताको असमायिक मृत्युका कारण उनकी भाउजू सीतामा परेको भूतप्रेतको त्रासदी र त्यसै सिलसिलामा उनको पनि मृत्युभएको प्रसङ्ग, बिजुवा नाचका सन्दर्भहरू, जनसङ्घर्षका चित्रण आदिले उपन्यासलाई बिम्बमय बनाएको छ ।

### ४.१.९.८ गति र लय

यस उपन्यासमा हरेक परिच्छेदलाई एकएकवटा शीर्षकले सम्बोधन गरिएको छ । 'संरक्षण केन्द्र, उदासिनताको कथा, आमा र छोरी, गाउँ बूढा, सहरतर्फ, शोध, अतिथि, मृत्यु, जीवन, विजय, गीता, उडान, त्यो कोठा, प्रतिक्रिया, मुकाविला, नवीन र सवीन, पहिलोरात, घर पुग्दा, प्रतिरोध, गिरफ्तारी, सुरु भयो, अभियोग, मालती, दिनेश, खवर, कारागार, भण्डारण गर्दै, बिमल, पुनरागमन, स्वास्थ्यलाभ, गाउँबाट खवर, चमत्कार, वैठक, माघको

पहिलो दिन, अभियान, सदरमुकाम प्रवेश, माध्यान्ह, बाघवीर, विदाइ, पुस्तकअनुसार, अस्पताल, शव, रात, नदीतिर, शून्यता पार्वतीको गर्भनास, यात्रा, गीताको श्राप, आमाको गीत, सीताको निधन, मालतीको सपना, बिजुवा धामी, आमा फर्किन्, अलिक राम्रो भयो, प्रोफेसर चन्द्र, मालती फर्किन, गोपाल र राधा, सजु, नक्साङ्कन, अनुपमाको पैसा, तीन दिदी बहिनी, गुरांसका बोटहरू, मालतीको निर्णय, राता छाँगाको गाउँ, कानुनका बाटाहरू, दिनेशको घर, बेलुकीको खाना, चारैजना फर्किए, नैराश्यता, जाँच-पडताल, पूर्णिमाको मुक्ति' जस्ता जम्मा एकहत्तरवटा शीर्षक दिइएको  छ ।

छोटाछोटा परिच्छेद र तिनको शीर्षकले उपन्यासको कुन परिच्छेद/शीर्षकमा के कुरा छ भन्ने कुराको पूर्वानुमान गर्न सकिन्छ । यस उपन्यासमा बीचबीचमा गीतका अंशहरू छन् र एक सन्दर्भमा किराती जातिको संस्कारमा प्रयोग हुने 'मुन्धुम' का केही अंश पनि आएका छन् । यिनले यस उपन्यासलाई लयात्मक बनाएको छ ।

### ५.१.९.९ निष्कर्ष

'सघन तुवाँलो' ले नेपाली समाजमा रहेका विकृति, विसङ्गति र खासगरेर नारी जातिका समस्याहरू र असहाय, अपाङ्गहरूका समस्यालाई केन्द्रबिन्दु बनाएर यस्ता समस्या र विसङ्गतिको अन्त्यको चाहना राखेको छ । समस्याको प्रतिरोधका लागि जनजागरण आवश्यक छ र यसमा शान्तिपुर्ण सङ्घर्ष गर्नुपर्दछ भन्ने यस उपन्यासको मूल अभीष्ट रहेको देखिन्छ ।

## ४.१.१० धनप्रसाद सुवेदी 'श्रमिक' को 'सानो स्वार्थ भयङ्कर अपराध'

### ४.१.१०.१ कथानक

ओखलढुङ्गा जिल्लाको मल्खु गाउँका रमेश र मैया बालसखा हुन् । उनीहरू एकआपसमा प्रेम गर्छन् र गाउँसमाजको रीतअनुसार उनीहरूको परम्परागत मागी बिहे हुन्छ । यसैबीच मैयाकी आमा मर्छिन् । मैयाका बाबु हिते विष्टले गाम्नाङ्की रामप्यारीसँग दोस्रो बिहे गर्छन । लोग्ने विदेश गएका बेला गाउँको सामन्त श्रीकान्तले जबर्जस्ती गर्दा गर्भवती भएकी तर फलामे सार्कीको गर्भ बोकेकी भनेर श्रीकान्तले आरोप लगाएकी रामप्यारी बिहे गरेकाले मैयाका बाबुलाई गाउँसमाजले भातपानीबाट हटक गर्दछन् । यही

निहुँमा मैयाको घरमा किचलो हुन्छ र यसैलाई निहुँ बनाएर मैया घरबाट निकालिन्छे र माइतीको शरणमा जान्छे । त्यसपछि गाउँका केही जालीहरूका जालमा मैयालाई नृपध्वज भन्ने व्यक्तिसँग जबर्जस्ती बिहे गरिन्छ । यो मैयालाई सह्य हुँदैन, ऊ बिहेका राती भागेर काठमाडौँ जान्छे । उता आफ्नी प्यारी श्रीमती मैयालाई जबर्जस्ती परपुरुषसँग बिहे गरिदिएका र ऊ भागेर बेपत्ता बनेको खबरले रमेशलाई चोट पर्छ । ऊ पनि घर छाडेर काठमाडौँ जान्छ र शाही सेनाको जागिरे बन्छ । मैया भने गलैँचा कारखानामा काम गरिरहेकी हुन्छे । यसैबीच एक दिन अचानक रमेश र मैयाको भेट हुन्छ र दुवै खुशी हुन्छन् र सँगै बस्न थाल्छन् । उनीहरूको छोरो जन्मिन्छ र उसको नाम 'प्रतिरोध' राख्छन् । समाजमा रहेका शोषण, दमनको प्रतिरोध गर्नुपर्दछ र त्यसको नेतृत्व प्रतिरोधले गर्छ भन्ने आशा गर्दै उपन्यास टुङ्गिन्छ ।

### ४.१.१०.२ चरित्र र चरित्रचित्रण

यस उपन्यासमा रमेश, मैया, हिते विष्ट, ठाँहिलो, ठाँहिली रामप्यारी, श्रीकान्त, लम्बोदर, नृपध्वज, गङ्गाजस्ता थुप्रै चरित्रहरू छन् । रमेश र मैया गाउँका सोझासिधा चरित्र हुन् । उनीहरू परिस्थितिवश कहिले निरीह र कहिले अलिक आँटी बनेका छन् । श्रीकान्त, लम्बोदर र जगतहरि सामन्त र बदमास चरित्रहरू छन् । यी समाजका सोझासिधा मान्छेमाथि विभिन्न खाले शोषण गर्दछन् । यसरी यस उपन्यासमा समाजका वर्गीय चरित्रहरू र तिनका चारित्रिक विशेषताहरूको चित्रण गरिएको छ ।

### ४.१.१०.३ पर्यावरण

यस उपन्यासमा ओखलढुङ्गा जिल्लाको सूदुर पश्चिममा अवस्थित पोकली गा.वि.स.को विशेषतः मल्खु गाउँ र त्यस वरपरको भौगोलिक तथा सामाजिक पर्यावरणको चित्रण छ । यसमा प्रसङ्गवश ओखलढुङ्गाको गाम्नाङ्टार र जिल्ला सदरमुकाम ओखलढुङ्गा र काठमाडौँ तथा भारतको कोइलाखाँदको सन्दर्भ आएको छ । यस उपन्यासमा मल्खु क्षेत्रका अन्य विभिन्न सन्दर्भ पनि आएका छन् । नेपाली ग्रामीण समाजमा हुने आर्थिक तथा यौनशोषण र सामाजिक कुसंस्कार आदिका कारण उत्पन्न समस्यालाई यस उपन्यासले विषयवस्तु बनाएको छ ।

### ४.१.१०.४ दृष्टिबिन्दु

यस उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ४.१.१०.५ सारवस्तु

यस उपन्यासले नेपाली ग्रामीण समाजका आर्थिक-सामाजिक तथा अन्य समस्याको चित्रण गर्दै यस्ता समस्याको निदान हुनुपर्छ भन्ने आशय राखेको छ । ग्रामीण समाजमा गाउँका टाठाबाठाहरू सर्वसाधारण जनतालाई ठगेर, पेलेर आफ्नो स्वार्थ साधना गर्दछन् र यस्ता टाठाबाठाहरू बाहिरबाट हेर्दा महान् देखिन्छन् तर यथार्थमा उनीहरू ज्यादै खराव, स्वार्थी र सङकीर्ण हुन्छन् । यस्ता खराव व्यक्तिका कारण समाजमा समस्याहरू जन्मिएका छन् । युवायुवती पलायन हुनुपर्ने, विशेषतः नारी जातिले मानसिक तथा शारीरिक शोषण बेहोर्नु भन्दै त्यस्तो शोषणको अन्त्य हुनुपर्छ भन्ने यस उपन्यासको सार रहेको छ ।

### ४.१.१०.६ भाषा

यस उपन्यासमा सरल र स्वाभाविक भाषाको प्रयोग गरिएको छ । ठाउँठाउँमा संवादको स्वाभाविक प्रयोग गरिएको छ । वर्णनात्मक शैलीमा सामान्य बोलचालको भाषा प्रयोग गरिएको छ भने कहीँकहीँ आलङ्कारिक भाषाको प्रयोग भएको छ ।

### ४.१.१०.७ प्रतीक र बिम्ब

यस उपन्यासमा शोषक, सामन्तलाई 'समाजको गवारो' को प्रतीकका रूपमा चर्चा गरिएको छ । उपन्यासको अन्त्यमा मैया र रमेशको छोराको नाम 'प्रतिरोध' राखेर आउँदो पुस्ताले समाजमा क्रान्ति गर्नेछ भन्ने आशय व्यक्त गरिएको छ । यहाँ 'प्रतिरोध' निकट भविष्यको क्रान्तिको प्रतीकका रूपमा आएको छ ।

यस उपन्यासमा मल्खु गाउँको वर्णनले त्यस गाउँको स्पष्ट चित्र खिच्न सकेको छ । त्यस्तै मैयाको दुईवटै बिहेका प्रसङ्गहरू आदिमा प्रयुक्त वर्णनशैली र भाषिक संयोजनले विभिन्न बिम्बहरूको निर्माण गरेको पाइन्छ ।

### ४.१.१०.८ गति र लय

यस उपन्यासको पहिलो, दोस्रो र तेस्रो अध्ययनका घटना-सन्दर्भहरू चौथो अध्यायमा पुगेपछि मात्रै एकाकार हुन्छन् । यसर्थ अघिल्ला तीनवटा अध्यायमा गत्यावरोध देखापर्दछ र चौथो अध्यायपछि विषयवस्तुको शृङ्खला जोडिन्छ । यो यस उपन्यासको गतिमा पाइने विशेषता हो ।

यस उपन्यासमा कहीँकहीँ आलङ्कारिक भाषाको प्रयोगले लयात्मकता थपेको छ । एउटा कवितांश र कतिपय अनुप्रायासयुक्त भाषाको प्रयोग यस उपन्यासका लयगत विशेषता हुन् ।

### ४.१.१०.९ निष्कर्ष

'सानो स्वार्थ भयङ्कर अपराध' लामो शीर्षक भएको लघुउपन्यास हो । यसमा केही आञ्चलिक विशिष्टताहरूको चित्रण पनि छ । प्रवृत्तिगत रूपमा यो आलोचनात्मक यथार्थवादी उपन्यास हो । यो संयोगान्तक र प्रगतिशील आशावादी निष्कर्षमा टुङ्गिएको छ । नेपाली ग्रामीण समाजका यथार्थलाई देखाउँदै त्यहाँका खरावी हटाउनु पर्ने आग्रह यस उपन्यासको मूल ध्येय रहेको पाइन्छ ।

### ४.१.११ रत्न सुन्चेउरीको 'सीमा'

### ४.१.११.१ कथानक

खोटाङ जिल्लाको मध्य-पश्चिम भेगमा अवस्थित बुइपा र त्यस आसपासको क्षेत्र र त्यस क्षेत्रका बासिन्दा विशेषतः राई (किराती) समाजकी एउटी युवती 'सीमा' लाई केन्द्रबिन्दु बनाएर लेखिएको 'सीमा' उपन्यासमा मुख्यतः सीमाकै कथा छ । बाबु वेपत्ता भएको र घरमा आमा, भाइसँग सीमा बस्छे । उसले सामान्य पढाइमै चित्त बुझाउनु पर्छ र लोकरीति अनुसार उसको चाँडै बिहे हुन्छ । उसको लोग्ने प्रतीक पनि राम्रो छ । काठमाडौँमा जागिर खाने प्रतीक बिहे भएको एक वर्ष नपुग्दै सवारी दुर्घटनामा मर्छ । त्यसपछि सीमाका दुर्दिनहरू सुरु हुन्छन् । उसले फेरि अर्को केटो कुशलसँग सम्बन्ध जोडी र छोरो जन्माई तर त्यो सम्बन्ध पनि टिकेन । कुशलले सीमालाई छोडेर हिड्यो । त्यसपछि सीमा फेरि अर्को युवकसँग यौनजालमा फसी र त्यसले पनि धोका दिएपछि अन्ततः उसले आत्महत्या गर्छे ।

### ४.१.११.२ चरित्र र चरित्रचित्रण

यस उपन्यासकी प्रमुख पात्र सीमा हो । ऊ सोझीसिधा पात्र हो । सीमा परिस्थितिका कारण असमयमै विभिन्न हण्डर खाएर अन्ततः मर्न विवश हुन्छे । यस उपन्यासका अन्य पात्रहरू पनि स्वाभाविक छन् । प्रतीक, कुशलजस्ता पुरुषमात्र पनि इमान्दार छन् । सीमालाई अविवाहित ठानेर बिहे गरेको कुशलले सीमाको अघि पनि बिहे भएको थाहा पाएर उसलाई छाड्छ । यस उपन्यासमा केही खराव पात्र पनि छन् । लोकलाज र संस्कारका कारण पनि सीमाको त्यो दुगति भएको छ ।

### ४.१.११.३ पर्यावरण

यस उपन्यासमा ग्रामीण पहाडी जीवनका आर्थिक-सामाजिक, सांस्कृतिक अवस्थाको चित्रण गरिएको छ । यसमा किराती संस्कृतिका कतिपय सन्दर्भहरू आएका छन् । खोटाङ जिल्लाका बुइपा र त्यस आसपासको प्रकृति, हलेसीमेला, दिक्तेलबजार आदिको चर्चा पनि गरिएको छ । गाउँले जीवनका उकाली-ओराली, घाँसदाउरा, खेतीपाती हाटबजारजस्ता सन्दर्भहरूको चित्रण गरिएको छ ।

### ४.१.११.४ दृष्टिबिन्दु

यस उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ४.१.११.५ सारवस्तु

यस उपन्यासमा समाज, संस्कृति र परिस्थितिले नेपाली समाजमा नारीहरूले अनेकन दुर्गति बेहोर्नु पर्दछ भन्ने कुरा यस उपन्यासको सारवस्तु रहेको छ ।

### ४.१.११.६ भाषा

यस उपन्यासमा स्वाभाविक बोलचालको भाषाको प्रयोग गरिएको छ । किराती (राई) जनजिब्रोले गर्ने नेपाली भाषाको उच्चारणमा संवाद रहेकाले भाषिक मिठास थपिएको छ ।

#### ४.१.११.७ प्रतीक र बिम्ब

यस उपन्यासकी नायिक सीमाको नाम आफैंमा प्रतीक हो । यसबाहेक यस उपन्यासमा केही प्रतीक र बिम्बहरूको प्रयोग भएको छ ।

#### ४.१.११.८ गति र लय

यस उपन्यासमा सरल र स्वाभाविक गति छ । कतिपय आलङकारिक भाषाको प्रयोगले लयात्मकता थपेको छ ।

#### ४.१.११.९ निष्कर्ष

यस उपन्यासमा नियतिको मारमा परेकी एउटी सोझीसिधा युवतीको विवशता छ । एउटी युवती उमेरसँगै अर्काको घरमा जान विवश हुन्छे । लोग्ने उसको सर्वस्व हुन्छ, लोग्ने नहुँदा उसले सामाजिक अपहेलना त बेहोर्नै पर्छ त्यसमाथि उसका स्वाभाविक प्राकृतिक आवश्यकता पनि हुन्छन् । ती आवश्यकताले पनि उसलाई अरु समस्या आइलाग्छन् र आत्महत्या गर्नुपर्ने जस्ता दुःखद अवस्था पनि आउँछ । यही यथार्थको उद्घाटन यस उपन्यासको निष्कर्ष हो । यस उपन्यासको प्रवृत्ति सामाजिक यथार्थवाद हो ।

### ४.१.१२ शालिक शातासकको 'प्यारुला'

#### ४.१.१२.१ कथानक

भू.पू. लाहुरे चोरीपाकी छोरी प्यारुला बाल विधवा हो । उसको भाइ शाब्दीखा बेपत्ता छ । प्यारुला समाजमा हुने शोषण, जातीय विभेद आदिको विरोधी छे । नामलेन, पालेन आदिसँग मिलेर समाजका कुरीति, शोषणसँग लड्ने प्यारुला नर्स बन्छे र उसले आफ्नो मृगौला दिएर पालेनलाई बचाउँछे । अन्तमा पाटन अस्पतालमा प्यारुलाले हराएको भाइ शाब्दीखालाई भेट्छे । ऊ अन्धो छ । उसलाई आँखा प्राप्त गर्न पैसाको जोहो गर्न नसकिने ठानेर प्यारुलाले आफूलाई नचिनाएर आफ्नो आँखा दिई भाइलाई आँखा देख्ने बनाउँछे । त्यहीबेला चोरीपाको मृत्यु हुन्छ र शाब्दीखा बाबुको अन्तिम संस्कारका बेला घर पुग्छ । उता गाउँको शोषक, बलत्कारी रिठेखान र उसका दुईजना सहयोगी पनि अदालतको आदेशमा पक्राउ पर्छन् ।

यस उपन्यासमा बालबिबाह, यौनशोषण, जातीय विभेद आदिको चित्रणका साथै वर्गीयक द्वन्द्व र परिवर्तनप्रतिको चाहनालाई विषयवस्तु बनाइएको छ ।

### ४.१.१२.२ चरित्र र चरित्रचित्रण

'प्यारुला' उपन्यासमा प्यारुला, पालेन, शाब्दीखा, नामलेन, भू.पू. चोरीपा, आमा, रिठेखान, सिबीहाङ, सिम्मा आदि पात्रहरू छन् । यस उपन्यासकी प्रमुख पात्र प्यारुला हो र उसैका नामबाट यस उपन्यासको नामकरण भएको छ । प्यारुला बालविधवा हो । उसले समाजका कुरीति, कुसँस्कार तथा शोषणका विरुद्ध आवाज उठाएकी छे । प्यारुलाले आफ्नो मिर्गौला दिएर पालेनको ज्यान बचाई भने आफ्नो आँखा दिएर भाइ शाब्दीखालाई देख्ने बनाइ  र आफू भने मरी । पालेन र नामलेन यस उपन्यासका विद्रोही र प्रगतिशील चरित्र हुन् । समाजमा भएका कुरीति, कुसंस्कार आदिका विरुद्ध आवाज उठाउने र प्रतिकार गर्ने पालेन र नामलेन युवा चरित्र हुन भने अघिल्लो पुस्ताका चोरीपा, सिबीहाङ पनि अन्याय, अत्याचारका विरुद्ध आवाज उठाउँछन् । रिठेखान, जतासं र जीनघल यस उपन्यासको प्रतिकूल पात्र हुन् । आर्थिक शोषण, यौन शोषण, हत्या र झुठा मुद्दा लगाएर सर्वसाधारणमाथि दमन र अत्याचार गर्ने रिठेखान अन्तिममा जेल जान्छ ।

यसरी यस उपन्यासमा समाजका असल र खराव गरी दुई वर्गका पात्रहरू छन् र उनीहरूको चरित्र यही असल र खराव दुईवटा पक्षमा बाँडिएका छन् ।

### ४.१.१२.३ पर्यावरण

यस उपन्यासमा खोटाङ जिल्लाको रतन्छा गाउँको सामाजिक, सांस्कृतिक पर्यावरणको चित्रण छ । यसका अतिरिक्त पाटन अस्पताल तथा काठमाडौं सहरका सन्दर्भहरू र रतन्छा आसपासका दोर्पा, दिक्तेल, नेर्पा, मझुवा आदि ठाउँका सन्दर्भहरू आएका छन् । यस उपन्यासमा नेपाली ग्रामीण समाजका केही बद्मासहरूका खराब बानी, व्यहोरा र पुलिस प्रशासनका ज्यादतीको चित्रण पनि छ । यस उपन्यासमा राई (किराती) जातिका सांस्कृतिक पक्षको चित्रण गरिएको छ । समाजमा रहेको शोषण-दमन, अन्याय-अत्याचार, कुरीति, रुढिवादी आदिको चित्रणका साथै यस्ता अन्याय अत्याचारका विरुद्ध हुने सङ्घर्षको चित्रण नै यस उपन्यासको पर्यावरण हो ।

#### ४.१.१२.४ दृष्टिबिन्दु

यस उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

#### ४.१.१२.५ सारवस्तु

यस उपन्यासमा शोषण, अन्याय-अत्याचारको हार र सत्य र इमानको जित हुन्छ भन्ने निष्कर्ष निकालिएको छ । समाजमा बद्मासहरू हत्या, बलत्कार, शोषणजस्ता कुकृत्य गर्दछन् र उनीहरूका विरुद्ध डटेर सङ्घर्ष गर्नुपर्दछ भन्ने यस उपन्यासको सार रहेको छ । युवापुस्ता अन्याय-अत्याचारका विरुद्ध डटेर लाग्नु पर्दछ र यसोगर्दा शोषक, अत्याचारीहरूको पराजय निश्चित छ भन्ने कुरा यस उपन्यासको सारवस्तुका रूपमा रहेको देखिन्छ ।

#### ४.१.१२.६ भाषा

यस उपन्यासमा सरल र स्वाभाविक नेपाली भाषाको प्रयोग भएको छ । बीच बीचमा गीतहरूको प्रयोग गरिएको यस उपन्यासका पात्रहरूको नाममा किराती भाषाको प्रयोग भएको पाइन्छ । यसमा प्रशस्तमात्रामा संवादको प्रयोग गरिएको छ ।

#### ४.१.१२.७ प्रतीक र बिम्ब

यस उपन्यासकी नायिका प्यारुला दया, करुणा र साहसकी प्रतीकका रूपमा आएकी छे । प्यारुलाको घरलाई 'सेतोघर' भनेर सफा र इमानको प्रतीकका रूपमा प्रयोग गरिएको छ ।  यस उपन्यासमा विभिन्न प्राकृतिक तथा साँस्कृतिक बिम्बहरूको प्रयोग भएको छ ।

#### ४.१.१२.८ गति र लय

यस उपन्यासमा स्वाभाविक गति छ । बीचबीचमा गीतहरूको प्रयोगले एकप्रकारको लय सिर्जना गरेको छ ।

#### ४.१.१२.९ निष्कर्ष

यस उपन्यासमा राई (किराती) संस्कृतिका विभिन्न पक्ष र नेपाली ग्रामीण समाजका सन्दर्भहरूको चित्रण गरिएको छ । समाजमा रहेका शोषण, अन्याय, अत्याचार, अन्धविश्वास

आदिको चित्रण गर्दै यस्ता शोषण, अत्याचार र अन्धविश्वासहरूको अन्त्य गर्नुपर्दछ भन्ने विचार यस उपन्यासको सारवस्तुका रूपमा आएको छ ।

### ४.१.१३ प्रेम पाख्रिनको 'लक्ष्य'

#### ४.१.१३.१ कथानक

खोटाङ जिल्लाको कुनै एउटा गाउँ 'लेकगाउँ'का छिरिङ र उमाको छोरो दीपकको केन्द्रियतामा 'लक्ष्य' उपन्यासको कथाशृङ्खला उनिएको छ । गाउँको गरिब परिवारको दीपक प्रतिभाशाली छ । उसकै दाजु पर्ने सन्देशको सहयोगमा दीपकले उच्च शिक्षा हासिल गर्छ । सन्देश गाउँको स्कुलको शिक्षक हुँदै दिक्तेल क्याम्पसमा सहायक प्राध्यापक बनेको छ । एस.एल.सी. उत्तीर्ण गरेर काठमाडौँ आएको दीपक सन्देश र धीरजको सहयोगमा स्नातक उत्तीर्ण गर्दछ । यसपछि अमेरिकाको केन क्रेमरको सहायतमा खोटाङ जिल्ला सदरमुकाम दिक्तेलमा द्वन्द्वपीडित बालबालिकाका लागि 'शान्ति बालग्राम' बनाइन्छ र त्यसको प्रमुख व्यवस्थापक दीपक बन्दछ । यसबीचमा दीपककी सहपाठी ज्योतिसँग दीपकको प्रेम हुन्छ र दुवै विवाह गर्ने निधोमा पुग्छन् । उपन्यास टुङ्गिन्छ ।

यस उपन्यासमा गाउँको शोषक रणसिं पनि समयको अन्तरालसँगै परिवर्तन भएर समाजसेवीका रूपमा परिवर्तन भएको देखाइएको छ । यस उपन्यासले गैर सरकारी संस्थाले समाजसेवाको काम गरेको देखाइएको छ ।

#### ४.१.१३.२ चरित्र र चरित्रचित्रण

यस उपन्यासमा दीपक, सन्देश, धीरज, केन क्रेमर, तिलक जस्ता समाजसेवा तथा परोपकारमा क्रियाशील पात्रहरू छन् । दीपक, सन्देश, धीरज, तिलक प्रतिभाशाली युवा हुन् । उनीहरू शिक्षित युवा हुन र आफ्नो क्षेत्रमा क्रियाशील छन् । उपन्यासमा दीपक मुख्य नायकका रूपमा रहेको छ भने दीपकलाई पढाउन र मार्गनिर्देश गर्न सन्देशले महत्वपूर्ण भूमिका खेलेको छ । धीरज सरकारी कर्मचारी हो, उसले काठमाडौमा दीपकलाई आफूसँगै राखेर पढाउँछ । तिलक क्याप्टेन दीर्घसिंहको छोरो हो । ऊ कम्प्युटर इन्जिनियर हो । केन क्रेमर नेपालजस्ता मुलुकमा शिक्षाको सन्देश फैलाउने अमेरिकी नागरिक हो ।

यस उपन्यासमा गाउँका सोझासिधा छिरिङ, उमाजस्ता पात्रहरूको चरित्रचित्रण गरिएको छ । बेलायती सेनामा काम गर्ने बलसिं र गाउँको शोषक तर पछि समाजसेवी भएर परिवर्तन भएको रणसिं आदि चरित्रको चारित्रिक चित्रण भएको छ । यस उपन्यासमा दीपककी प्रेमिका ज्योतिलगायत शोभा, माझाघरे, बिनु जस्ता पात्रहरू रहेका छन् ।

### ४.१.१३.३ पर्यावरण

यस उपन्यासमा खोटाङ जिल्लाको कुनै लेकाली गाउँ, काठमाडौँ र खोटाङ जिल्लाको सदरमुकाम दिक्तेलको भौगोलिक तथा सामाजिक-सांस्कृतिक परिवेश आएको छ । नेपालमा सशस्त्र द्वन्द्व चलिरहेको पृष्ठभूमिमा युवा विद्यार्थी र शैक्षिक विषयवस्तुमा केन्द्रित यस उपन्यासमा समाजसेवा तथा लाहुरे जीवनका विविध पक्षको चित्रण गरिएको छ ।

### ४.१.१३.४ दृष्टिबिन्दु

यस उपन्यासमा  तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४.१.१३.५ सारवस्तु

यस उपन्यासले उच्च शिक्षा आर्जन गरेर समाजसेवामा लाग्नु पर्दछ भन्ने सन्देश दिएको छ । आधुनिक सेवा-सुविधाबाट वञ्चित दुर्गम ठाउँका मान्छे पनि प्रतिभाशाली हुन्छन् । उनीहरू उच्च शिक्षा आर्जन गरेर समाजसेवामा लाग्छन् भन्ने कुरालाई यस उपन्यासले लक्ष्य बनाएको छ । यही नै यस उपन्यासको सारवस्तु हो ।

### ४.१.१३.६ भाषा

यस उपन्यासमा सरल र वर्णनात्मक भाषाको प्रयोग गरिएको छ । संवादयोजना स्वाभाविक छ । यसमा केही कवितांश र उक्तिहरूको प्रयोग गरिएको छ ।

### ४.१.१३.७ प्रतीक र बिम्ब

यस उपन्यासमा सन्देश, धीरज, दीपक, ज्योति जस्ता पात्रहरू उनीहरूको नामअनुसार असल छन् । यसलाई एकप्रकारले प्रतीक मान्न सकिन्छ । त्यस्तै यस उपन्यासमा लेकाली ग्रामीण समाजका विभिन्न सन्दर्भहरूको बिम्ब देखापर्छ ।

#### ४.१.१३.८ गति र लय

यस उपन्यासमा सोझी र वर्णनात्मक प्रस्तुति छ । कवितांश र महत्वपूर्ण भनाइले एकप्रकारको लय सिर्जना भएको छ ।

#### ४.१.१३.९ निष्कर्ष

यस उपन्यासले समाजसेवालाई जीवनको लक्ष्य बनाउनु पर्ने सन्देश दिएको छ र यसको शीर्षक 'लक्ष्य' यसअर्थमा सार्थक छ । यस उपन्यासमा सबैलाई सकारात्मक रूपमा हेरेको छ र गाउँको शोषक समेत समाजसेवीका रूपमा रूपान्तरण भएको, पैसा नदिई बेपत्ता बनेको ठेकेदार पनि फर्किएर आई पैसा दिएको, बदमास बलसिं लाहुरे भएर फर्किंदा सज्जन भएको जस्ता सकारात्मकता र आदर्शतर्फ ढल्किएको छ ।

### ४.२ नेपाली उपन्यास परम्परामा खोटाङ जिल्लाको योगदान

नेपाली उपन्यास यात्रालाई तीनवटा कालखण्डमा विभाजन गर्न सकिन्छ ? (बराल र एटम, २०५८ : ७७)

(क) प्राथमिक काल (वि.सं. १८२७-१९४५)

(ख) माध्यमिक काल (वि.सं. १९४६-१९९०)

(ग) आधुनिक काल (वि.सं. १९९१ देखि हालसम्म)

यस कालखण्डलाई हेर्दा खोटाङ जिल्लाका उपन्यासकार सबै आधुनिककालमा देखापरेका छन् । खोटाङ जिल्लाका उपन्यासकारले वि.सं. २०२१ देखि उपन्यास कृति प्रकाशन सुरु गरेका हुन् । वि.सं. २०२१ मा चन्द्र नेपालीको 'नौ चेलीका माइती' उपन्यासबाट खोटाङ जिल्लाका उपन्यासकारहरूको उपन्यास प्रकाशनारम्भ भएको छ । त्यसो त मोहन विरहीको 'गाउँले नानी' (२०५९) उपन्यास वि.सं. २०१८ तिर लेखिएको सूचना पाइन्छ । (विरही, २०५९: क) तर यसको प्रकाशन पछि भएकाले प्रकाशनका आधारमा हेर्दा वि.सं. २०२१ सालदेखि खोटाङ जिल्लामा उपन्यासकारका उपन्यास कृति प्रकाशनारम्भ भए र त्यसपछि ऐतिहासिक रूपमा निम्न उपन्यासहरू प्रकाशन भएको पाइन्छ ।

| क.सं. | उपन्यास | प्रकाशन वर्ष | उपन्यासकार |
|---|---|---|---|
| १. | नौचेलीका माइती | २०२१ | चन्द्र प्र. नेपाली |
| २. | मिलन | २०२३ | मोहन विरही |
| ३. | एउटा जीवन एउटा मृत्यु | २०२४ | मोहन विरही |
| ४. | प्रेममाया | २०२७ | चन्द्र नेपाली |
| ५. | जयश्री | – | चन्द्र नेपाली |
| ६. | आवरण | २०२८ | विश्वगोपाल लम्साल |
| ७. | अन्तिम परिच्छेद | २०३० | विश्वगोपाल लम्साल |
| ८. | काठमाडौँदेखि मास्कोसम्म | २०३८ | खेमराज खनाल ‘खखेरा’ |
| ९. | बाबरी | २०४१ | चन्द्र नेपाली |
| १०. | बिहीबारे हाट | २०४२ | चन्द्र नेपाली |
| ११. | कलङ्किनी | २०४२ | विश्वगोपाल लम्साल |
| १२. | प्रतिशोध | – | विश्वगोपाल लम्साल |
| १३. | खरानी | २०४५ | रामकृष्ण बान्तवा |
| १४. | खरायो र छायाँ | २०४७ | कल्पना प्रधान |
| १५. | कालो पर्दा | | रामकृष्ण राई |
| १६. | अनायास | २०५१ | विष्णु आभूषण |
| १७. | समेटिएको आँसु | | रामप्रसाद रेग्मी |
| १८. | आकासिइदै गयो आकाश | २०५१ | तेजप्रसाद उपाध्याय पोखरेल |
| १९. | क्षितिज पारिमा | २०५१ | शिवकुमार राई |

| | | | |
|---|---|---|---|
| २०. | सानो स्वार्थ भयङ्कर अपराध | २०५२ | धनप्रसाद सुवेदी 'श्रमिक' |
| २१. | आत्मा | २०५३ | रामकृष्ण वान्तवा |
| २२. | राधाराम | २०५४ | रामकृष्ण वान्तवा |
| २३. | ल्वाँदे र ग्वाँदे | २०५४ | कल्पना प्रधान |
| २४. | आमाछोरी | २०५५ | रामकृष्ण वान्तवा |
| २५. | पराक्रमी फर्सी | २०५८ | कल्पना प्रधान |
| २६. | गाउँले नानी | २०५९ | मोहन विरही |
| २७. | प्यारुला | २०५९ | शालिक शातासक |
| २८. | सीमा | २०६० | रत्न सुन्चेउरी |
| २९. | लक्ष्य | २०६१ | प्रेम पाखिन |
| ३०. | सघन तुवाँलो | २०६४ | रामकृष्ण वान्तवा |

नेपाली उपन्यासको आधुनिक कालमा विभिन्न प्रवृत्तिहरू देखापरेका छन् । नेपाली उपन्यासका मुख्य धारा-उपधारा यसप्रकार छन् । (बराल र एटम, २०५८: ९६)

| धारा | आरम्भ |
|---|---|
| आदर्शोन्मुख यथार्थवादी धारा | रूपमती (१९९१) |
| स्वच्छन्दतावादी धारा | भ्रमर (१९९३) |
| सामाजिक यथार्थवादी धारा | मुलुकबाहिर (२००४) |
| ऐतिहासिक यथार्थवादी धारा | वसन्ती (२००६) |
| अतियथार्थवादी धारा | लङ्गडाको साथी (२००८) |
| आलोचनात्मक यथार्थवादी धारा | स्वास्नी मान्छे (२०११) |

| | |
|---|---|
| नारीवादी धारा | स्वास्नी मान्छे (२०११) |
| प्रकृतवादी धारा | पल्लो घरको झ्याल (२०१६) |
| मनोविश्लेषणवादी धारा | पल्लो घरको झ्याल (२०१६) |
| विसङ्गतिवादी धारा | आज रमिता छ (२०२१) |
| अस्तित्ववादी धारा | शिरीषको फूल (२०२२) |
| प्रयोगवादी धारा | अन्त्यपछि (२०२४) |
| प्रगतिवादी धारा | आशमाया (२०२५) |
| मिथकीय धारा | सुम्निमा (२०२७) |

यी धारा उपधारामध्ये खोटाङ जिल्लामा उपन्यासकारका उपन्यास कृतिलाई निम्न धारा-उपधारामा राख्न सकिन्छ-

| धारा | उपन्यास |
|---|---|
| आदर्शोन्मुख यथार्थवादी धारा | नौ चेलीका माइती (२०२१), खरायो र छाया (२०४७), ल्वाँदे र ग्वाँदे(२०५४) पराक्रमी फर्सी (२०५८), लक्ष्य(२०६१) अनायास (२०५१), आमाछोरी (२०५५) । |
| स्वच्छन्दतावादी धारा | खरानी (२०४५), आत्मा (२०५३) । |
| सामाजिक यथार्थवादी धारा | मिलन (२०२३), एउटा जीवन एउटा मृत्यु (२०२४), प्रेममाया (२०२८), आवरण (२०२८), आकासिइदै गयो आकाश (२०५१), बिहीबारे हाट (२०४२), सीमा (२०६०) । |
| अतियथार्थवादी धारा | राधाराम (२०५४) |
| आलोचनात्मक यथार्थवादी धारा | काठमाडौँदेखि मास्कोसम्म (२०३८), क्षितिज पारिमा (२०५१), सानो स्वार्थ भयङ्कर अपराध (२०५२), गाउँले नानी (२०५९), प्यारुला |

| | |
|---|---|
| | (२०५९), सघन तुवाँलो (२०६४) । |
| नारीवादी धारा | आमाछोरी (२०५५), सघन तुवाँलो (२०६४) । |
| प्रकृतवादी धारा | बाबरी (२०४१), कलङ्किनी (२०४२) |
| मनोविश्लेषणवादी धारा | अन्तिम परिच्छेद (२०३३), बाबरी (२०४१), कलङ्किनी (२०४२) |
| प्रयोगवादी धारा | सघन तुवाँलो (२०६४) । |

यसरी हेर्दा नेपाली उपन्यास परम्पराका मूल प्रवृत्ति खोटाङ जिल्लाका उपन्यासहरूमा पनि पाइन्छन् । यसले सिङ्गो नेपाली उपन्यास परम्परामा खोटाङ जिल्लाको महत्वपूर्ण भूमिका रहेको मान्न सकिन्छ । त्यतिमात्र होइन उपन्यासकार लैनसिंह वाङ्देलको पुर्ख्यौली थलो पनि खोटाङ जिल्ला हो । बाङ्देललाई पनि खोटाङ जिल्लाका उपन्यासकार मान्ने हो भने 'मुलुकबाहिर', 'लङ्गडाको साथी', जस्ता नेपाली उपन्यास परम्पराका महत्वपूर्ण कृति पनि खोटाङ जिल्लाको योगदान मान्नु पर्ने हुन्छ ।

## ४.३ निष्कर्ष

खोटाङ जिल्लाका उपन्यासकारहरूमा मुख्यतः यथार्थवादी, मनोविश्लेषणवादी र केहीमात्रामा आदर्शोन्मुख यथार्थवादी, नारीवादीजस्ता प्रवृत्ति पाइन्छन् । यी प्रवृत्ति नेपाली उपन्यासपरम्परामा मुख्य प्रवृत्ति हुन् । अहिलेसम्मको खोजबाट खोटाङ जिल्लाका १६ जना (एकजना चाम्लिङ भाषाका) उपन्यासकारका ३१ वटा उपन्यास कृतिको सूचना पाइन्छ । तीमध्ये १४ जना उपन्यासकारका दुई दर्जनजति उपन्यासकृति  उपलब्ध छन् । सङ्ख्यात्मक रूपमा पनि यसलाई उल्लेख्य मान्न सकिन्छ । केही उपन्यासमा सिकारुपन देखिए पनि अधिकांश उपन्यास शिल्प तथा भाव दुवै दृष्टिले सफल देखिन्छन् ।

# परिच्छेद- पाँच

# उपसंहार तथा निष्कर्ष

खोटाङ नेपालको पूर्वाञ्चल विकास क्षेत्रअन्तर्गत सगरमाथा अञ्चलका ६ वटा जिल्लामध्येको एउटा जिल्ला हो । यो जिल्ला पहाडी जिल्ला हो । पूर्वमा भोजपुर, दक्षिणमा उदयपुर, पश्चिममा ओखलढुङ्गा र उत्तरमा सोलुखुम्बू जिल्ला यस जिल्लाका छिमेकी जिल्ला हुन् । जम्मा १५९१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको खोटाङ जिल्लामा राई (किराती), बाहुन, क्षेत्री, तामाङ, गुरुङ, मगर, नेवार, कामी, दमाई, सार्की, भुजेल, माझी आदि जाति जनजातिको बसोबास रहेको छ र अधिकांश जनजातिका आफ्नो छुट्टै मातृभाषा छ । माझकिरातका नामले समेत प्रचलित खोटाङ जिल्ला किराती संस्कृति र सभ्यताको केन्द्र हो । यस जिल्लामा हलेसी, बराहपोखरीजस्ता धार्मिक तथा पर्यटकीय स्थल रहेका छन् । ट्याम्के, रूपाकोट, मेरुङ्गजस्ता पहाडी शृङ्खला, सुनकोशी, दुधकोशी, रावा, सावा, साप्सुजस्ता नदीनालाहरू, दिप्रुङ झरनाजस्ता छाँगाछहरा आदिले खोटाङ जिल्लालाई रमणीय बनाएको छ । खोटाङ जिल्लाको मुख्य व्यवसाय खेती र पशुपालन हो । यसपछि वैदेशिक रोजगार, शिक्षण, सरकारी जागिर र व्यापार पनि यस जिल्लाका वासिन्दाको पेसा हो ।

यातायात, सञ्चार, विद्युतजस्ता भौतिक पूर्वाधार विकासका दृष्टिले पछिपरेको खोटाङ जिल्ला साहित्यका दृष्टिले निकै उर्वर छ । आजसम्मको खोजमा रङ्गनाथ भट्टराई (१८५०-१९२८) खोटाङ्का पहिला कवि/सर्जक हुन् । यसपछि अहिलेसम्म सयौंका सङ्ख्यामा सर्जकहरू देखापरेका छन् । कविता, कथा, उपन्यास, नाटक, निबन्धजस्ता साहित्यका विविध विधामा खोटाङ जिल्लाका सर्जकहरूले कलम चलाएका छन् । यसक्रममा ८० जनाभन्दा बढी खोटाङ जिल्लाका कविका १२० जति पुस्तकाकार कविताकृति प्रकाशित छन् । त्यस्तै एकदर्जन जति कथाकारका दुईदर्जनभन्दा बढि पुस्तकाकार कथाकृति, करिब आधादर्जनजति नाटककारका एक दर्जनजति नाट्यकृति, १६ जना उपन्यासकारका ३१ वटा जति उपन्यास, करिब एकदर्जन समालोचकका दुईदर्जनजति समालोचना र निबन्ध तथा अन्य विधामा करिब डेढदर्जन स्रष्टाका तीन दर्जनजति पुस्तकाकार कृति प्रकाशित छन् ।

खोटाङ जिल्लाका चन्द्र नेपालीका 'नौ चेलीको माइती, प्रेममाया, जयश्री, बाबरी, बिहीबारेहाट', तेजप्रसाद उपाध्यायको 'आकासिइदै गयो आकाश', मोहन विरहीका 'मिलन, एउटा जीवन एउटा मृत्यु' र 'गाउँले नानी', विश्वगोपाल लम्सालका 'आवरण, प्रतिशोध, अन्तिम परिच्छेद, समर्पण' र 'कलङकिनी', कल्पना प्रधानका 'खरायो र छायाँ', 'ल्वाँदे र ग्वाँदे' र 'पराक्रमी फर्सी', खेमराज खनालको 'काठमाडौँदेखि मास्कोसम्म', विष्णु आभूषणको 'अनायास', शिवकुमार राईको 'क्षितिज पारिमा', रामकृष्ण वान्तवाको 'खरानी, आत्मा, राधाराम, आमाछोरी' र 'सघन तुवाँलो', धनप्रसाद सुवेदी 'श्रमिक'को 'सानो स्वार्थ भयङ्कर अपराध' रत्न सुन्चेउरीको 'सीमा', शालिक शातासकको 'प्यारुला' र प्रेम पाख्रिनको 'लक्ष्य' उपन्यास प्रकाशित भएको पाइन्छ । यीबाहेक रामकृष्ण राईको 'कालोपर्दा', रामप्रसाद रेग्मीको 'समेटिएको आँसु' उपन्यास प्रकाशित भएको सूचना छ । त्यस्तै कृष्णकुमार राईको चाम्लिङ भाषामा लेखिएको उपन्यास 'खोचिलिपा' प्रकाशित भएको पाइन्छ ।

चन्द्र नेपाली खोटाङ जिल्लाका पुराना उपन्यासकार हुन् । उनी मूलतः सामाजिक यथार्थवादी उपन्यासकार हुन् । मनोविश्लेषण र प्रगतिशीलता पनि चन्द्र नेपालीका प्रवृत्तिगत विशेषता हुन् । नेपाली ग्रामीण पहाडी तथा तराईको परिवेशमा नेपालीका उपन्यासहरू लेखिएका छन् । समाजका विकृति, विसङ्गति पक्षको चित्रणका साथै यस्ता विकृत पक्षको सुधार तथा परिवर्तनको चाहना उपन्यासकार नेपालीका उपन्यासमा पाइने विशेषताहरू हुन् ।

तेजप्रसाद उपाध्यायले नेपाली समाजमा रहेको बालबिवाह, बहुबिबाहको समस्यालाई आफ्नो एउटा उपन्यासमा देखाएका छन् ।

मोहन विरहीले आफ्ना उपन्यासमा नेपाली समाजका आर्थिक तथा सामाजिक शोषण र विकृतिहरू देखाउँदै परिवर्तनको चाहना व्यक्त गरेका छन् ।

कल्पना प्रधान बालउपन्यासकार हुन् । उनले बालबालिकालाई रोचक हुने खालका विषयलाई औपन्यासिक रूप दिएकी छिन् ।

विश्वगोपाल लम्साल मूलतः मनोवैज्ञानिक विषयलाई औपन्यासिक रूप दिने उपन्यासकार हुन् । उनका उपन्यासमा नेपाली समाजमा नारीले भोग्नु परेका यौनशोषण तथा पुरुष तथा नारीको मनोवृत्तिलाई चित्रण गरिएको पाइन्छ ।

खेमराज खनालले 'काठमाडौँदेखि मास्कोसम्म' उपन्यासमा मूलतः यात्रा वर्णनलाई औपन्यासिक रूप दिएका छन् । लेखकले ६ वर्षसम्म मास्कोमा पढ्दाका अनुभूतिलाई 'मकर' पात्रका माध्यमबाट औपन्यासिकता दिएका छन् ।

विष्णु आभूषणले आफ्नो 'अनायास' उपन्यासमा ग्रामीण समाजका आर्थिक तथा सामाजिक पक्षको चित्रण गर्दै सच्चा प्रेमको विजय देखाएर सत्य र न्यायका पक्षमा वकालत गरेका छन् । मूलतः यथार्थवादी भएर पनि अन्त्यमा सत्यको विजय देखाएर आभूषणको उपन्यास टुङ्गिएको छ । शिल्प संयोजनका दृष्टिले विष्णु आभूषण खोटाङ जिल्लामा अब्बल उपन्यासकार देखिन्छन् ।

शिवकुमार राई, आफ्नो 'क्षितिज पारिमा' उपन्यासमा प्रगतिशील विचारका पक्षमा देखापरेका छन् । समाजका शोषण, अन्याय-अत्याचार आदिको विरोध गर्दै समाजसुधारको चाहना राख्नु उपन्यासकार शिवकुमार राईको विशेषता देखिन्छ ।

रामकृष्ण वान्तवाका सुरुका उपन्यास शिल्प तथा भाव दुवैमा त्यति सफल छैनन् । उनका पछिल्ला दुई उपन्यास 'आमाछोरी' र 'सघन तुवाँलो' नवीन शैलीमा महत्वपूर्ण भाव व्यक्त गर्न सफल छन् । उनको 'आमाछोरी' नारीहितका पक्षमा छ भने 'सघन तुवाँलो' अशक्त असहायहरूका पक्षका लेखिएको छ । निरन्तरको साधनाले वान्तवाका पछिल्ला उपन्यास सफल बन्दै गएका छन् ।

धनप्रसाद सुवेदी 'श्रमिक' को 'सानोस्वार्थ भयङ्कर अपराध' उपन्यासमा ग्रामीण समाजका समस्याहरू देखाउँदै ती समस्याको समाधान हुनुपर्दछ भन्ने भाव व्यक्त गरिएको छ ।

रत्न सुन्चेउरीले 'सीमा' उपन्यासमा नेपाली ग्रामीण समाजमा सोझीसिधा युवतीले भोग्नु परेका पीडालाई प्रस्तुत गरेका छन् ।

शालिक शातासकले ग्रामीण समाजका समस्याहरूका साथै किराती संस्कृतिका कतिपय सन्दर्भलाई 'प्यारुला' उपन्यासमा प्रस्तुत गरेका छन् ।

प्रेम पाख्रिन 'लक्ष्य' उपन्यासमार्फत् सचेत युवाहरूले समाजसेवामा समर्पित बन्ने लक्ष्य लिनुपर्दछ भन्न चाहन्छन् ।

यसरी खोटाङ जिल्लाका उपन्यासकारहरूले मूलतः समाजका असङ्गत-विसङ्गत पक्षको विरोध गर्दै समाज सुधारको चाहनालाई उपन्यासमार्फत् व्यक्त गरेका छन् । खोटाङ जिल्लाका सबैजसो उपन्यासकारका उपन्यासमा शिल्प पक्ष केही कमजोर देखिन्छ । धेरैजसो

उपन्यासकारले बाईस-पच्चीसको उमेरमा रहर रहरले उपन्यास लेखेको देखिन्छ । त्यसैले पनि प्रकाशनको हतारो र परिष्कारको अभावले धेरैजसो उपन्यास सिकारु सर्जकका सिर्जना जस्ता देखिन्छन् । यस्ता कमजोरी भए पनि समाजको यथार्थ चित्रणका दृष्टिले भने यी उपन्यासहरू धेरै सफल छन् ।

खोटाङ जिल्लाका उपन्यासकारमध्ये चन्द्र नेपाली, मोहन विरही, विश्वगोपाल लम्साल र रामकृष्ण वान्तवा सङ्ख्यात्मक तथा गुणात्मक रूपमा नेपाली उपन्यासपरम्परामा उल्लेखनीय उपन्यासकार हुन् । विष्णु आभूषण, शिवकुमार राई, धनप्रसाद सुवेदी 'श्रमिक' जस्ता उपन्यासकारले एक/एकवटा मात्र उपन्यास प्रकाशित गरेका छन् । सिर्जनामा निरन्तरता भएमा यी उपन्यासकारको राम्रो सम्भावना देखिन्छ । रत्न सुन्चेउरी, शालिक शातासक जस्ता उपन्यासकारको विषयवस्तुको रोजाइ र प्रस्तुतिलाई हेर्दा उनीहरूको सम्भावना पनि राम्रो देखिन्छ । कल्पना प्रधानले नेपाली बालसाहित्यमा उपन्यास विधाको सम्भावनालाई देखाइदिएकी छिन् ।

खोटाङ जिल्लाका उपन्यासकारहरूको नेपाली उपन्यासपरम्पराको आधुनिक कालको वि.सं. २०२१ पछि देखापरेका उपन्यासकारहरूले विभिन्न प्रवृत्तिका उपन्यास लेखेर नेपाली उपन्यास साहित्यलाई योगदान दिएका छन् । यसपछि यस परम्पराले निरन्तरता पाइरहेको छ ।

अन्त्यमा, खोटाङ जिल्लाको सन्दर्भबाट निम्न शीर्षकमा शोधकार्य हुन आवश्यक देखिन्छ ।

(क) चन्द्र नेपालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

(ख) मोहन विरहीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

(ग) विश्वगोपाल लम्सालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

(घ) रामकृष्ण वान्तवाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

(ङ) विष्णु आभूषणको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

(च) उपन्यासकार चन्द्र नेपाली

(छ) उपन्यासकार मोहन विरही

(ज) उपन्यासकार विश्वगोपाल लम्साल

(झ) उपन्यासकार रामकृष्ण वान्तवा आदि ।

# विषयसूची


**शोधनिर्देशकको सिफारिस**

**स्वीकृति पत्र**

**कृतज्ञता ज्ञापन**

**सङ्क्षेपीकृत सूची**

**विषयसूची**

**परिच्छेद- एक** १

**शोधपरिचय** ६

१.१ शोधशीर्षक ६

१.२ शोधपत्रको प्रयोजन ६

१.३ विषयपरिचय ६

१.४ समस्याकथन ७

१.५ शोधको उद्देश्य ७

१.६ पूर्वकार्यको समीक्षा ८

१.७ शोधकार्यको औचित्य, उपयोगिता र महत्व ९

१.८ शोधकार्यको सीमाङ्कन १०

१.९ शोधविधि १०

१.१० शोधपत्रको रूपरेखा ११

**परिच्छेद- दुई** १२

**खोटाङ जिल्लाको साहित्यिक पृष्ठभूमि र परम्परा** १२

२.१ खोटाङ जिल्लाको सङ्क्षिप्त परिचय १२

२.१.१ परिचय १२

२.१.२ नामकरण १२

२.१.३ ऐतिहासिक पृष्ठभूमि १३

२.१.४ भौगोलिक तथा प्राकृतिक परिचय १४

२.१.५ जनसङ्ख्या, भाषा, धर्म, संस्कृती १५

२.१.६ शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार १६

२.१.७ राजनीतिक अवस्था १७

२.२ खोटाङ जिल्लाको साहित्यिक पृष्ठभूमि र वातावरण १७

२.२.१ लोकसाहित्य १७

२.२.२ अभिलेख १८

२.२.३ साहित्य सिर्जनाको परिवेश १८

२.३ खोटाङ जिल्लाको साहित्यिक परम्परा १९

२.३.१ प्रारम्भ १९

२.३.२ खोटाङ जिल्लाका कवि, गीतकारहरू र गजलकारहरू २०

२.३.३ खोटाङ जिल्लाका कथाकारहरू ३०

२.३.४ खोटाङ जिल्लाका उपन्यासकारहरू ३१

२.३.५ खोटाङ जिल्लाका नाटककारहरू ३३

२.३.६ खोटाङका निबन्धकार तथा गद्यलेखक ३३

यीबाहेक राई (किराती ) भाषामा विभिन्न पुस्तक, पाठ्यपुस्तक प्रकाशित भएका छन् । ३८

२.३.७ खोटाङ जिल्लाका समालोचकहरू ३८

२.३.८ खोटाङ जिल्लामा पुस्तकालय ३९

२.३.९ साहित्यका लागि सामूहिक प्रयत्न (सङ्घ/संस्था, आन्दोलन) ४२

२.३.९ खोटाङको साहित्यिक विकासमा व्यक्तिगत योगदान ४५

२.३.१० पत्रपत्रिका प्रकाशन ४६

**परिच्छेद- तीन** **५४**

**खोटाङ जिल्लाका उपन्यासकारहरूको सङ्क्षिप्त परिचय** **५४**

३.१ चन्द्र नेपाली (१९९२-२०४८) ५४

३.१.१ नौचेलीका माइती ५६

३.१.२ बाबरी ५६

३.१.३ बिहीबारे हाट ५७

३.२ तेजप्रसाद उपाध्याय पोखरेल (१९९३) ५७

३.२.१ आकासिइदै गयो आकाश ५७

३.३ मोहन विरही (२००२-२०५५) ५८

३.३.१ गाउँले नानी ५९

३.४ विश्वगोपाल लम्साल (२००३) ५९

३.४.१ अन्तिम परिच्छेद ६०

३.४.२ कलंकिनी ६०

३.५ कल्पना प्रधान (२००३) ६०

३.५.१ खरायो र छायाँ ६१

३.५.२ ल्वाँदे र ग्वाँदे ६२

३.५.३ पराक्रमी फर्सी ६२

३.६ खेमराज खनाल 'खखेरा'(२००४) ६२

३.६.१ काठमाडौँदेखि मास्कोसम्म ६२

३.७ विष्णु 'आभूषण' (२०२०) ६३

३.७.१ अनायास ६४

३.८ शिवकुमार राई (२०२१) ६४

३.८.१ क्षितिज पारिमा ६४

३.९ रामकृष्ण वान्तवा (२०२३) ६५

३.९.१ खरानी ६५

३.९.२ आत्मा ६६

३.९.३ राधाराम ६६

३.९.४ आमाछोरी ६७

३.९.५ सघन तुवाँलो ६७

३.१० धनप्रसाद सुवेदी 'श्रमिक' (२०२६) ६८

३.१०.१ सानो स्वार्थ भयङ्कर अपराध ६९

३.११ रत्न सुन्वेउरी ६९

३.११.१ सीमा ६९

३.१२ शालिक शातासक ७०

३.१२.१ प्यारुला ७०

३.१३ प्रेम पाखिन (२०४१) ७१

३.१३.१ लक्ष्य ७१

**परिच्छेद-चार** ७२

**खोटाङ जिल्लाका प्रतिनिधि उपन्यासहरूको अध्ययन** ७२

४.१ उपन्यासको अध्ययनका आधारहरू ७२

४.१.१. चन्द्र नेपालीको ‘बिहिबारे हाट’ ७३

४.१.१.१ कथानक ७३

४.१.१.२ चरित्र र चरित्रचित्रण ७४

४.१.१.३ पर्यावरण ७४

४.१.१.४ दृष्टिबिन्दु ७५

४.१.१.५ सारवस्तु ७५

४.१.१.६ भाषा ७५

४.१.१.७ प्रतीक र बिम्ब ७५

४.१.१.८ गति र लय ७६

४.१.१.९ निष्कर्ष ७६

४.१.२. तेजप्रसाद उपाध्याय पोखरेलको ‘आकासिइदै गयो आकाश’ ७६

४.१.२.१ कथानक ७६

४.१.२.२ चरित्र र चरित्रचित्रण ७७

४.१.२.३ पर्यावरण ७७

४.१.२.४ दृष्टिबिन्दु ७७

४.१.२.५ सारवस्तु ७७

४.१.२.६ भाषा ७८

४.१.२.७ प्रतीक र बिम्ब ७८

४.१.२.८ गति र लय ७८

४.१.२.९ निष्कर्ष ७८

४.१.३ मोहन विरहीको ‘गाउँले नानी’ ७८

४.१.३.१ कथानक ७८

४.१.३.२ चरित्र र चरित्रचित्रण ७९

४.१.३.३ पर्यावरण ७९

४.१.३.४ दृष्टिबिन्दु ८०

४.१.३.५ सारवस्तु ८०

४.१.३.६ भाषा ८०

४.१.३.७ प्रतीक र बिम्ब ८०

४.१.३.८ गति र लय ८०

४.१.३.९ निष्कर्ष ८१

४.१.४ विश्वगोपाल लम्सालको ‘अन्तिम परिच्छेद’ ८१

४.१.४.१ कथानक ८१

४.१.४.२ चरित्र र चरित्रचित्रण ८२

४.१.४.३ पर्यावरण ८२

४.१.४.४ दृष्टिबिन्दु ८२

४.१.४.५ सारवस्तु ८३

४.१.४.६ भाषा ८३

४.१.४.७ प्रतीक र बिम्ब ८३

४.१.४.८ गति र लय ८३

४.१.४.९ निष्कर्ष ८३

४.१.५ कल्पना प्रधानको ‘ल्वाँदे र ग्वाँदे’ ८४

४.१.५.१ कथानक ८४

४.१.५.२ चरित्र र चरित्रचित्रण ८४

४.१.५.३ पर्यावरण ८४

४.१.५.४ दृष्टिविन्दु ८४

४.१.५.५ सारवस्तु ८५

४.१.५.६ भाषा ८५

४.१.५.७ प्रतीक र बिम्ब ८५

४.१.५.८ गति र लय ८५

४.१.५.९ निष्कर्ष ८५

४.१.६ खेमराज खनाल 'खखेरा' को 'काठमाडौँदेखि मास्कोसम्म' ८५

४.१.६.१ कथानक ८५

४.१.६.२ चरित्र र चरित्रचित्रण ८६

४.१.६.३ पर्यावरण ८६

४.१.६.४ दृष्टिबिन्दु ८६

४.१.६.५ सारवस्तु ८७

४.१.६.६ भाषा ८७

४.१.६.७ प्रतीक र बिम्ब ८७

४.१.६.८ गति र लय ८७

४.१.६.९ निष्कर्ष ८७

४.१.७ विष्णु आभूषणको 'अनायास' ८८

४.१.७.१ कथानक ८८

४.१.७.२ चरित्र र चरित्रचित्रण ८८

४.१.७.३ पर्यावरण ८९

४.१.७.४ दृष्टिबिन्दु ८९

४.१.६.५ सारवस्तु ८९

४.१.७.६ भाषा ८९

४.१.७.७ प्रतीक र बिम्ब ९०

४.१.७.८ गति र लय ९०

४.१.७.९ निष्कर्ष ९०

४.१.८ शिवकुमार राईको 'क्षितिज पारिमा' ९०

४.१.८.१ कथानक ९०

४.१.८.२ चरित्र र चरित्रचित्रण ९१

४.१.८.३ पर्यावरण ९१

४.१.८.४ दृष्टिबिन्दु ९२

४.१.८.५ सारवस्तु ९२
४.१.८.६ भाषा ९२
४.१.८.७ प्रतीक र बिम्ब ९२
४.१.८.८ गति र लय ९३
४.१.८.९ निष्कर्ष ९३
४.१.९ रामकृष्ण वान्तवाको ‘सघन तुवाँलो’ ९३
४.१.९.१ कथानक ९३
४.१.९.२ चरित्र र चरित्रचित्रण ९४
४.१.९.३ पर्यावरण ९४
४.१.९.४ दृष्टिबिन्दु ९४
४.१.९.५ सारवस्तु ९४
४.१.९.६ भाषा ९५
४.१.९.७ प्रतीक र बिम्ब ९५
४.१.९.८ गति र लय ९५
५.१.९.९ निष्कर्ष ९६
४.१.१० धनप्रसाद सुवेदी ‘श्रमिक’ को ‘सानो स्वार्थ भयङ्कर अपराध’ ९६
४.१.१०.१ कथानक ९६
४.१.१०.२ चरित्र र चरित्रचित्रण ९७
४.१.१०.३ पर्यावरण ९७
४.१.१०.४ दृष्टिबिन्दु ९८
४.१.१०.५ सारवस्तु ९८
४.१.१०.६ भाषा ९८
४.१.१०.७ प्रतीक र बिम्ब ९८
४.१.१०.८ गति र लय ९९
४.१.१०.९ निष्कर्ष ९९
४.१.११ रत्न सुन्चेउरीको ‘सीमा’ ९९
४.१.११.१ कथानक ९९

४.१.११.२ चरित्र र चरित्रचित्रण १००

४.१.११.३ पर्यावरण १००

४.१.११.४ दृष्टिबिन्दु १००

४.१.११.५ सारवस्तु १००

४.१.११.६ भाषा १००

४.१.११.७ प्रतीक र बिम्ब १०१

४.१.११.८ गति र लय १०१

४.१.११.९ निष्कर्ष १०१

४.१.१२ शालिक शातासकको 'प्यारुला' १०१

४.१.१२.१ कथानक १०१

४.१.१२.२ चरित्र र चरित्रचित्रण १०२

४.१.१२.३ पर्यावरण १०२

४.१.१२.४ दृष्टिबिन्दु १०३

४.१.१२.५ सारवस्तु १०३

४.१.१२.६ भाषा १०३

४.१.१२.७ प्रतीक र बिम्ब १०३

४.१.१२.८ गति र लय १०३

४.१.१२.९ निष्कर्ष १०३

४.१.१३ प्रेम पाखिनको 'लक्ष्य' १०४

४.१.१३.१ कथानक १०४

४.१.१३.२ चरित्र र चरित्रचित्रण १०४

४.१.१३.३ पर्यावरण १०५

४.१.१३.४ दृष्टिबिन्दु १०५

४.१.१३.५ सारवस्तु १०५

४.१.१३.६ भाषा १०५

४.१.१३.७ प्रतीक र बिम्ब १०५

४.१.१३.८ गति र लय १०६

४.१.१३.९ निष्कर्ष १०६

४.२ नेपाली उपन्यास परम्परामा खोटाङ जिल्लाको योगदान १०६

४.३ निष्कर्ष ११०

**परिच्छेद- पाँच** **१११**

**उपसंहार तथा निष्कर्ष** **१११**

सन्दर्भग्रन्थसूची